# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

गौतम (२०६१ :८) अनुसार वाक्यभन्दा माथिल्लो एकाइलाई सङ्कथन भनिन्छ । अर्थात भाषामा रहेका वाक्य बिचको सम्बन्ध र त्यसबाट प्राप्त हुने सम्प्रेषणात्मक क्षमता भएको भाषिक एकाइलाई सङ्कथन भनिन्छ । सङ्कथन वाक्यभन्दा ठूलो र पाठात्मक प्रकृतिको हुन्छ । सङ्कथन कथ्य र लेख्य गरी दुई प्रकारको हुन्छ ।

कथ्य सङ्कथन पुरानो ढाँचाको पद्धति हो । यसमा बोलीचालीका भाषा सङ्लग्न हुने गर्दछन् । जसमा गफ, कुराकानी, गाली, ठट्यौली, कथाकथन, विवाद, छलफल, आज्ञा, निर्देशन, प्रश्नोत्तर, माफी मगाइ, सपथ, सान्त्वना, प्रशंसा आदि जस्ता मौखिक अभिव्यक्ति पर्दछन् । यो मुख्य गरी सामाजिक परिवेश र घटनासँग सम्बन्धित हुन्छ । कथ्य सङ्कथन वक्ता र श्रोताको आमने सामनेको स्थितिमा मात्र सम्पन्न हुन सक्छ ।

त्यस्तै लेख्य सङ्कथन विशेष गरी भाषिक सामग्रीमा बढी निर्भर रहने गर्दछ । कथ्य सङ्कथनको जस्तो प्रस्तोता निम्न साक्षर नभई प्राज्ञिक हुनु पर्दछ । लेख्य सङ्कथन पाठक सामुन्नेमा रहँदैन । लेख्य सङ्कथन कथ्य सङ्कथनको तुलनामा बढी औपचारिक र जटिल प्रकृतिको हुन्छ ।

ढकाल (२०६५ :१०) अनुसार सङ्कथन सिङ्गो भाषिक एकाइ भएकाले यसलाई अझ प्रभावकारी बनाउने केही तत्त्वहरू घटित छन् जसमा प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरुप, शीर्षक वा विषय, कोड, परिवेश, आदि पर्दछन् । त्यस्तै युक्ति अन्तर्गत, संसक्ति र संयुक्ति पर्दछ । यसको अध्ययन विश्लेषण प्रस्तुत शोधमा गरिन्छ ।

सङ्कथन भाषाको अनिवार्य घटक भएकोले यसको आवश्यकता अध्ययन विश्लेषणका हिसाबले महत्त्वपूर्ण रहेको छ । चाहे त्यो कथ्य होस् चाहे त्यो लेख्य सङ्कथन होस् । यदि पाठमा सङ्कथनको तालमेल छैन भने विषयवस्तु वा पाठ बोधगम्यताका हिसाबले भद्रगोल हुन पुग्छ । मानवीय अनुभवलाई भाषिक एकाइमा उन्ने अस्त्र सङ्कथन भएकोले भाषिक अध्ययनका विविध क्षेत्र जस्तै : कथा, निबन्ध, जीवनी, नियात्रा, संस्मरण, चिठी, विज्ञापन, सूचना आदिका

क्षेत्रमा सङ्कथनको उपस्थिति महत्त्वपूर्ण रहेको छ । यस दृष्टिले प्रस्तुत गोधूलि संसार निबन्धको अध्ययन तथा विश्लेषण गर्न खोजिएको छ ।

## १.२ समस्याकथन

टाउनस्याण्ड (१९५३) का अनुसार "समाधानका निम्ति प्रस्तावित प्रश्नलाई नै समस्या भनिन्छ ।" त्यस्तै कलिङ्गर (१९८३) का अनुसार "दुई वा बढी चरको बिचमा कस्तो सम्बन्ध छ भनी सोधिने प्रश्नात्मक भनाइ नै समस्या हो" । गुड र स्क्याट (१९५४) का अनुसार "शोध समस्या दुई वा सोभन्दा बढी चरहरूको सम्बन्धमा आधारित हुन्छ ।" शोधकार्यमा गरिने विषयवस्तुका बारेमा राखिएका प्रश्नहरू नै शोधसमस्या हुन् । शोधमा विशिष्ट प्रश्नको जवाफ तार्किक र वस्तुनिष्ठ तवरले खोजिने हुनाले शोधका निम्ति महत्त्वपूर्ण पथप्रदर्शक हुन्छन् । समस्याकथनको भाषा प्रश्नार्थक किसिमको हुन्छ ।

वास्तवमा कुनै पनि विषय वस्तुमा आवश्यकता अनुसार खोज अन्वेषण गर्नु नै अनुसन्धान हो । अनुसन्धान गर्दा जुनसुकै विषयवस्तुको पनि समस्या पहिचान गरी त्यसका सम्बन्धमा अध्ययन विश्लेषण र अनुसन्धान गरिनु पर्दछ । शोध कार्यका लागि समस्या आवश्यक कुरा हो । कुनै पनि अनुसन्धान विषयवस्तु नै त्यस अनुसन्धानको समस्या हो । अर्थात् प्राज्ञिक कौतुहलता नै शोधकार्यको समस्या हो ।

प्रस्तुत शोधप्रस्ताव 'गोधूलि संसार' निबन्धलाई विभिन्न भाषिक कोणबाट विश्लेषण गर्न सकिन्छ । प्रायोगिक भाषाविज्ञान अन्तर्गतको सङ्कथन विश्लेषणलाई प्रयोग गरी निर्धारित पाठको विश्लेषण गरिन्छ । अर्थात् प्रस्तुत शोधको मुख्य समाधेय समस्या नै 'गोधूलि संसार' निबन्धको सङ्कथन विश्लेषण गर्नु रहेको छ । सङ्कथन विश्लेषणअन्तर्गत भाषिक र आर्थिक दुई पक्षबाट प्रस्तुत पाठको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका मुख्य समस्या बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) 'गोधूलि संसार' निबन्धमा के कस्ता संसक्ति प्रयोग भएका छन् ?

(ख) उक्त निबन्धमा के कस्ता संयुक्ति प्रयोग भएका छन् ?

(ग) उक्त निबन्ध संसक्ति र संयुक्तिका दृष्टिले के कस्तो छ ?

(घ) उक्त निबन्धमा सन्दर्भनको प्रयोग के कस्तो छ ?

यिनै चारवटा मुख्य शोध समस्यालाई लिएर प्रस्तुत अध्ययन कार्य समाधानतर्फ अघि बढेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

कुनै पनि कार्य गर्नुका पछाडि निश्चित उद्देश्य रहेका हुन्छन् ,उद्देश्य विनाका कार्य औचित्यहीन हुने हुँदा यसै तथ्यलाई आत्मसात गरी प्रस्तुत शोध कार्य अघि बढेको छ । बन्धू र गौतम ( २०६५:३ ) ले ज्ञानलाई विकसित गर्न, नयाँ ज्ञानको खोजी गर्न, सामाजिक जीवनलाई जान्न, समस्या विशेषको समाधान गर्न, अज्ञातलाई ज्ञात गराउन, नया सिद्धान्तको प्रतिपादन गर्न, पुरानो सिद्धान्तको पुनरावलोकन आदि गर्न उद्देश्यले उल्लेख्य भूमिका खेल्ने कुरा दर्साएका छन् ।

समग्रमा भन्नु पर्दा समस्याकथनका क्रममा उठाइएका मूलभूत प्रश्नहरूको समाधान गर्नु नै उद्देश्य हो । समस्याकथनमा उठाइएका विषयवस्तुलाई क्रमबद्ध तरिकाले समाधान गर्नु नै प्रस्तुत शोधकार्यको उद्देश्य हो । यस शोधका उद्देश्य निम्नानुसार रहेका छन् :

(क) 'गोधूलि संसार' निबन्धमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण गर्नु,

(ख) उक्त निबन्धमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण गर्नु,

(ग) संसक्ति र संयुक्तिका दृष्टिले निर्दिष्ट निबन्धको विश्लेषण गर्नु,

(घ) सन्दर्भनका दृष्टिले निर्दिष्ट निबन्धको समीक्षण गर्नु ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि क्षेत्रमा अध्ययन विश्लेषण गर्नु आफैमा जटिल कार्य हो । अध्ययन तथा विश्लेषणको क्षेत्र विस्तृत र व्यापक हुने भएकोले औचित्यको आधारमा क्षेत्र र परिधिको निर्धारण गरिन्छ । कुनै कार्य थालनी गर्दा औचित्यपूर्ण वा अर्थपूर्ण भएमा मात्र त्यस कार्यले निश्चित उद्देश्य हासिल गर्न सक्छ । प्रस्तुत शोधकार्य सो अभिष्टको परिधिमा रहेर सङ्कथन विश्लेषणको सैद्धान्तिक आधारमा 'गोधूलि संसार' निबन्धको सङ्कथन विश्लेषण गरिएको छ । सबै सङ्कथन अर्थपूर्ण एकीकृत र सन्दर्भपरक हुने हुँदा अभिव्यक्तिको समग्रता पहिल्याउन यसको विश्लेषण गरिनु पर्दछ । अभिव्यक्तिमा निहित सही र सन्दर्भपूर्ण अर्थ उद्घाटन गर्ने-गराउने कार्य सङ्कथन विश्लेषण अन्तर्गत गरिने हुनाले 'गोधूलि संसार' निबन्धको सङ्कथन विश्लेषणमा यसको औचित्य गहन रुपमा देखा पर्दछ ।

यसरी भाषाको महत्त्वपूर्ण पाटोको रुपमा भूमिका खेल्ने सङ्कथन भाषा शिक्षणका क्षेत्रमा अति आवश्यक छ । तसर्थ प्रस्तुत अध्ययनबाट सङकथनका क्षेत्रमा अध्ययन गर्न चाहने जो कोहीलाई पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसका साथै लेखक, समालोचक, नीति निर्माता, पाठ्यक्रम/पाठ्यपुस्तक निर्माता आदि सबैलाई सहयोग पुऱ्याउने हुँदा अध्ययनको औचित्य यस शोधकायबाट अझ प्रस्ट हुन्छ ।

## १.५ शोधको परिसीमन

कुनै पनि अध्ययन अनुसन्धानको क्षेत्र, परिवेश तथा सामग्री आदिका दृष्टिले व्यापक र विस्तृत रहने हुनाले सबै क्षेत्रलाई समेट्न गाह्रो हुने हुँदा अध्ययनको क्षेत्र र सीमालाई निश्चित रुपमा तोक्नु पर्ने हुन्छ । तसर्थ प्रस्तुत शोधकार्य पनि 'गोधूलि संसार' निबन्धको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको छ । 'गोधूलि संसार' निबन्धलाई विभिन्न भाषिक कोणबाट अङ्गाली व्याख्या र विश्लेषण गर्न सकिन्छ तर प्रस्तुत अध्ययनमा प्रायोगिक भाषविज्ञानको नवीन आयाम ठानिएको सङ्कथन विश्लेषण र त्यसको पनि संसक्ति, संयुक्ति जस्ता युक्ति र सन्दर्भका आधारमा मात्र विश्लेषण गरिएको छ । यही नै यसको सीमा अन्तर्गत प्रस्तुत गरिएको छ ।

समग्रमा यस शोधकार्यको परिसीमनलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

(क) प्रस्तुत शोधकार्य 'गोधूलि संसार' निबन्धको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत शोधकार्यमा निर्धारित पाठको भाषिक र अभाषिक पक्षलाई अङ्गाली व्याख्या र विश्लेषण गरिएको छ ।

(ग) प्रस्तुत शोधकार्यमा निर्धारित पाठलाई सङ्कथनका युक्तिहरू (संसक्ति र संयुक्ति) का माध्यमले व्याख्या, विश्लेषण र पहिचान, गरिएको छ ।

(घ) प्रस्तुत शोधलाई सन्दर्भनका दृष्टिले व्याख्या र विश्लेषण गरिएको छ ।

## १.६ शोधविधि

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि विभिन्न किसिमका तौर तरिका वा अध्ययन विधि अपनाउनु पर्दछ । अध्ययन विधिले अनुसन्धानमा सहजता निर्माण गर्ने काम गर्दछ । तसर्थ प्रस्तुत अध्ययनमा पनि पुस्तकालयीय अध्ययन विधि

प्रयोग गरी सामग्री सङ्कलन र विश्लेषण गरिएको छ । अनुसन्धान विधिका चरणहरू निम्नानुसार उल्लेख गरिएको छ :

(क) तथ्याङ्क सङ्कलन

(ख) तथ्याङ्कको व्याख्या विश्लेषण

(ग) सामग्रीहरूको तुलना, मूल्याङ्कन र प्रस्तुतीकरण

## (क) तथ्याङ्क सङ्कलन

तथ्याङ्क सङ्कलन भन्नाले कुनै पनि कार्य सम्पन्न गर्नका लागि जरुरी विषयवस्तुको जोरजामका रुपमा बुझिन्छ । प्रस्तुत शोधकार्यको तथ्याङ्क सङ्कलन कार्य निम्न दुई चरणमा गरिएको छ :

### (अ) प्राथमिक सामग्री

व्यक्ति स्वयम् सम्बन्धित स्थानमा पुगी तयार पारेको सामग्रीलाई प्राथमिक सामग्री भनिन्छ । प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोत सामग्री अन्तर्गत सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार 'गोधूलि संसार' निबन्धबाट लिइएको छ ।

### (आ) द्वितीयक सामग्री

आफैले सामग्री सङ्कलन नगरी अन्य व्यक्ति वा संस्थाले प्रयोग गरेको सामग्रीलाई अनुसन्धानकर्ताले प्रयोग गर्दछ भने त्यस्तो सामग्रीलाई द्वितीयक सामग्री भनिन्छ । प्रस्तुत शोधकार्यमा द्वितीयक सामग्रीअन्तर्गत सङ्कथन विश्लेषणमा भएका पूर्वकार्य, सङ्कथन सम्बन्धी प्रकाशित लेख रचना, खोजमूलक रचना तथा विशेषज्ञका सल्लाह सुझाव आदि रहेका छन् ।

## (ख) तथ्याङ्कको व्याख्या विश्लेषण

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त सामग्रीलाई व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाको अवलम्वन गरी निष्कर्ष निकालिएको छ । ताालिका र स्तम्भ चित्रका माध्यमबाट प्रस्तुत शोधको व्याख्या र विश्लेषण गरिएको छ ।

### (ग) सामग्रीहरूको तुलना , मूल्याङ्कन र प्रस्तुतीकरण

प्रस्तुत शोधकार्यमा पूर्व शोधकार्यमा प्रयोग भएका सामग्रीहरू र प्रस्तुत शोधकार्यमा प्रयोग हुन सक्ने सामग्रीहरूको तुलना र मूल्याङ्कन गरी यस शोध कार्य प्रस्तुत भएको छ । जस अन्तर्गत पूर्व शोधकार्यमा सम्बद्धक र सम्बद्धनलाई सम्बन्धित पाठसँग गरिएका तालिकाबद्ध व्याख्या र विश्लेषणका आधारमा तुलना र मूल्याङ्कन गरी प्रस्तुत शोधमा तालिकाबद्ध व्याख्या र विश्लेषणका अतिरिक्त स्तम्भ चित्रका माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत शोधको निबन्धमा प्रयुक्त भएका संसक्तिलाई वाक्य -वाक्य बिचमा तालिकाद्वारा र सङ्ख्यात्मक स्थितिलाई स्तम्भ चित्रका माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ । त्यसैगरी संयुक्तिलाई वाक्य -वाक्य र अनुच्छेद- अनुच्छेदका बिचमा तालिकाद्वारा व्याख्या विश्लेषण र पहिचान गरिएको छ ।

## १.७ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित तुल्याउनका लागि शोधपत्रलाई छ अध्यायमा विभाजित गरी निम्नानुसारको रुपरेखामा प्रस्तुत गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय

अध्याय तिन : 'गोधूलि संसार' निबन्धमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

अध्याय चार : 'गोधूलि संसार' निबन्धमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

अध्याय पाँच : 'गोधूलि संसार' निबन्धको सन्दर्भ विश्लेषण

अध्याय छ : सारांश, निष्कर्ष र उपयोगिता

# अध्याय : दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको पुनरावलोकन

शोधकार्य गर्नुपूर्व आफूभन्दा पहिले सम्बन्धित क्षेत्रमा के कस्ता अध्ययन अनुसन्धान भएका छन् भनी जान्न आवश्यक हुन्छ । यसबाट आफ्नो अनुसन्धान नयाँ र महत्त्वपूर्ण छ कि छैन भन्ने थाहा हुनुको साथै अध्ययन गर्ने तरिका समेत थाहा हुन्छ । पूर्वकार्यमा भइसकेका सकरात्मक र नकरात्मक दुवै पक्षको र आफूले गर्न लागेको अध्ययनको विषय वस्तुसँग तुलना गरिन्छ । अतः पुनरावलोकन शोधकार्यको शुरुबाट अन्त्य नहुन्जेलसम्म निरन्तर चलिरहने प्रक्रिया हो ।

सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको एउटा शाखा हो । सन् १९५२ देखि औपचारिक रूपमा शुरु भएको सङ्कथन विश्लेषणका क्षेत्रमा नेपाली भाषामा असाध्यै थोरै मात्र पूर्वकार्य भएका छन् । अझ 'गोधूलि संसार' निबन्धमा आधारित भएर सङ्कथन विश्लेषण कार्य त भएकै छैन । प्रस्तुत अध्ययनमा नेपाली भाषाइतरमा भएका पूर्वकार्यलाई समेटिने छैन । नेपाली भाषासँग सम्बन्धित भएर केही पूर्व कार्य भएका छन् । तिनै कार्यलाई प्रस्तुत अध्ययनमा पूर्वकार्यको पुनरावलोकन अन्तर्गत समेटिएको छ ।

## २.२ सैद्धान्तिक पूर्वकार्यको पुनरावलोकन

सैद्धान्तिक पूर्वकार्यको पुनरावलोकन अन्तर्गत  पुस्तक वा ग्रन्थमा विभिन्न लेखकहरूद्वारा सङ्कथन विश्लेषण सम्बन्धी अवधारणाहरू प्रस्तुत गरिएको पाइन्छ । तिनै पुस्तक वा ग्रन्थमा उल्लेख गरिएका केही कुराहरूलाई यस सैद्धान्तिक पूर्वकार्यको पुनरावलोकन अन्तर्गत समेटिएको छ ।  जुन निम्नानुसार रहेका  छन् :

अधिकारी (२०६५) द्वारा *सामाजिक र प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा सैद्धान्तिक चर्चा गरिएको छ । यसमा  सङ्कथनको सैद्धान्तिक रूप सङ्कथनमा अन्तर्निहित सम्बद्धक र सम्बद्धनको चर्चा गरिएको छ । साथै यसमा  सम्बद्धकका प्रकारलाई पनि छुट्याइएको छ । साथै यसमा उनले सङ्कथनका तत्त्वहरू (प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरुप, शीर्षक/विषय, कोड, परिवेश) का साथै उक्त पुस्तकमा भाषा शिक्षण

सङ्कथनमा स्वभाविक रुपमा केन्द्रित रहन्छ भन्ने कुरा उल्लेख गरिएको छ । त्यसकारण उक्त पुस्तकलाई प्रस्तुत शोधको सहयोगी सामग्रीको रुपमा लिइएको छ ।

लम्साल र अन्य (२०६७) द्वारा *प्रायोगिक भाषाविज्ञान* भन्ने पुस्तकमा सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ । यसमा मौखिक र लिखित भाषाका वाक्यले कसरी अनुच्छेद, संवाद अन्तर्वार्ता आदि बृहत सार्थक एकाइ निर्माण गर्दछन् भन्ने बारेमा उल्लेख गरिएको छ । साथै उक्त पुस्तकमा सम्बद्धक र सम्बद्धन, सङ्कथनका प्रकार (कथ्य र लेख्य), भाषा शिक्षणमा सङ्कथन विश्लेषणको उपयोगिता, सङकथन विश्लेषणका पद्धति (अधोगमन र उर्ध्वगमन) आदिको चर्चा गरिएको छ । तसर्थ उक्त पुस्तकले पनि प्रस्तुत शोधलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

भण्डारी र अन्य (२०६७) द्वारा *सामान्य भाषाविज्ञान* नामक पुस्तकमा सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ । जसमा सङकथनलाई भाषिक एकाइको उच्चतम रुप मानिएको छ । यसमा सङ्कथनका प्रकारहरू (कथ्य र लेख्य), सङ्कथनका युक्तिहरू (सम्बद्धक र सम्बद्धन), सङ्कथनका तत्त्व (सार्वनामिक, कालिक, दैशिक आदि) लाई चिनाउँदै सङ्कथनले पाठको अन्विति गराउन कस्तो भूमिका खेल्न सक्छ भन्ने कुरा उल्लेख गरिएको छ । साथै यस पुस्तकमा विशेष गरी सम्बद्धकलाई समन्वयकर्ताको भूमिका निभाउने विषयवस्तुका रुपमा चर्चा गरिएको छ । उक्त पुस्तकलाई प्रस्तुत शोधको सहयोगी सामग्रीको रुपमा लिइएको छ ।

ढुङ्गेल र दाहाल (२०६८) द्वारा *प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सङ्कथन विश्लेषणको चर्चा गरिएको छ । सङ्कथन विश्लेषणको मूल आधारका रूपमा सम्प्रेषणात्मक प्रकार्यलाई अगि सारिएको छ । साथै उक्त पुस्तकमा सङ्कथनका प्रकारलाई सामान्य (कथ्य र लेख्य, औपचारिक र अनौपचारिक, पारस्परिक र गैर पारस्परिक, प्रबन्धनात्मक र अन्तर्क्रियात्मक) र विशिष्ट (कानुन, धर्म, पत्रकारिता, सामाजिकीकरण, साहित्य, यात्रामूलक, चिकित्सा शास्त्र, सम्प्रेषणात्मक, व्यवसायिक) दुई आधारमा विभाजन गरिएको छ । तसर्थ उक्त पुस्तकलाई प्रस्तुत शोधको सहयोगी सामग्रीको रुपमा लिइएको छ ।

ढकाल (२०६८) द्वारा *प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिइएको छ । यसका साथै भाषाका विविध एकाइ ध्वनि, वर्ण, रुप, शब्द, पदावली, वाक्यांश, वाक्य र त्यसभन्दा अझ माथिल्ला एकाइ अनुच्छेद, परिच्छेद हुँदै सिङ्गो सङ्कथन निर्माण हुने कुरा उल्लेख गरिएको छ । साथै उक्त पुस्तकमा सङ्कथनका प्रकारको

चर्चा गरिएको छ । जसमा कथ्य सङ्कथन (वक्ता, श्रोता, परिवेश, परिस्थिति र अवस्था) र लेख्य सङ्कथन (कथा, कविता, निबन्ध, नाटक, जीवनी, आदि) रहने कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा  सङ्कथनका युक्ति (सम्बद्धक र सम्बद्धन), र सङ्कथनका तत्त्व (प्रस्तोता, प्रापक, माध्यम, सूचनाको स्वरुप, विषय, भाषिक सङ्केत र परिवेश) को चर्चा गरिएको छ । साथै यसमा विधाको संरचना, त्यसको सैद्धान्तिक अवधारणा र सङ्कथन विश्लेषण गर्ने पक्षका आधारमा सङ्कथन विश्लेषण भिन्न भिन्न हुन्छन् भन्ने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

घिमिरे (२०६९) द्वारा *सङ्कथन विश्लेषण परिचय र पद्दति* शीर्षकको पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तक पूर्णतः सैद्धान्तिक पुस्तकका रूपमा आएको छ । यसमा  सङ्कथन विश्लेषण, यसका मोडेल, प्रकार्यपरक व्याकरणसँग सङ्कथन विश्लेषणका तुलना, वाक्क्रिया र सङ्कथन, समाज भाषा र सङ्कथन, कुराकानीको विश्लेषण, आलोचनात्मक सङ्कथनको विश्लेषण, उत्तर आधुनिक सङ्कथन विश्लेषण, नारीवादी सङ्कथन विश्लेषण, आख्यान विश्लेषण जस्ता पक्षको सैद्धान्तिक परिचय दिइएको छ । उक्त पुस्तकलाई प्रस्तुत शोधको  सहयोगी सामग्रीको रुपमा लिइएको  छ ।

भुसाल (२०७०) द्वारा *सामान्य भाषाविज्ञान* नामक पुस्तकमा सङ्कथनलाई सैद्धान्तिक रूपमा चर्चा गरिएको छ । साथै उक्त पुस्तकमा सङ्कथनका प्रकारलाई विधाका आधारमा कथा, कविता निबन्ध, उपन्यास तथा तिनका अंशमा, वाक्य संयोजनका आधारमा समुच्चयी, सर्वनामी, लोप तथा सन्दर्भ संयोजनयुक्त,  सम्बद्ध व्यक्तिका आधारमा संलाप र एकालाप,  कथनका आधारमा प्रत्यक्ष र अप्रत्यक्ष, प्रकृतिका आधारमा व्याख्यात्मक, विवरणात्मक र मूल्याङ्कनपरक, शैलीका आधारमा औपचारिक, अनौपचारिक, सामान्य र विशिष्ट, स्थानका आधारमा स्थानिक, सार्वजनिक तथा क्षेत्रका आधारमा कानुनी, धार्मिक, पत्रकारी, व्यापारी, शैक्षणिक आदिमा विभाजन गरिएको छ  । साथै सङ्कथनका तत्त्वको उल्लेख उक्त पुस्तकमा गरिएको छ । उक्त अध्ययनले प्रस्तुत शोधलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २.३ सम्बन्धित शोधकार्यको पुनरावलोकन

शोधकार्य गर्नु पहिले पूर्व शोधकार्यको अध्ययन तथा पुनरावलोकन गर्नु महत्त्वपूर्ण हुन्छ । जसको अध्ययनले सरल, सहज र विस्तृत बन्नको लागि सहयोग पुग्दछ । जस अनुसार यहाँ केही पूर्व शोधकार्यको सैद्धान्तिक पुनरावलोकन निम्नानुसार प्रस्तुत  गरिएको छ :

गौतम (२०६४) द्वारा *चिलाउने चौरमा पलाएको मृगतृष्णा* निबन्धको सङ्कथन विश्लेषण शीर्षक शोधपत्रमा सम्बद्धन र सम्बद्धकका आधारमा सङ्कथन विशलेषण गरिएको छ । उनले ह्यालिडे र हसन (ई. १९७६)' को 'कोहिजन र कोहिरेन्स' सम्बन्धी धारणा वा मान्यतामा आधारित रही प्रस्तुत शोधकार्य सम्पन्न गरेका छन् । प्रस्तुत अध्ययनका उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धकका दृष्टिले गर्नु र सम्बद्धनको उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेको छ । यही उद्देश्लाई पूरा गर्न पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्धितीयक स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाद्वारा शोधकार्य सम्पन्न गरिएको छ । भाषिक जोर्नी र वैचारिक अन्तः सूत्रको निरन्तरताका दृष्टिले निर्धारित पाठ उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत पूर्व शोध अध्ययनले सम्बन्धित शोधका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

आचार्य (२०६५) द्वारा *कक्षा दशको नेपाली किताबमा रहेका कथाको सङ्कथन विश्लेषण* शीर्षकममा शोधकार्य गरिएको छ । प्रस्तुत शोधमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गर्दै कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको खोजी गरिएको छ । प्रस्तुत अध्ययनका उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धकका दृष्टिले गर्नु र सम्बद्धनको उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेको छ । यही उद्देश्लाई पूरा गर्न पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । उक्त अध्ययनमा सङ्कथनका दृष्टिले कक्षा दशमा समावेश गरिएका कथा उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत पूर्व शोध अध्ययनले सम्बन्धित शोधका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

ढकाल (२०६७) द्वारा *'मधेसतिर' कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत शोधकार्यमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गरी सम्बद्धक र सम्बद्धनको दृष्टिले निर्धारित पाठलाई विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धकका दृष्टिले गर्नु र सम्बद्धनको उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेको छ । यही उद्देश्लाई पूरा गर्न पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्धितीयक स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाद्वारा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा सङ्कथनात्मक दृष्टिले 'मधेसतिर' कथा उपयुक्त रहेको , सङ्ख्यात्मक दृष्टिले सबैभन्दा बढी पुनरावृत्ति सम्बद्धक र सबैभन्दा कम समावेशात्मकता र सन्निधान शब्दको प्रयोग भएको

निष्कर्ष निकालिएको छ । प्रस्तुत पूर्व शोध अध्ययनले सम्बन्धित शोधका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

बस्नेत (२०६७) द्वारा *कक्षा ९ को अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथाको सङ्कथनपरक विश्लेषण* शीर्षकको शोधपत्रमा 'भविष्य निर्माण' र 'खड्गबहादुर' गरी दुईवटा कथाको विश्लेषण गरिएको छ । उक्त शोधमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गर्दै निर्धारित कथालाई सम्बद्धक र सम्बद्धनका दृष्टिले विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धकका दृष्टिले विश्लेषण गर्नु र सम्बद्धनको उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेको छ । यही उद्देश्लाई पूरा गर्न पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाद्वारा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा सम्बद्धकका एघार र सम्बद्धनका तेईस भेद रहेको निष्कर्ष निकाएिको छ । प्रस्तुत पूर्व शोध अध्ययनले सम्बन्धित शोधका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

पोखरेल (२०६९) द्वारा *'एकान्त' कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । यसमा सङ्कथन, सङ्कथनका तत्त्व, सङ्कथनका युक्ति, सङ्कथनको आयाम आदिको चर्चा गरिएको छ । प्रस्तुत शोधपत्रमा सम्बद्धक र सम्बद्धनको खोजी र विश्लेषण गर्दै यी दुवैको उपयुक्तताको दृष्टिले निर्धारित पाठको मूल्याङ्कन समेत गरिएको छ । प्रस्तुत अध्ययनका उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धकका दृष्टिले गर्नु र सम्बद्धनको उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेको छ । यही उद्देश्लाई पूरा गर्न पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा भाषिक जोर्नी (कोहिजन) र अर्थ (कोहिरेन्स) का आधारमा उक्त पाठ उपयुक्त रहेको निष्कर्ष निकाएिको छ । प्रस्तुत पूर्व शोध अध्ययनले सम्बन्धित शोधका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अधिकारी (२०६९) द्वारा *उलार उपन्यासको सङ्कथन विश्लेषण* शीर्षकको पुस्तकमा सङ्कथनका सैद्धान्तिक आधारको चर्चा गरिएको छ । निर्धारित उपन्यासलाई भाषिक जोर्नी (कोहिजन) र अर्थ (कोहिरेन्स) का आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धक र सम्बद्धनको

उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेका छन् । यही उद्देश्लाई पूरा गर्न यस शोधकार्यमा पनि पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । उक्त शोधमा भाषिक जोर्नी र अर्थका आधारमा उक्त पाठ उपयुक्त रहेको निष्कर्ष निकाएिको छ । प्रस्तुत पूर्व शोध अध्ययनले सम्बन्धित शोधका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

भण्डारी (२०६९) द्वारा *केही राष्ट्रिय रोग एक अनुसन्धान निबन्धको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत शोधमा पनि निर्धारित पाठलाई सम्बद्धक र सम्बद्धनका दृष्टिले विश्लेषण गरिएको छ । यस शोधमा पनि पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । उक्त शोधमा स्पष्टोक्ति , परिचयात्मक, तुलनात्मक, रीतिबोधक र कारण कार्य सम्बद्धनको प्रयोग अत्यधिक मात्रामा भएको र प्रभाव र प्रतिफल, पुनरुक्ति, आर्थी विपर्याय जस्ता सम्बद्धनको प्रयोग न्यून मात्रामा भएको निष्कर्ष निकालिएको छ । प्रस्तुत पूर्व शोध अध्ययनले सम्बन्धित शोधका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

राई (२०७०) द्वारा *बिदा कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त अध्ययनमा सङ्कथन विश्लेषणका सैद्धान्तिक चर्चा गरिएको छ । निर्धारित कथालाई पनि सम्बद्धक र सम्बद्धनका दृष्टिले विश्लेषण गर्दै त्यसको उपयुक्तता पनि केलाइएको छ । प्रस्तुत अध्ययनका उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धक र सम्बद्धनको उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेको छ । यही उद्देश्लाई पूरा गर्न पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाद्वारा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा सबैभन्दा बढी स्थानिक, प्रतिस्थापक र सार्वनामिक संसक्ति र सबैभन्दा कम लोप संसक्तिको प्रयोग भएको निष्कर्ष निकालिएको छ । तसर्थ प्रस्तुत पूर्व शोध अध्ययनले सम्बन्धित शोधका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत शोधकार्य अध्ययनले संसक्ति र संयुक्तिका क्षेत्रमा शोधकार्य गर्ने विद्यार्थी र अध्यापन गर्ने सबैलाई सहयोग पुग्दछ । उल्लिखित अध्ययन नै हालसम्म सङ्कथन विश्लेषणका दिशामा भएका महत्त्वपूर्ण कार्य हुन् । यस अध्ययनले पनि सङ्कथन विश्लेषणको क्षेत्रमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २.४ सम्बन्धित लेख रचनाहरूको पुनरावलोकन

विभिन्न पत्रपत्रिकामा समय समयमा सङ्कथन विश्लेषण सम्बन्धी लेख रचनाहरू प्रकाशित भएको पाइन्छ । यहाँ तिनै पत्रपत्रिकामा प्रकाशित सङ्कथन विश्लेषण सम्बन्धी केही लेख रचनाहरूको उल्लेख गरिएको छ । जुन निम्न रहेका छन् :

भट्टराई (२०६२) द्वारा सम्प्रेषण दोस्रो अङ्कमा *'सङ्कथन विश्लेषण'* नामक लेख प्रकाशित गरिएको छ । उक्त लेखमा सङ्कथनको विश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ । उक्त लेखमा सङ्कथनलाई धेरै भाषाहरूले बनेको विधानको रुपमा उल्लेख गरिएको छ । जुन विचारका आधारमा बुझ्न वा अर्थ लगाउन सकिन्छ । साथै उक्त लेखमा ह्यालिडेले वर्गिकरण गरेको सम्बद्धकका प्रकार र सिङ्क्लेयरले प्रस्तुत गरेको सङ्कथनका पाँच तहको चर्चा गरिएको छ । प्रस्तुत लेखलाई प्रस्तुत शोध कार्यको लागि सहयोगी सामग्रीको रुपमा लिइएको छ ।

भट्टराई (२०६५) द्वारा सम्प्रेषण पाँचौ अङ्कमा *'सङ्कथन विश्लेषण'* नामक लेख प्रकाशित गरिएको छ । उक्त लेखमा सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ । साथै उक्त लेखमा उनले पाठका प्रकार, वाक्य, व्याकरण र सङ्कथनमा रहेका भिन्नता, सङ्कथनमा सन्दर्भको महत्त्व, सन्दर्भमा सङ्लग्न कुरा र सन्दर्भको प्रकारका बारेमा समेत चर्चा गरिएको छ । उक्त लेखले प्रस्तुत शोधकार्यका लागि महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

भुसाल (२०६९) द्वारा सम्प्रेषण सातौं अङ्कमा *सङ्कथन विश्लेषण : 'सम्बद्धक र सम्बद्धन'* नामक लेख प्रकाशित गरिएको छ । उक्त लेखमा सम्बद्धक र सम्बद्धनको परिचय तथा प्रकारको सोदाहरण वर्णन गरिएको छ । साथै सिङ्क्ल्येरको सङ्कथन विश्लेषण पद्धति, ह्यालिडे र हड्सनद्वारा प्रस्तुत सम्बद्धकका प्रकारको अवधारणात्मक टिपोट र सङ्कथन विश्लेषणको भाषावैज्ञानिक महत्त्व दर्साइएको छ । यस लेखले प्रस्तत‌ु शोधका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

ढुङ्गेल (२०६९) द्वारा प्राज्ञिक संसार चौंथो अङ्कमा *'के भूल भयो प्रिया गीतको सङ्कथन विश्लेषण'* नामक लेख प्रकाशित गरिएको छ । उक्त लेखमा सङ्कथन र सङ्कथन भित्रको सन्दर्भ विश्लेषणका आधारमा उक्त गीतको अध्ययन गरिएको छ । साथै उक्त लेखमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । यस लेखलाई गोधूलि संसार निबन्धको सङ्कथन विश्लेषणका लागि सहयोगी सामग्रीको रुपमा लिइएको छ ।

शर्मा (२०६९) द्वारा प्राज्ञिक संसार चौंथो अङ्कमा *'म त लाली गुराँस भएछु गीतको सङ्कथन विश्लेषण'* नामक लेख प्रकाशित गरिएको छ । उक्त लेखमा उनले सङ्कथनको सैद्धान्तिक परिचय, सङ्कथनका प्रकार, सङ्कथनका युक्ति आदिको चर्चा गरिएको छ । साथै उक्त लेखमा उनले संसक्तिको सिङ्गो कृतिमा भूमिका र लय संरचना, सन्दर्भ लगायतका विभिन्न क्षेत्र र तिनको अन्तः सम्बन्धको माध्यमबाट उक्त  कृतिको अध्ययन गरिएको छ। त्यस कारण यस लेखलाई पनि प्रस्तुत शोधको लागि सहयोगी सामग्रीको रुपमा लिइएको छ।

पोखरेल (२०७१) द्वारा शब्द संयोजन पहिलो अङ्कमा *'जङ्गी निशान हाम्रो कविताको सङ्कथन विश्लेषण'* नामक लेख प्रकाशित गरिएको छ । उक्त लेखमा सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ । साथै यस लेखमा सङ्कथन विश्लेषणलाई भाषानिष्ठ पद्धतिको रुपमा चर्चा गरिएको छ। यस लेखमा सङ्कथनलाई  पाठभित्रको सन्दर्भको रुपमा समेत चर्चा गरिएको छ। जस अन्तर्गत वैयक्तिक सन्दर्भ (प्रस्तोता र बोद्धा) र भौतिक सन्दर्भ (समय, स्थान र संज्ञान ) को चर्चा गरिएको छ। यस लेखले गोधूलि संसार निबन्धको सन्दर्भ विश्लेषणका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यसरी प्रस्तुत लेख रचनाहरूको अध्ययनबाट सङ्कथन विश्लेषणको सैद्धान्तिक कुराहरूका साथै सङ्कथनको प्रकार, सङ्कथनका युक्तिहरू, सङ्कथनमा सन्दर्भको भूमिका र सङ्कथनले सिङ्गो कृतिमा पार्ने प्रभाव आदिको सूचना प्राप्त भएकोले माथि उल्लिखित विषयवस्तुहरूले प्रस्तुत शोधपत्रका लागि सहयोग गर्ने कुराको अपेक्षा गरिएको छ।

## २.५  सङ्कथनको सैद्धान्तिक परिचय

### २.५.१ परिचय

कुनै निश्चित परिवेशमा कुनै निश्चित सन्दर्भलाई बोकेर आउने भाषाको रूपलाई सङ्कथन भनिन्छ । भाषालाई आधार मानेर भाषाले नै समेट्न सक्ने अर्थको खोजी सङ्कथनमा हुने गर्दछ। भाषाको विस्तारित सघन एकाइ वा सिङ्गो अभिव्यक्ति सङ्कथन हो (भुसाल, २०७० : १८७। सम्प्रेषणात्मक क्षमता अनिवार्य रुपमा रहेको एक वाक्यदेखि अनेक वाक्यका संयोजनबाट कुनै खास सन्दर्भको अर्थ बुझाउने भाषाको उच्चतम एकाइ नै सङ्कथन हो । खास गरी सङ्कथनले वाक्यीय संरचना भित्रका सिलसिला तथा अर्थलाई एकीकरण गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । सङ्कथन भाषाको सर्वोच्च रूपको अध्ययनमा केन्द्रित रहन्छ। सङ्कथन पददेखि अनेक वाक्यसम्ममा विस्तारित हुन्छ। त्यसैले

सङ्कथनले एकातिर भाषिक संरचनालाई सङ्केत गरिहेको हुन्छ भने अर्कोतिर अर्थ सम्बन्धलाई सङ्केत गरिरहेको हुन्छ । सङ्कथनले भाषाको वाक्यभन्दा माथिल्लो प्रयोग विस्तारलाई जनाउँदछ (अधिकारी, २०६५ :२५०) ।

सङ्कथन शब्द अङ्ग्रेजीको 'डिस्कोर्स'बाट आएको हो । 'डिस्कोर्स'को व्युत्पत्ति ल्याटिन भाषाको 'डिस्कोर्स'बाट आएको हो । 'डिस्कोर्स' हुँदै यसले अङ्ग्रेजी भाषामा 'डिस्कोर्स'को रूप रूप प्राप्त गरेको हो । 'डिस्कोर्स'को अर्थ 'टु रन', 'टु रन अन', 'टु रन टु एनफ्रो हुन्छ जसको नेपाली रूपान्तरण क्रमशः दौडनु, दौडिरहनु, अगि पछि गर्दै दौडनु भन्ने हुन्छ (भण्डारी, २०१२ : ८) । व्युत्पत्तिगत अर्थलाई हेर्ने हो भने यसले कुनै विषयमा विचार प्रकट गर्नु भन्ने बुझिन्छ ।

भाषा सन्दर्भ विशेषमा प्रयोग हुन्छ । भाषाले वास्तविक सन्दर्भलाई समेटेको हुन्छ । जहाँ सन्दर्भ समायोजित हुन्छ त्यहीँ सङ्कथनको संरचना निर्माण भएको हुन्छ । वास्तवमा सङ्कथन त्यस्तो भाषिक अभिव्यक्ति हो जुन एक सार वाक्यका रूपमा वा त्यसभन्दा माथिको जुनसुकै तहको संरचनाका रूपमा रहेको हुन्छ (गौतम, २०६८ : ५७१) । सङ्कथन अन्तर्गत कुनै भाषा, कुनै विषयमा भएको निश्चित लेखन कुराकानी, कुनै पनि कथन वा लेखनमा जोडिएको भाषिक अभिव्यक्ति आउँदछन् । सङ्कथनमा प्रस्तोता वा वक्ताले आफूलाई अभिव्यक्ति कर्ताका रूपमा प्रस्तुत गरेको हुन्छ र कुनै विषय वा व्यक्तिप्रति आफूलाई केन्द्रित गरेको हुन्छ । यसले के कुरा बुझाउँदछ भने सङ्कथनमा वक्ता, श्रोता र विषय पूर्ण रूपमा अपेक्षित हुन्छ । सङ्कथनमा वक्ताको अभिवृत्तिमाथि प्रभाव पार्ने बहुपक्षीय कुराकानी वा बातचितदेखि बृहत्तर भाषिक एकाइका पाठको समेत अध्ययन हुन्छ । अर्को तरीकाले भन्नुपर्दा सन्दर्भ समावेश भएका सम्पूर्ण भाषिक एकाइलाई सङ्कथन भित्र समावेश गर्न सकिन्छ ।

सङ्कथन कथ्य र लेख्य भाषामा भएको अभिव्यक्ति हो । पछिल्लो चरणमा त साङ्केतिक भाषालाई पनि सङ्कथन भित्र समावेश गरिएको पाइन्छ । खासगरी सङ्कथन अन्तर्गत कुनै औपचारिक व्याख्यान, भाषण, घोषणा, धार्मिक प्रवचन, कुनै विशिष्ट कथन, बैठक, अन्तर्वार्ता, विषय विमर्श, परामर्श, संवाद परिसंवाद, विषयनिष्ट कुराकानी, भलाकुसारी, छलफल, ठट्यौली, चिठीपत्र, स्मारिका वा प्रतिवेदन, समाचार पत्रका लेख, विज्ञापन, गीति सङ्कथन, स-साना कथा, उखान, मुक्तक, सुक्ति, श्लोक आदिका साथै

आख्यानात्मक सङ्कथन र महाकाव्यीय सङ्कथन जस्ता उच्चतहका कथन संरचना वा विधा निर्धारित संरचना लगायत जुनसुकै पाठ पर्दछन् (गौतम, पूर्ववत्) । सुरु सुरुमा सङ्कथनले कथ्य अभिव्यक्ति अन्तर्गतका, भाषण, वार्तालाप जस्ता औपचारिक अभिव्यक्तिलाई बुझाउँथ्यो भने पछि आएर सामान्य बोलीचालिको भाषाहुँदै लिखित अभिव्यक्तिलाई पनि सङ्कथनका रूपमा चिनिन थालेको पाइन्छ । कथ्य र लेख्य जस्ता सङ्कथनका माध्यमबाट अभिव्यक्त भाषिक विचार सङ्कथन विश्लेषण अन्तर्गत चर्चा गर्न सकिन्छ ।

## २.५.२ सङ्कथनको परिभाषा

सङ्कथनलाई विभिन्न विद्वान्ले परिभाषा दिएर स्पष्ट पार्ने प्रयास गरेका छन् । सङ्कथनको परिभाषाका सन्दर्भमा सबै विद्वान्को एकै किसिमको विचार पाइन्न । सबै विद्वान्ले आफ्नै मान्यता, सिद्धान्त र दृष्टिकोणमा अडिएर सङ्कथनको परिभाषा दिएका छन् जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क्रिस्टल (२००३ : १४१-४२) का अनुसार सङ्कथन वाक्य भन्दा माथिको खासगरी कथ्य भाषाको निरन्तर फैलावट हो । यो आफैँमा पूर्ण र सङ्गठित हुन्छ । त्यस्तै गाइकुकका अनुसार सङ्कथन भनेको भाषिक प्रवाह हो । यो निश्चित परिणामसम्म पुऱ्याउने हुन्छ । दर्शनशास्त्र, राजनीतिशास्त्र, साहित्य वा धर्मशास्त्रका विषयमा बोलिएका र लेखिएका कुराको छलफल नै सङ्कथन हो । ग्रन्थ र शोधपत्रसँग यसको नजिकको सम्बन्ध छ । ( डिक्सनरी अलिटरारी टर्मस) । कथ्य र लेख्य विषय समावेश भएको बहस सङ्कथन हो ( अक्सफोर्ड डिक्सनरी) । त्यस्तै डेबिड नुनानका अनुसार एक आपसमा अन्तरसम्बन्धित वाक्यको भाषिक फैलावट सङ्कथन हो । अधिकारी, (२०६५ : २५०) का अनुसार सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ भनिन्छ । सन्दर्भ समावेश भएका वाङमयका सबै विधालाई सङ्कथन भनिन्छ (गौतम : २०६८ : ५७१) । त्यसैगरी भण्डारी र अन्य, (२०६८ : १२) का अनुसार सङ्कथन भन्नाले वाक्यभन्दा ठूलो भाषाको नटुक्रिएको एकाइ भन्ने बुझिन्छ । सङ्कथन भाषाको विस्तारित सघन एकाइ हो (भुसाल, २०७० : १८७) । त्यस्तै चम्स्कीका अनुसार सङ्कथन सामर्थ्य भाषिक सामर्थ्यको एउटा अंश हो ।

विभिन्न विद्वान्ले दिएका माथिको परिभाषा अनुसार सङ्कथनलाई संरचनात्मक आधारमा हेर्दा वाक्यभन्दा माथिको भाषिक एकाइका रूपमा बुझ्न सकिन्छ । सङ्कथन

आफैमा पूर्ण अभिव्यक्ति पनि हो । यो निरन्तर भाषिक प्रवाह पनि हो । सङ्कथन कथ्य र लेख्य जुनसुकै माध्यमबाट पनि अभिव्यक्त हुन सक्छ । यसमा एक भन्दा बढी वाक्यीय संरचना आएका हुन्छन् । भावको सम्प्रेषण गर्नसक्ने क्षमता राख्ने सङ्कथन औचित्यपूर्ण र अर्थपूर्ण हुने गर्दछ । यसभित्र सुक्ष्म भाषिक रूप जस्तै : उखान, मुक्तक, सुक्ति, श्लोक देखि विस्तृत आयाम भाषण, लेख, चिठी, कथा, महाकाव्य आदि जस्ता भाषिक अभिव्यक्ति प्रस्तुत हुन्छन् ।

## २.६ सङ्कथनका प्रकार

ढुङ्गाना (२०६५ : १३) ले सङ्कथनलाई सामान्य र विशिष्ट गरी दुई भागमा विभाजन गरेका छन् :

(क) सामान्य प्रकार

- (अ) कथ्य र लेख्य सङ्कथन
- (आ) औपचारिक र अनौपचारिक सङ्कथन
- (इ) पारस्परिक र गैरपारस्परिक सङ्कथन
- (ई) प्रबन्धनात्मक र अन्तक्रियात्मक सङ्कथन

(ख) विशिष्ट प्रकार

- (अ) विधामा आधारित जस्तैः कथा, कविता, नाटक, उपन्यास आदि
- (आ) कानूनमा आधारित जस्तैः इच्छा, वारेन्ट आदि
- (इ) धर्ममा आधारित जस्तैः प्राथना, भजन आदि
- (ई) चिकित्साशास्त्रमा आधारित जस्तैः सल्लाह, सिफारिस आदि
- (उ) पत्रकारिता आधारित जस्तैः लेख, रचना, सम्पादकीय
- (ऊ) व्यापारमा आधारित जस्तैः चेक, भौचर आदि
- (ए) यात्रामा आधारित जस्तैः टिकट आदि
- (ऐ) सम्प्रेषणमा आधारित जस्तैः चिठी, आवा आदि
- (ओ) सामाजिकीकरणमा आधारित जस्तैः चिठी, परिचय आदि ।

माथि उल्लिखित सङ्कथनका सारांशमा कथ्य र लेख्य दुई प्रकार निरूपण गर्न सकिन्छ ।

### २.६.१ कथ्य सङ्कथन

ढकाल (२०६८:२६२) का अनुसार कथ्य सङ्कथन मौखिक अभिव्यक्तिसँग सम्बन्धित रहन्छ । वक्ता र श्रोताको प्रत्यक्ष संलग्नता रहने सङ्कथन कथ्य सङ्कथन हो । यसमा वक्ता र श्रोताको आमने सामनेको स्थिति आवश्यक हुन्छ । कथ्य सङ्कथनमा वक्ता र श्रोता दुवै प्रमुख रहन्छन् । यस सङ्कथनमा वक्ता र श्रोताका माध्यमबाट घटित हुने कथन घटना पर्दछन् । गफ, कुराकानी, छलफल, ठट्यौली, वार्ता, विवाद, गाली, भाषण, प्रवचन, कथाकथन आदि कथ्य सङ्कथन र यसका विषय क्षेत्र पनि हुन् । सङ्कथनले औपचारिक अनौपचारिक दुवै कथ्य भाषिक अभिव्यक्तिलाई समेट्दछ ।

कथ्य सङ्कथनमा सहभागी वक्ता र श्रोताका बिचमा सामाजिक, साँस्कृतिक पृष्ठभूमिले पनि कथ्य अभिव्यक्तिको भाव ग्रहणमा उल्लेख्य भूमिका निर्वाह गरेको हुन्छ । त्यसैगरी कथ्य अभिव्यक्तिका क्रममा हाउभाउ र अङ्ग सञ्चालन जस्ता गतिविधिको पनि उपयोग गर्न सकिन्छ । त्यस्तै कथ्य अभिव्यक्तिका क्रममा थेगो, निपात, टुक्का, अपूर्ण वाक्य जस्ता कुराको पनि प्रयोग गर्न सकिन्छ । कथ्य सङ्कथन कुनै नियम वा व्याकरणीय प्रणालीमा ऐच्छिक घटकका रूपमा अर्थात् निरपेक्ष रूपमा प्रयोग हुने हुँदा बढी सहज, सरल, प्राकृतिक र लचिलो हुन्छ ।

### २.६.२ लेख्य सङ्कथन

अधिकारी (२०६५ : २५४) का अनुसार भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित सङ्कथन लेख्य सङ्कथन हो । लेख्य सङ्कथन लेखक र पाठकसँग सम्बन्धित हुन्छ । विभिन्न विषय क्षेत्रसँग सम्बन्धित लिखित सूचना, रसिद, विज्ञापन लेख तथा विभिन्न साहित्यिक रचना लेख्य सङ्कथन भित्र पर्दछन् । लेख्य सङ्कथनमा लेखकका सामुन्नेमा पाठक उपस्थित हुँदैनन् । पाठकको केवल अपेक्षा मात्र गरिएको हुन्छ । यही कारणले गर्दा कथ्य सङ्कथनमा जस्तै लेख्य सङ्कथनमा कुनै गल्ती भइ हालेमा तुरुन्त भूल सुधार गर्ने मौका हुँदैन । यसमा लेखकले पाठकलाई तत्कालै स्पष्टीकरण दिने मौका पनि दिदैनन् । त्यसैले अभिव्यक्तिका क्रममा लेखकले के लेख्दैछु भन्ने कुरामा बढी भन्दा बढी सचेतता अपनाउनु पर्दछ । लेख्य सङ्कथनमा भाषिकेतर तत्त्व मुखमुद्रा, सङ्केत, अङ्ग सञ्चालनको उपयोग गर्न असम्भव हुन्छ । यही कारणले गर्दा लेख्य सङ्कथन पूर्ण रूपमा भाषातत्त्वमा निर्भर हुने गर्दछ । यसकारणले गर्दा कथ्य सङ्कथनका तुलनामा लेख्य सङ्कथन केही

जटिल र औपचारिक किसिमको हुन्छ । यसमा कथ्य सङ्कथनमा जस्तो थेगो, निपात, अपूर्ण वाक्य र अव्याकरणिक वाक्यको प्रयोग हुँदैन । अर्थात् भइहालेमा पनि कम मात्रामा हुन्छ । अतः कथ्य सङ्कथनभन्दा लेख्य सङ्कथनको भाषा खँदिलो हुन्छ । लेख्य सङ्कथनमा प्रयोग हुने भाषा मानक, स्तरीय र व्याकरणका दृष्टिले समेत उपयुक्त  हुन्छ । कथ्य सङ्कथन बुझ्न साक्षर र निरक्षर दुबै सक्षम हुन्छन् भने लेख्य सङ्कथन बुझ्न साक्षर र बौद्धिक मानिसको आवश्यकता पर्दछ । यो कथ्य सङ्कथन भन्दा बढी जटिल हुने भएकोले बढी कृत्रिम, अप्राकृतिक, कमगतिशिल कर्मवाच्य, भाववाच्य आदिको प्रयोग भएको हुन्छ । लेख्य सङ्कथन भित्र प्रतिवेदन, चिठी, निबन्ध, कथा, कविता, जीवनी, नाटक, लिखित सूचना, रसिद, विज्ञापन आदि पर्दछन् ।

## २.७ सङ्कथन विश्लेषण

प्रायोगिक भाषा विज्ञानको एक नवीनतम शाखासँग सङ्कथन विश्लेषण सम्बन्धित छ । सङ्कथन विश्लेषण अङ्ग्रेजी 'डिस्कोर्स' एनालाइसिसको नेपाली रूपान्तरण हो । डिस्कोर्स एनालाइसिस शब्दको प्रथम प्रयोग सर्वप्रथम भाषावैज्ञानिक जेलिङ ह्यारिसले सन् १९५२ मा एउटा लेखमा विस्तारित पाठमा भाषा तत्त्वको वितरणबारे चर्चा गर्दा प्रयोग गरेका थिए । उनले यसमा हेयर टनिकको विज्ञापनको भाषालाई उदाहरणको रूपमा विश्लेषण गरेर सङ्कथनमा पनि वाक्य व्याकरण विस्तारित हुन्छ भन्ने कुरा देखाइएका थिए । यसैलाई नै सङ्कथन विश्लेषणको प्रारम्भिक विन्दु मानिन्छ (अधिकारी, २०६२ : २५२) । सङ्कथन विश्लेषणको प्रारम्भिक पृष्ठभूमि निर्माण गर्नमा व्यवस्थापरक व्याकरणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसले वाक्य भन्दा माथिल्लो भाषिक एकाइको अध्ययनमा रुची देखाएपछि नै सङ्कथन विश्लेषण गर्ने कार्यको थालनी भएको हो । त्यसैगरी सङ्कथन विश्लेषणको पृष्ठभूमिमा समाजशास्त्र मानवशास्त्र, प्रतीकविज्ञान आदिले भूमिका खेलेका छन् । हाल सङ्कथन विश्लेषण सामाजिक भाषाविज्ञान, प्रकरणार्थ भाषाविज्ञान, शैलीविज्ञान आदि भाषावैज्ञानिक अध्ययनका विभिन्न सिद्धान्त र पद्धतिबाट अभिप्रेरित रहेको छ ।

सङ्कथन विश्लेषणमा सन्दर्भयुक्त भाषिक एकाइको वैज्ञानिक पद्धतिद्वारा अध्ययन गरिन्छ । सङ्कथन विश्लेषणले प्रारम्भमा कथ्य भाषालाई मात्र समेट्थ्यो । त्यसपछि क्रमशः सङ्कथन विश्लेषणले लेख्य अभिव्यक्तिलाई पनि समेट्दै गयो । हाल आएर सङ्कथन विश्लेषण पदावलीले कथ्य पाठ र लेख्य पाठ दुबैको विश्लेषणलाई समेटेको पाइन्छ ।

सङ्कथन विश्लेषणको मुख्य उद्देश्य पनि कथ्य र लेख्य दुबै सङ्कथनमा पाइने शब्द र वाक्यभन्दा माथि रहेर सिङ्गो भाषिक फैलावट अथवा समग्र भाषिक अभिव्यक्तिको विश्लेषण गर्नु रहेको छ । सङ्कथन विश्लेषण वाक्य व्याकरणभन्दा माथि रहेर सिङ्गो पाठलाई पूर्ण संरचना मान्दै सङ्कथन भित्र रहने संरचक घटक अनुच्छेद, परिच्छेद, पाठको बाह्य तथा आन्तरिक एकान्विति, सान्दर्भिकता र अर्थपूर्णताको खोजी गर्दछ ।

सङ्कथन विश्लेषणमा कथ्य भाषा, साङ्केतिक भाषा तथा लेख्य भाषामा भएका अभिव्यक्तिको अध्ययन हुन्छ । कथ्य, लेख्य वा साङ्केतिक स्तरमा प्रयोग हुने प्रयुक्तिको समायोजन यस्ता सङ्कथनमा कसरी हुन्छ ? र भएको छ ? त्यसको पनि अध्ययन हुन्छ । यसमा उच्चारणको विशिष्ट ढाँचासहित शब्द चयन, वाक्य संरचना र आर्थी अभिव्यक्तिका साथै भाषिक व्यवहारको समेत अध्ययन गरिन्छ । यसर्थ सङ्कथनमा स-साना मुक्तक अभिव्यक्तिदेखि लिएर बृहत् भाषिक पाठको समेत अध्ययन विश्लेषण हुन्छ । सङ्कथन अन्तर्गत कुनै औपचारिक व्याख्यान, भाषण, घोषणा, धार्मिक प्रवचन, कुनै विशिष्ट कथन, बैठक, अन्तर्वार्ता, विषय विमर्श, परामर्श, संवाद वा परिसंवाद, विषय निष्ट बातचित, भलाकुसारी, ठट्यौली, चिठीपत्र, स्मारिका वा प्रतिवेदन, समाचारपत्रका लेख, विज्ञापन, गीति सङ्कथन, आदिका साथै आख्यानात्मक सङ्कथन र महाकाव्यीय सङ्कथन जस्ता उच्च तहका कथन संरचना वा विधा निर्धारित संरचना लगायत जुनसुकै पाठ पर्दछन् (गौतम, पूर्ववत) । सङ्कथन विश्लेषणको प्रमुख आधार भाषा हो । कृतिमा प्रयुक्त भाषिक रूपले जति सन्दर्भलाई तानेर ल्याउन सक्छ त्यति सङ्कथनको अर्थ त्यहाँसम्म जाने गर्दछ । यसमा भाषिक सन्दर्भभित्र नआएको विषयलाई ल्याएर वा भाषिक सन्दर्भभन्दा बाहिर गएर अर्थलाई हेर्दैन । सङ्कथन प्रयोक्ताको आशयको खोजी भएकाले र आशयको अभिव्यक्ति भाषाका माध्यमबाट हुने भएकाले र आशयको अभिव्यक्ति भाषाका माध्यमबाट हुने भएकाले सङ्कथन विश्लेषणमा विशेष प्रधानता भाषालाई नै दिने गरिन्छ । यसमा भाषिक एकाइ अर्थात् ध्वनि, शब्द, पदावली, उपवाक्य, वाक्य व्यवस्था र यसभन्दा माथिका एकाइ जस्तै : अनुच्छेद संरचना, संवादात्मक तथा मनोवादात्मक संरचनाका साथै यिनका बिचको अन्तर्सम्बन्धका कारणबाट समग्र कृतिको अध्ययन गरिन्छ (ऐजन) ।

कुनै पाठभित्र सहभागी (सम्बोधक तथा सम्बोधित), विषय (व्यक्ति र घटना सन्दर्भ), सन्दर्भ (स्थान, काल, समाज, परिवेश तथा परिस्थिति) र सूचनाको स्थिति (प्रयोक्ताको आशय, सन्देश, अभिप्राय, दृष्टिकोण) पाइन्छ । कुनै पाठमा पूर्वसन्दर्भ तथा

पश्चसन्दर्भ रहन सक्छ । कौतुहल सिर्जनाका लागि एकान्विति सिर्जनाका लागि र कथारेखाको निरन्तरताको लागि पूर्वसन्दर्भ तथा पश्चसन्दर्भको महत्त्वपूर्ण भूमिका रहन्छ । छन्द, मोड परिवर्तन, विश्रान्ति, परावर्तन जस्ता सन्दर्भलाई अभिव्यक्तिगत विश्रान्ति, अनुच्छेदको अन्त्य तथा प्रारम्भ, नयाँ वक्ता वा गायनको प्रारम्भ तथा पुनः प्रारम्भले सङ्केत गर्ने हुँदा तिनको समेत अध्ययन यसमा गरिन्छ ।

## २.८ सङ्कथनका युक्तिहरू

सङ्कथन सम्प्रेषणको प्रक्रिया हो । सङ्कथन सम्प्रेषणीय बन्नका लागि सङ्कथन निर्माणमा प्रयुक्त भाषिक घटकको बाह्य तथा आन्तरिक रूपमा उचित संयोजन हुनुपर्दछ । सङ्कथनलाई बाह्य र आन्तरिक रूपमा व्यवस्थित, क्रमबद्ध, अन्वितिपूर्ण र अर्थपूर्ण बनाई सम्प्रेषणीय बनाउने तत्त्व नै सङ्कथनका युक्तिहरू हुन् । पाठ निर्माणका क्रममा प्रयुक्त हुने भाषिक संरचना र त्यसको अर्थगत अन्तः सूत्र अन्वितिपूर्ण र अर्थपूर्ण हुनु आवश्यक छ । यस्ता युक्ति निम्नानुसार छन् :

### २.८.१ संसक्ति (कोहिजन)

पाठमा प्रयुक्त भाषिक घटकलाई परस्पर र सम्बद्ध बनाउन प्रयोग हुने संरचनात्मक र कोशीय शब्द नै संसक्ति हुन् । अर्थात् आपसमा जुटेर रहनु वा टाँसिएर रहनुलाई संसक्ति भनिन्छ । संसक्तिलाई सम्बद्धक पनि भन्ने गरिन्छ । संसक्तिले वाक्यभित्र र वाक्यका बिचमा श्रृङ्खला बनाउँदछ । पाठभित्र रहेका भाषिक एकाइलाई एक आपसमा जोड्ने, सङ्गठित बनाउने, छोट्याउने, विस्तार गर्ने, कारण कार्य वा कार्यकारण श्रृङ्खलामा उन्ने काम गर्दछ । त्यसैगरी संसक्तिले सङ्कथन निर्माणमा प्रयुक्त भाषिक एकाइको अनावश्यक र लम्बेतान पुनरावृत्तिबाट सङ्कथनलाई बचाउने काम गर्दछ । संसक्तिले पाठलाई व्यवस्थित, श्रृङ्खलित, सङ्गठित बनाउने र भाषिक एकाइका बिच सम्बन्ध स्थापना गर्न आउने वा भाषिक एकाइलाई आपसमा जोड्ने भाषिक जोर्नी वा जोडक नै संसक्ति हो । पाठमा रहेका भाषिक अवयवलाई जोड्ने भाषिक जोर्नी नै संसक्ति हो । अधिकारी, (२०६७ : २५२) ले सङ्कथनका युक्ति मध्येको एक सम्बद्धकका बारेमा चर्चा गर्दै भनेका छन् - वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बिच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, देशिक आदि भाषिक तत्त्वलाई सम्बद्धकका रूपमा लिइन्छ । त्यस्तै भण्डारी र अन्य (२०६८ : १९) ले सम्बद्धकका बारेमा उल्लेख गर्दै भनेका छन् - भाषिक एकाइको समन्वयकर्ता भएकाले

सङ्कथनभित्रका औपचारिक सम्बन्ध, विभिन्न प्रकारका अन्तरवाक्य, उपवाक्य आदि सम्बन्धलाई जोड्ने काम सम्बद्धकले गर्दछ ।

यस प्रकारले के निचोड वा निष्कर्षमा पुग्न सकिन्छ भने विभिन्न भाषिक एकाइलाई परस्पर जोडेर अन्वितिपूर्ण बनाउने महत्त्वपूर्ण एकाइ संसक्ति हो । यसलाई कोशीय र व्याकरणिक गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

## २.८.१.१ व्याकरणिक संसक्ति

सङ्कथनमा वाक्यात्मक सीमाभित्र रही व्याकरणात्मक सम्बन्ध जनाउने संसक्ति व्याकरणिक संसक्ति हुन् । यिनी निश्चित हुन्छन् । त्यस्ता संसक्ति खास सन्दर्भमा प्रयोग भई सन्दर्भगत अर्थ प्रदान गर्दछन् । यस्ता व्याकरणिक संसक्तिहरू निम्नानुसार छन् :

### २.८.१.१.१ सार्वनामिक संसक्ति

पाठको निर्माणमा प्रयुक्त सर्वनाम शब्द नै सार्वनामिक संसक्ति हुन् । यसको आफ्नै निजी अर्थ हुँदैन तर वाक्यको प्रसङ्ग अनुसार यिनी अर्थपूर्ण भएर आएका हुन्छन् । यस्ता सार्वनामिक संसक्ति जनाउने शब्दको पाठमा व्यक्त भाव वा विचारलाई सङ्गठित बनाउने तथा कार्यकारण श्रृङ्खलामा बाँध्ने र पाठलाई सन्दर्भयुक्त बनाउने काममा सहयोग पुऱ्याउँदछन् । यस्ता संसक्ति पाठमा वाक्यान्तरिक र अन्तरवाक्यीय दुबै रूपमा आउन सक्छन् । त्यसैगरी पाठभित्र सङ्कथन विश्लेषणले अग्रसन्दर्भक र पश्चसन्दर्भकका रूपमा काम गरेका हुन्छन् । पाठमा अगाडि प्रयोग भइसकेका भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम अग्रसन्दर्भक हुन् भने पछाडि प्रयोग हुने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम पश्चसन्दर्भक हुन् । सुरुमा विशिष्ट शब्द दिएर पछि सामान्य शब्दको प्रयोग गरिएमा त्यहाँ अग्रसन्दर्भक हुन्छ भने पहिले सामान्य शब्द दिएर पछि विशिष्ट शब्दको प्रयोग भएमा पश्च सन्दर्भक हुन्छ । पाठभित्रको कुनै व्यक्तिवाचक तथा स्थानवाचक नामलाई पटकपटक प्रयोग गर्दा हुने निरासताको अन्त्यका लागि त्यस्ता नामका सट्टामा सर्वनामको प्रयोग हुनु सार्वनामीकरण हो (गौतम, पूर्ववत्) । सर्वनामका विभिन्न प्रकारसँगै सार्वनामिक संसक्तिको पनि विभिन्न रूप हुने गर्दछन् ।

### २.८.१.१.२ स्थानिक संसक्ति

पाठमा रहेका स्थान र परिवेशलाई बुझाउने संसक्ति नै स्थानिक संसक्ति हुन् । स्थान र परिवेश बुझाउने यहाँ, त्यहाँ, कता, यता, तल, माथि, भित्र, बाहिर, अगाडि, पछाडि, घरमा, वनमा, जङ्गलबाट आदि स्थानिक संसक्ति  हुन् । यस्ता संसक्तिले पाठलाई परस्पर जोडेका हुन्छन् ।

### २.८.१.१.३ कालिक संसक्ति

सङ्कथनमा कुनै घटनाको समय बुझाउन प्रयोग भएका संसक्ति नै कालिक संसक्ति हुन् । कालिक संसक्तिका रूपमा नामयोगी र क्रियायोगी आउने गर्दछन् । हिजो, आज, दिउँसो, भरे, बेलुका, पोहोर, साँझ, विहान, अस्ति, परार, २००३, २०४८ साल आदि कालिक संसक्ति हुन् । त्यसैगरी भित्र, तिर, अघि-पछि, नजिक, भर, भरि, तक, सम्म, यता, पहिले, उता, बिच जस्ता नामयोगी र क्रियायोगी स्थानिक र कालिक दुबै संसक्तिका रूपमा प्रयोग हुन सक्छन् ।

### २.८.१.१.४ संयोजक

दुई वा सोभन्दा बढी शब्द, पदावली, उपवाक्य र वाक्यलाई परस्परमा जोड्ने भाषिक जोर्नी संयोजक हो । यसले दुई मुख्य व्याकरणिक एकाइलाई जोड्ने काम   गर्दछ । गौतम (२०६८) ले पाठमा रहने संयोजकलाई कालवाचकता, स्थानवाचकता, रीतिवाचकता, व्यतिरेकीवाचकता, विकल्पवाचकता, विरोध सूचकता, परिणामवाचकता, समानाधीकरण सूचकता, कारणवाचकता, प्रयोजनवाचकता, सम्बन्धवाचकता आदि प्रकारमा वर्गीकरण गरेका छन् । नेपाली भाषाका पाठमा नेपाली भाषामा प्रचलनमा रहेका सापेक्ष र निरपेक्ष संयोजक प्रयोग भएका हुन्छन् । त्यस्ता संयोजकले पाठलाई सुसम्बद्ध बनाउन सहयोग पुऱ्याउँछन् ।

### २.८.१.१.५ प्रतिस्थापन

पाठमा अगिल्लो वाक्यमा प्रयोग भएका पद, पदावली, उपवाक्यलाई जनाउन पछिल्लो वाक्यमा तिनका सट्टामा अरु नै पदको प्रयोग हुनु प्रतिस्थापन हो । यसले पनि सङ्कथनमा संसक्तिको काम गरेको हुन्छ । प्रतिस्थापनले अभिव्यक्तिमा विविधता ल्याउन, एउटै भाषिक एकाइको पटक पटक हुने आवृत्तिबाट बचाउन, लामा लामा पदावली तथा

उपवाक्यका सट्टा एउटै पदले काम चलाई अभिव्यक्तिलाई छिटो छरितो बनाउन सहयोग पुग्छ । प्रतिस्थापन पनि नामिक प्रतिस्थापन, क्रियाको प्रतिस्थापन र उपवाक्यको प्रतिस्थापन गरी तीन स्तरमा रहन सक्छ । नामिक प्रतिस्थापन भन्नाले कुनै नाम शब्दका सट्टा अर्को कुनै शब्द विशेष गरी सर्वनामको प्रयोग गर्नुलाई बुझिन्छ । जस्तै : बोराबाट आलु निकाल । यी राम्रा छैनन् । यहाँ आलु र यी का बिचको सम्बन्ध नामिक प्रतिस्थापनको सम्बन्ध हो । त्यस्तै क्रियाको प्रतिस्थापन भन्नाले अगिल्लो वाक्यमा आएको क्रियापदलाई पछिल्लो वाक्यमा अर्को कुनै क्रिया वा पदले प्रतिस्थापन गर्नुलाई बुझिन्छ । जस्तै : तिमी त्यसै रिसाउँदैछौ । तिमी पनि त्यसै गर्दैछौ नि । यहाँ रिसाउँदैको को सट्टामा गर्दैछौ क्रियाको प्रतिस्थापन भएको छ । त्यसैगरी उपवाक्यका प्रतिस्थापन भन्नाले अगिल्लो वाक्यमा रहेको उपवाक्यलाई पछिल्लो वाक्यमा कुनै पदले हटाउनुलाई बुझिन्छ । जस्तै : पानी पर्न लाग्यो । जस्तो छ । यहाँ पानी पर्न लाग्यो भन्ने उपवाक्यलाई ‘जस्तो छ’ ले प्रतिस्थापन गरेको छ । अतः प्रतिस्थापनले पनि पाठमा भाषिक जोर्नीका रूपमा काम गरेको हुन्छ ।

### २.८.१.१.६ लोप

पाठमा अभिव्यक्तिकर्ताले अगिल्लो वाक्यमा प्रयोग गरेको कुनै भाषिक एकाइको प्रयोग पछिल्लो वाक्यमा नगरिए पनि उक्त भाषिक एकाइले बुझाउने अर्थ त्यसको सन्दर्भ र प्रसङ्गबाट खुल्न आएमा त्यहाँ लोपको स्थिति रहन्छ । कुनै अवस्थामा लेखक र पाठक/प्रस्तोता र बोद्धाको निकट स्थितिले गर्दा अथवा सम्बन्ध र सन्दर्भगत समानताले गर्दा पनि लोपको स्थिति देखा पर्दछ । लोपका पनि विभिन्न प्रकार रहेका छन् । पाठभित्र नामिक पदको लोप, क्रियाको लोप, उपवाक्यको लोप, संयोजकको लोप भएको हुन्छ । यी लोप पनि पूर्ण र आंशिक गरी दुबै रूपमा देखिन सक्छन् । अगाडि कुनै वाक्यमा प्रयोग नभएका भाषिक एकाइ पछिल्ला वाक्यमा पनि नदेखिएको स्थितिमा पनि विशेष सन्दर्भले गर्दा अर्थबोध हुन गएमा त्यहाँ पूर्ण लोप हुन्छ भने अगिल्लो वाक्यमा आएका भाषिक एकाइ पछिल्ला वाक्यमा नदेखिएका आंशिक लोप हुन्छ ।

### २.८.१.१.७ निपात

निपातले पनि भाषिक एकाइलाई अन्वितिपूर्ण बनाउन सहयोग गरेको हुन्छ । निपातले भनाइलाई विशेष जोड दिन र अभिव्यक्तिलाई सरस बनाउन सहयोग पुऱ्याउँदछ । निपात भनेका वाक्यका कुनै खास शब्द वा सिङ्गो वाक्यमा आश्रित रही तिनमा निश्चय,

आग्रह, स्वीकृति, बल आदि भाव थप गर्ने अवयव हुन् । यिनको स्वतन्त्र अर्थ हुँदैन । यसका साथै निपात भाषामा सीमित सङ्ख्यामा रहेका हुन्छन् । यस्ता निपात नै, मात्र, केवल, चाहिँ, पनि, ल, है, न, नि, त, पो, क्या, के, कि, रे, क्यारे, हँ, हगि, खै, लौ, हौ आदि रहेका छन् । यस्ता निपात वाक्यमा अग्र, मध्य वा अन्त्य जुनसुकै स्थानमा आउन सक्छन् ।

## २.८.१.२ कोशीय संसक्ति

पाठमा कोशीय संसक्तिले पनि भाषिक जोर्नीको भूमिका खेलेका हुन्छन् । कोशीय शब्द भन्नाले खास गरी नाम, विशेषण र क्रियालाई चिनिन्छ । अनुकरणात्मक शब्दलाई पनि कोशीय शब्दभित्र नै राखेको पाइन्छ । यी शब्दका बिच आपसी सम्बन्ध हुनु नै कोशीय संसक्तिको निर्माण हो । यस्ता कोशीय शब्द शब्दार्थका दृष्टिले सबल हुन्छन् । यिनीको सङ्ख्या अनिश्चित हुन्छ । यस्ता कोशीय शब्द मुक्त वर्गका शब्द अन्तर्गत पर्दछन् । पाठमा यस्ता कोशीय शब्दलाई व्यवस्थित रूपले आपसमा मिलाएर राख्नाले कोशीय संसक्तिको सिर्जना हुन्छ । यसरी शब्दको चयन र सङ्कथनको सारका बिचमा सम्बन्ध स्थापित हुन्छ । त्यसैले सङ्कथनमा कोशीय संसक्तिको विश्लेषण गर्दा सबैभन्दा पहिले सङ्कथनको पूर्ण वा आंशिक रूपमा सार बुझ्नु पर्छ । त्यसपछि सङ्कथनको सार बुझाउन कोशीय एकाइको छनोटले कसरी सहयोग पुऱ्याइरहेको छ भन्ने कुरामा विचार गर्नुपर्छ । यस्ता संसक्ति निम्न लिखित रहेका छन् :

### २.८.१.२.१ पुनरावृत्ति

सङ्कथनमा अगिल्लो वाक्यमा प्रयोग भएका भाषिक एकाइ पछिल्लो वाक्यमा पनि देखापरेमा त्यहाँ पुनरावृत्ति हुन्छ । एउटै भाषिक एकाइको पटक पटक प्रयोगबाट पुनरावृत्तिको सिर्जना हुन्छ । अगिल्ला प्रसङ्ग र पछिल्ला प्रसङ्गलाई जोड्न पुनरावृत्तिले सहयोग पुऱ्याउँदछ । फलस्वरूप अर्थगत निरन्तरता कायम हुन्छ । सङ्कथनमा पद, पदावली, उपवाक्य र सिङ्गो वाक्यको समेत पुनरावृत्ति हुन्छ । पुनरावृत्ति अन्तरवाक्यीय र वाक्यान्तरिक दुबै रूपमा देखा पर्दछ ।

### २.८.१.२.२ पर्यायवाची

एउटै अर्थ बुझाउने भिन्नै रूप भएका शब्द समूहलाई पर्यायवाची शब्द भनिन्छ । सङ्कथनमा यिनले विचारको श्रृङ्खला निर्माण गर्न सघाउ पुऱ्याउँछन् । यस्ता पर्याय शब्द

पनि पूर्ण पर्याय र आंशिक पर्याय गरी दुई प्रकारका हुन्छन् । कुनै शब्दको उस्तै अर्थ दिने शब्द भएमा पूर्ण पर्याय र आंशिक किसिमका वा भन्डै समान किसिमको अर्थ बुझाउने शब्द आंशिक पर्याय हुन् । पर्यायवाची शब्दका भाषिकागत, सन्दर्भगत, स्रोतगत र शैलीगत गरी चार भेद छन् (पोखरेल, २०५९ : १५५) । यस्ता शब्दले पाठलाई अर्थपूर्ण अन्वितिपूर्ण र सुश्रृङ्खलित बनाउन सहयोग पुऱ्याउँछन् ।

### २.८.१.२.३ विपरीतार्थी

पाठमा परस्पर विपरीत अर्थ दिने शब्दको पनि प्रयोग भइरहेको हुन्छ । शब्दको उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । विपरीतार्थी शब्द संरचना र अर्थका दृष्टिले भिन्न किसिमका हुन्छन् । विपरीतार्थी शब्द पनि श्रेणीवद्ध, परिपूरक र विरुद्धार्थक गरी तीन किसिमका हुन्छन् । यस्ता शब्दले पाठमा परस्पर जोर्नीको काम गरी अर्थगत अन्विति गराउने काम पनि गर्दछन् ।

### २.८.१.२.४ समावेशात्मकता

धेरैवटा पद वा पदावलीको अर्थ एउटै पदमा समावेश हुनु समावेशात्मकता हो । समावेशात्मकता अन्तर्गत समावेशक र समावेशित गरी दुईवटा शब्द प्रचलित छन् । समावेशक धेरैवटा पदलाई आफूसँग समावेश गर्न सक्छ भने एउटै साझा गुणसँग समावेश हुन सक्ने पदलाई समावेशित भनिन्छ । जस्तै केटो, केटी, आइमाई, लोग्ने, राम, श्याम आदि एउटै 'मान्छे' शब्दभित्र समावेश हुन्छन् । अतः यी शब्द समावेशक हुन् । समावेशकले पनि पाठमा जोर्नीको भूमिका निर्वाह गर्ने हुँदा यसलाई संसक्ति भनिन्छ ।

### २.८.१.२.५ सन्निधान

कुनै पनि पद, पदावली वा वाक्य खास सन्दर्भ वा पद, पदावली वा वाक्यसँग मात्र आउन सक्छन भने तिनलाई सन्निधान भनिन्छ । सन्निधान भनेको सहप्रयोग हो । कुनै एउटा शब्द खास अर्को शब्दको साथमा मात्र आउन सक्छ तर त्यही शब्द जुन पायो त्यही शब्दसँग आउन नसक्ने स्थितिलाई सन्निधान भनिन्छ । त्यसैले सन्निधानले दुई शब्द निकट रहने बुझाउँदछ । संसक्ति अन्तर्गत सन्निधानको पनि विश्लेषण गरिन्छ ।

### २.८.२ संयुक्ति (कोहिरेन्स)

संयुक्तिले कुनै पनि पाठको वैचारिक अन्तःसूत्रको निरन्तरतालाई जनाउँदछ । संयुक्तिलाई कतै सम्बद्धन पनि भन्ने गरेको पाइन्छ तर यहाँ संयुक्ति भनेर व्याख्या विश्लेषण गरिएको छ । यसले पाठमा प्रयुक्त भएको अभिव्यक्तिको वैचारिक सिलसिलालाई जनाउँदछ । कुनै पनि पाठमा खास किसिमको विवरणगत र वर्णनगत अनुक्रम आवश्यक पर्दछ । विषय प्रसङ्ग वा घटनाक्रम स्वभाविक रूपमा सिलसिलाबद्ध भएर प्रस्तुत भएमा त्यसले बोद्धालाई विषयको बोध गर्न सजिलो हुन्छ । त्यहाँ संयुक्तिको पालना भएको पनि मानिन्छ । यसका विपरीत घटनाक्रम भग्नक्रममा आएमा बोद्धालाई विषयको बोध गर्न असजिलो हुन्छ । त्यस अवस्थामा संयुक्तिको उचित निर्वाह भएको मानिँदैन । कहिलेकाहीँ परिवेश, पृष्ठभूमि, घटनाक्रम आदिले पनि विषयबोध गर्न सघाउँछ । त्यसैले अगिल्ला वाक्यमा प्रयुक्त विचारले पछिल्ला वाक्यलाई निर्देशित तथा सङ्केतिक गर्दै लगेको हुनुपर्दछ । सामान्य अर्थमा सम्बद्धनले अभिव्यक्तिको वैचारिक सिलसिलालाई जनाउँदछ (अधिकारी, २०६७ : २५४) । उपर्युक्त चर्चाबाट विषयवस्तु, त्यसको क्रमबद्ध प्रस्तुति, प्रस्तुत विषयको परिवेश अनि वक्ता वा लेखक र श्रोता वा पाठकको मानसिक समानता बिचको उपयुक्त तालमेल नै संयुक्ति हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ । सङ्कथन अभिव्यक्तिको अर्थगत वा वैचारिक सिलसिला जोड्ने अन्तःसूत्र हो । समग्रमा भन्नुपर्दा संयुक्तिले पाठमा प्रयुक्त भएको वैचारिक अन्तःसूत्रको निरन्तरतालाई जनाउँदछ ।

सङ्कथन भाषाबाट मात्र नभएर प्रस्तोता वा बोद्धाको विभिन्न परिवेशगत पृष्ठभूमिबाट पनि प्रभावित र निर्देशित हुने गर्दछ । त्यसैले पाठको अन्तःसूत्र पहिल्याउन त्यसको सन्दर्भार्थ, निहितार्थ, प्रसङ्गार्थ तथा अन्य प्रभावक तत्वका बारेमा समेत बुझ्नुपर्दछ । त्यस्तै पाठलाई बुझाउन र बुझ्न प्रस्तोता र बोद्धाको पूर्व अनुभव, ज्ञान, परिवेशका बारेमा पनि जानकार हुनुपर्दछ । संयुक्तिले सङ्कथनलाई अर्थको विश्रृङ्खलता, भग्नता र प्रसङ्गहीनता हुनबाट जोगाउँछ । यसरी संयुक्तिले सङ्कथनमा विभिन्न अर्थ सम्बन्धलाई समेटेको हुन्छ । त्यस्ता अर्थ सम्बन्ध पोखरेल (२०६९ : २६) ले निम्नानुसार उल्लेख गरेका छन् :

### २.८.२.१ सामान्य विशिष्ट / विशिष्ट सामान्य सम्बन्ध

सङ्कथनमा अगिल्लो वाक्य सामान्य र पछिल्लो वाक्य विशिष्ट भई प्रयुक्त भएको अवस्थालाई सामान्य विशिष्ट सम्बन्ध भनिन्छ । त्यसैगरी पाठमा प्रयुक्त अगिल्लो वाक्य विशिष्ट र पछिल्लो वाक्य सामान्य भएमा यी दुई बिचको सम्बन्धलाई विशिष्ट सम्बन्ध भनिन्छ ।

### २.८.२.२ कार्यकारण / कारणकार्य सम्बन्ध

सङ्कथनमा प्रयुक्त अगिल्लो वाक्य कार्यस्वरूप र पछिल्लो वाक्य कारणस्वरूप आएमा यी वाक्यका बिचको सम्बन्धलाई कार्यकारण सम्बन्ध भनिन्छ । त्यसैगरी सङ्कथनमा प्रयुक्त वाक्य मध्ये अगिल्लो वाक्य कारणका रूपमा र पछिल्लो वाक्य कार्यका रूपमा आएमा यी वाक्यका बिचको सम्बन्धलाई कारणकार्य सम्बन्ध भनिन्छ ।

### २.८.२.३ प्रभाव र प्रतिफलको सम्बन्ध

पाठमा प्रयुक्त भएको अगिल्लो भाषिक अभिव्यक्तिका प्रभावमा परेर त्यसको प्रतिफल स्वरूप पछिल्लो अभिव्यक्ति आएमा त्यसमा प्रभाव र प्रतिफलको सम्बन्ध भएको मान्न सकिन्छ ।

### २.८.२.४ तुलनात्मक सम्बन्ध

सङ्कथनमा प्रयुक्त भएका वाक्यमा कुनै वस्तुका समानता, असमानता, उपयोगिता र अनुपयोगिता आदिको चर्चा गरिएमा ती वाक्यका बिचको सम्बन्धलाई तुलनात्मक सम्बन्ध भनिन्छ ।

### २.८.२.५ अप्रत्यक्ष सम्बन्ध

सङ्कथनमा प्रयुक्त भएका वाक्यमा कुनै सम्बन्ध नरहे जस्तो लागे पनि कुनै न कुनै रूपमा वा परोक्ष रूपमा ती वाक्य आपसी रूपमा सम्बन्धित हुँदै सहयोगात्मक भूमिका निर्वाह गर्दछन् भने ती वाक्यका बिचका सम्बन्धलाई अप्रत्यक्ष सम्बन्ध भनिन्छ ।

### २.८.२.६ आर्थी पर्यायको सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यका बिचमा संरचनागत समानता नरहे तापनि अर्थगत एकरूपता छ भने ती वाक्यका बिचको सम्बन्धलाई आर्थी पर्यायको सम्बन्ध भनिन्छ ।

### २.८.२.७ आर्थी विपर्यायको सम्बन्ध

आर्थी विपर्यायलाई विपरीतबोधक सम्बन्ध पनि भनिन्छ । सङ्कथनमा रहेका वाक्यका बिच परस्पर विपरीत अर्थ आउँछ भने ती वाक्यका बिचको सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध भनिन्छ ।

### २.८.२.८ स्पष्टोक्ति  सम्बन्ध

सङ्कथनमा प्रयुक्त दुई वाक्य मध्ये अगिल्लो वाक्यका विषयको स्पष्टीकरणमा पछिल्लो वाक्य आएमा ती वाक्यका बिचको सम्बन्धलाई स्पष्टोक्ति सम्बन्ध भनिन्छ ।

### २.८.२.९ परिवेश र घटनाको सम्बन्ध

सङ्कथनमा प्रयुक्त अगिल्लो वाक्यमा परिवेश र पछिल्लो वाक्यमा घटित घटना प्रस्तुत भएमा यी वाक्यका बिचको सम्बन्धलाई परिवेश र घटनाको सम्बन्ध भनिन्छ ।

### २.८.२.१० घटना र परिवेशको सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लो वाक्यमा घटना र पछिल्लो वाक्यमा परिवेश प्रस्तुत भएमा ती वाक्यका बिचको सम्बन्धलाई घटना र परिवेशको सम्बन्ध भनिन्छ ।

### २.८.२.११ प्रयोजनको सम्बन्ध

प्रयोजनलाई उद्देश्य पनि भनिने हुनाले यसलाई उद्देश्यको सम्बन्ध पनि भनिन्छ । सङ्कथनमा प्रयुक्त वाक्यमध्ये एउटा वाक्यमा घटना देखाएपछि अर्को वाक्यमा त्यस्तो हुनुको कारण वा प्रयोजन बताएमा यी वाक्यका बिचको सम्बन्धलाई प्रयोजनको सम्बन्ध भनिन्छ ।

### २.८.२.१२ अनुमानको सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यमा अनुमान प्रकट गरियो भने ती वाक्यका बिचको सम्बन्धलाई अनुमानको सम्बन्ध भनिन्छ ।

### २.८.२.१३ परिचयात्मक सम्बन्ध

सङ्कथनमा प्रयोग भएका वाक्यमध्ये अगिल्लो वाक्यमा कुनै कुराको परिचय र पछिल्लो वाक्यमा त्यसका विशेषता वर्णन गरिएमा ती वाक्यका बिचको सम्बन्धलाई परिचयात्मक सम्बन्ध भनिन्छ ।

### २.८.२.१४ समुच्चयबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये दुबै वाक्य समानान्तर अस्तित्त्व वा हैसियतमा रहने र प्रयुक्त विषयको अर्थ दुबैले स्पष्ट पार्न सहयोग गर्ने वाक्यबिचको सम्बन्धलाई समुच्चायबोधक सम्बन्ध भनिन्छ ।

### २.८.२.१५ निहितार्थ सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लोको अर्थ पछिल्लो वाक्यमा र पछिल्लो वाक्यको अर्थ अगिल्लोमा समावेश भएमा ती वाक्य बिचको सम्बन्धलाई निहितार्थ सम्बन्ध भनिन्छ ।

### २.८.२.१६ पुनरुक्ति सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये कुनै एउटा वाक्यका घटक अर्को वाक्यमा दोहोरिएर अर्थ स्पष्ट पार्न सहयोग पुऱ्याएमा यी वाक्यका बिचको सम्बन्धलाई पुनरुक्ति सम्बन्ध भनिन्छ ।

### २.८.२.१७ रीतिबोधक सम्बन्ध

रीतिले प्रस्तुतिको शैलीलाई जनाउँछ । सङ्कथनमा प्रयुक्त कार्य वा घटनाको शैली बुझाउन प्रयोग हुने भाषिक घटक बिचको सम्बन्धलाई रीतिबोधक सम्बन्ध भनिन्छ । यसमा साहित्यिक आलङ्कारिक किसिमको र कतिपय ठाउँमा अनुकरणात्मक एवम् टुक्काको समेत प्रयोग भएको हुन्छ ।

### २.८.२.१८ शीघ्रताबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यबा बिचमा घटना वा कार्य तत्काल भएको सूचना प्राप्त भएमा ती वाक्यका बिचको सम्बन्धलाई शीघ्रताबोधक सम्बन्ध भनिन्छ ।

### २.८.२.१९ स्मरणको सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लोमा घटनासँग सम्बन्धित भएर वर्तमानको सम्बन्ध र पछिल्लोमा विगतको सन्दर्भ भएमा ती वाक्य बिचको सम्बन्धलाई स्मरणको सम्बन्ध भनिन्छ ।

### २.८.२.२० अनुक्रमबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्य बिचमा कुनै घटना वा कार्यको तार्किक अनुक्रम देखाइएको छ भने ती वाक्यका बिचको सम्बन्धलाई अनुक्रमबोधक सम्बन्ध भनिन्छ ।

### २.८.२.२१ प्रश्नोत्तर सम्बन्ध

सङ्कथनमा प्रयुक्त भएका वाक्यमध्ये अगिल्ला र पछिल्ला वाक्यका बिचमा प्रश्न र उत्तरको क्रम र सिलसिला रहेको ती वाक्यका बिचको सम्बन्धलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ ।

### २.८.२.२२ प्रश्नार्थक सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लो र पछिल्लो दुबै वाक्य प्रश्नका रूपमा आएका छन् भने ती वाक्यका बिचको सम्बन्धलाई प्रश्नार्थक सम्बन्ध भनिन्छ ।

### २.८.२.२३ आज्ञार्थ सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यले आज्ञा वा अनुरोध बुझाउँछ भने ती वाक्यका बिचको सम्बन्धलाई आज्ञार्थ सम्बन्ध भनिन्छ ।

### २.८.२.२४ युगबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लो र पछिल्लो वाक्यका बिचमा दुई वा सो भन्दा बढी घटना एकैपटक भएको अवस्था सिर्जना भएमा ती वाक्यका निर्दिष्ट निबन्धको को सम्बन्धलाई युगबोधक सम्बन्ध भनिन्छ ।

## २.९ सङ्कथनका तत्त्वहरू

कुनै पनि एउटा सिङ्गो रूप तयार हुनाका लागि केही उपकरणको आवश्यकता पर्दछ । यसैलाई नै तत्त्व भनिन्छ । सङ्कथन पनि एउटा पूर्ण पाठ भएकाले यसको निर्माणमा केही अङ्गले संरचनात्मक भूमिका निर्वाह गरेका छन् । सङ्कथनलाई पूर्ण बनाउने सिलसिलामा प्रयुक्त तत्त्वलाई सम्प्रेषणात्मक तत्त्वका रूपमा समेत लिन सकिन्छ । अधिकारी, (२०६५: २५८-५९) का अनुसार सङ्कथनका तत्त्व निम्नानुसार रहेका छन् :

### २.९.१ सम्बोधक

सम्बोधकलाई वक्ता वा प्रस्तोता पनि भनिन्छ । त्यसैले सम्बोधक सङ्कथनको अनिवार्य तत्त्व हो । कथ्य सङ्कथनमा वक्ताका रूपमा सम्बोधक उपस्थित हुन्छ । त्यस्तै लेख्य सङ्कथनमा सम्बोधक लेखकका रूपमा उपस्थित हुन्छ । सम्बोधकले आफ्ना अभिव्यक्ति सम्बोधित वा प्रापक समक्ष प्रस्तुत गर्दछ ।

### २.९.२ सम्बोधित

सम्बोधकले प्रस्तुत गरेको पाठलाई ग्रहण गर्ने व्यक्तिलाई सम्बोधित भनिन्छ । सम्बोधितलाई बोद्धा पनि भन्ने गरिन्छ । यसले कथ्य सङ्कथनमा स्रोताको भूमिका निर्वाह गर्दछ भने लेख्य सङ्कथनमा पाठकको भूमिका निर्वाह गर्दछ । कथ्य सङ्कथनमा सम्बोधक र सम्बोधितको भूमिका गतिशील हुन्छ भने लेख्य सङ्कथनमा यी दुई बिचको भूमिका स्थिर रहन्छ ।

### २.९.३ माध्यम

सङ्कथनको सूचना प्रवाह गर्ने मार्गलाई माध्यम भनिन्छ । यसले सम्बोधक र सम्बोधितका बिच सम्बन्ध स्थापित गर्ने महत्त्वपूर्ण कार्य गर्दछ । कथ्य र लेख्य माध्यमबाट सङ्कथनको सम्प्रेषण गर्न सकिन्छ । विभिन्न सञ्चार माध्यम, चिठीपत्र आदिका माध्यमबाट सङ्कथनको सम्प्रेषण गर्न सकिन्छ । त्यस्तै विभिन्न सङ्केत चिह्न पनि सङ्कथनका माध्यमका रूपमा प्रयोग हुन्छन् ।

### २.९.४ विषय

कुनै पनि पाठको केन्द्रीय अभिव्यक्ति वा कथ्य नै त्यसको विषय हो । यसलाई शीर्षकका रूपमा उल्लेख गर्न सकिन्छ । विषयवस्तु, विषयप्रधान, घटनाप्रधान, चरित्र प्रधान हुन सक्छन् । त्यस्तै कुनै विषय वर्णनात्मक, कुनै विषय नाट्यात्मक, कुनै विषय विवरणात्मक त कुनै विषय सूचनात्मक पनि हुन सक्छन् । त्यस्ता विषयले सङ्कथनलाई प्रभावित पार्दछन् । त्यसैले विषयवस्तु सङ्कथनको महत्त्वपूर्ण तत्त्व हो ।

### २.९.५ कोड

कोडलाई भाषिक सङ्केत पनि भनिएको पाइन्छ । यसको छनोटबाट पनि सङ्कथनमा भिन्नता आएको पाइन्छ । कुनै सङ्कथन मानक कोडमा प्रस्तुत भएको हुन्छ भने कुनै सङ्कथन स्थानीय भाषिक कोडमा पनि प्रस्तुत भएको हुन्छ । कोडले पनि सङ्कथन निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले यसलाई तत्त्वका रूपमा लिइएको पाइन्छ ।

### २.९.६ सूचनाको स्वरूप

सूचनाको स्वरूप अनुसार सङ्कथनमा विविधता देखा पर्दछ । गफ, छलफल, ठट्टा, वादविवाद, चिठी, विज्ञापन आदिमा एकै खालका विषयवस्तुलाई भिन्न भिन्न ढङ्गमा प्रस्तुत गरिएको हुन्छ । यी विषयले पनि सङ्कथनमा प्रभाव पार्दछन् । त्यसैगरी दृष्टिविन्दुको आधारमा पनि सङ्कथनको स्वरूपमा विविधता आउन सक्छ । यिनले विषयवस्तुको सङ्गठनमा सरलता, जटिलता, सघनता-शिथिलता समेत दर्शाउँछन् ।

### २.९.७ परिवेश

विषयवस्तुको प्रस्तुतिसँग आबद्ध परिवेशले पनि सङ्कथनको महत्त्वपूर्ण तत्त्वका रूपमा भूमिका खेलेको हुन्छ । घर, परिवार, हाट बजार, बैठक, सभा समारोह, गोष्ठी आदि औपचारिक वा अनौपचारिक स्थितिका विविध सामाजिक सन्दर्भका साथै स्थान र समयको भिन्नता तथा त्यस्ता भौतिक अवस्थितिले पनि परिवेशको भिन्नतालाई प्रतिविम्बित गर्दछ । परिवेशलाई भाषिक र अभाषिक दुई भागमा बाँड्न सकिन्छ । विश्लेषित सङ्कथनको ठीक अगाडी वा पछाडी परिवेशलाई भाषिक परिवेश भनिन्छ । साथै जुन परिवेशमा विश्लेषण गरिने सङ्कथनको प्रयोग हुन्छ त्यसलाई अभाषिक वा अनुभविक परिवेश भनिन्छ ।

## २.१० सङ्कथन विश्लेषणका पद्धतिहरू

कुनै पनि पाठको विश्लेषणका क्रममा निश्चित पद्धति वा तरिका अवलम्बन गर्नु पर्दछ । पाठको विश्लेषण गर्ने क्रममा कहाँबाट सुरु गर्ने र कसरी विश्लेषण गर्ने भनी निर्धारण गरिएको ढाँचा नै सङ्कथन विश्लेषणको पद्धति हो । सङ्कथन विश्लेषणका क्रममा सङ्कथनमा प्रयुक्त घटनाको बाह्य संरचना र तिनको आन्तरिक अर्थ सम्बन्धको खोजी र विश्लेषण गरिन्छ । तर सामान्य घटकको पहिचान र विश्लेषण गरी विशिष्टतिर जाने हो कि विशिष्टबाट सामान्यतिर जाने हो वा यी दुबैभन्दा भिन्न किसिमले सङ्कथन विश्लेषण

गर्ने भन्ने कुराको अध्यायलाई निश्चित गन्तव्यतिर पुऱ्याउनका लागि पद्धतिको आवश्यकता पर्दछ । यो कुरा सङ्कथन विश्लेषणमा अपनाउने विधि र तरिका वा पद्धतिमा भर पर्दछ । सङ्कथन विश्लेषणका मुख्य गरी तीनवटा पद्धति विकसित भएका छन् । ती पद्धतिमा गौतम, (२०६१: १०) अनुसार ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धति, स्टानोभिच (ई. १९८०) अनुसार अन्तरक्रियात्मक वा मिश्रित पद्धति रहेका छन् । यी पद्धतिको संक्षिप्त परिचय तल दिइएको छ :

## २.१०.१ ऊर्ध्वगमन पद्धति

सङ्कथन विश्लेषणका साना भाषिक एकाइबाट क्रमशः माथितिर जाने पद्धतिलाई ऊर्ध्वगमन पद्धति भनिन्छ । सङ्कथन विश्लेषणको यो पद्धतिलाई विशिष्ट भाषिक एकाइबाट सामान्य भाषिक एकाइतिर जाने पद्धतिका रूपमा पनि लिइने गरिन्छ । यस पद्धतिमा सर्वप्रथम भाषिक एकाइलाई पहिचान गरी विश्लेषण गरिन्छ । त्यसपछि क्रमशः माथिल्ला भाषिक एकाइको खोजी गरिन्छ । यसमा पाठमा रहेका अर्थयुक्त पददेखि लिएर वाक्य, अनुच्छेद, परिच्छेद हुँदै सिङ्गो भाषिक उच्चारणको विश्लेषण गरिन्छ । यसरी सानो भाषिक एकाइको विश्लेषण गर्दै ठूलो एकाइको खोजी र विश्लेषणतर्फ केन्द्रित हुने पद्धति नै ऊर्ध्वगमन पद्धति हो ।

## २.१०.२ अधोगमन पद्धति

पाठको विश्लेषणका क्रममा ठूलो भाषिक संरचनाबाट क्रमशः साना भाषिक संरचनातर्फ केन्द्रित रहने पद्धतिलाई अधोगमन पद्धति भनिन्छ । यसलाई माथिबाट तलतिरको क्रममा पद्धतिका रूपमा पनि लिन सकिन्छ । अधोगमन र ऊर्ध्वगमन पद्धतिलाई निम्नानुसार देखाउन सकिन्छ :

| ऊर्ध्वगमन पद्धति (↑) | | अधोगमन पद्धति (↓) |
|---|---|---|
| | पाठ | |
| | परिच्छेद | |
| | अनुच्छेद | |
| | वाक्य | |
| | उपवाक्य | |
| | पद | |

### २.१०.३ अन्तरक्रियात्मक/मिश्रित पद्धति

पाठ विश्लेषणका क्रममा ऊर्ध्वगमन र अधोगमन दुबै पद्धतिको मिश्रित रूप अन्तरक्रियात्मक पद्धति हो । यसलाई रसियन भाषाशास्त्री स्टानोभिचले सन् १९८० तिर तयार पारेका हुन् । अगिल्ला दुबै पद्धतिमा रहेका केही समस्यालाई निराकरण गर्नका लागि यो पद्धति तयार गरिएको हो । प्रस्तुत पद्धति पाठ विश्लेषणको तेस्रो पद्धतिका रूपमा परिचित छ । यसले ऊर्ध्वगमन र अधोगमनका आधारमा नभई आवश्यकताको सिद्धान्तका आधारमा पाठको विश्लेषण गर्दछ । यसले आवश्यकता अनुसार ऊर्ध्वगमन र अधोगमन दुबै पद्धतिको उपयोग गर्दछ । त्यसैले यसलाई सङ्कथन विश्लेषणको मिश्रित पद्धति पनि भनिएको हो ।

## २.११ पाठ विश्लेषणका रूपमा सङ्कथन विश्लेषण

सङ्कथन विश्लेषणका सन्दर्भमा जेसुकै चर्चा परिचर्चा गरिए तापनि यसको मूलभूत अभीष्ट पाठको विश्लेषण गर्नु हो । सङ्कथन विश्लेषणको एक मुख्य पक्ष पाठको विश्लेषण हो । पाठ विश्लेषणको मुख्य अवधारणा व्यवस्थापरक भाषाविज्ञानबाट आएको हो । त्यसैले यस सिद्धान्त वा अवधारणाका प्रतिपादक ह्यालिडे हुन् (गौतम, पूर्ववत) । यसमा कृतिको सामाजिकीकरणका पक्षमा ध्यान दिइन्छ । पाठ विश्लेषणमा गुणात्मक विधिबाट पाठभित्र चुनिएका अंशको अध्ययन गरी निष्कर्ष निकालिन्छ । यसैले सङ्कथन विश्लेषण केवल पाठमा रहेको भाषाको विश्लेषण मात्र होइन, पाठमा रहेका सामाजिक संरचना र परिवेशको विश्लेषण गर्नु पनि हो । सबै पाठ सामाजिक परिघटनाका पक्ष हुन् । यस्ता घटनाको पाठमा कार्यात्मक प्रभाव रहेको हुन्छ । पाठमा रहेको कुनै एक पक्षले मात्र पाठकको ज्ञान, बोध, विश्वास, आस्था र निश्चित सामाजिक स्थिति एवम् भौतिक परिवेशमा प्रभाव पारेको हुँदैन । पाठमा समग्र पक्ष समेटिएको हुन्छ । पाठमा कार्य र कारण श्रृङ्खला उपयुक्त र आफै नियमित भइरहेको पनि हुँदैन । कुनै पनि भाषिक अभिव्यक्ति वा पाठ कार्यकारणका रूपमा रहनका लागि यसमा विभिन्न अन्य पक्ष संलग्न भएका हुन्छन् । पाठमा सामाजिक संसारका पक्षका रूपमा रहेका सामाजिक संस्था पनि सामाजिक रूपमा नै निर्मित भएका हुन्छन् । यस्ता पाठात्मक पक्ष तथा भाषामा समेटिएका सन्दर्भ सामाजिक परिघटनाको अध्ययन सङ्कथन विश्लेषणमा गरिन्छ ।

पाठभित्र रहेका विभिन्न सन्दर्भलाई सङ्कथन विश्लेषणमा अध्ययन गरिन्छ । पाठकले वा बोद्धाले पाठभित्रको सामाजिक संसारलाई जसरी बुभ्mदछ, अनुभूत गर्दछ वा प्रतिनिधित्व गर्दछ त्यही नै त्यस पाठमा रहेको अर्थ सन्दर्भ हो । वास्तवमा पाठ सामाजिक परिघटनाको एक पाटो हो । बोल्नु वा लेख्नु भनेको व्यापक अर्थमा कुनै सामाजिक परिघटनामा कुनै व्यक्तिबाट गरिएको क्रिया वा अन्त क्रिया हो (ऐजन) । कुनै भाषण वा व्याख्यानका तुलनामा कुनै पनि खेलकुदको वर्णनमा भन्दा गैर भाषिक कार्य बढी समाविष्ट भएको हुन्छ । अतः यो पाठात्मक प्रकृतिको सामाजिक परिघटना हो । त्यसैले कतिपय सामाजिक परिघटना पनि पाठात्मक प्रकृतिका हुन्छन् ।

सङ्कथनको वा पाठको बाह्य तथा आन्तरिक रूपमा सम्बन्ध रहेको हुन्छ । पाठको आन्तरिक पक्ष र सन्दर्भमा भाषिक पक्षको चयन पर्दछ । यसमा ध्वनि, शब्द, रूप, पदावली, उपवाक्य, वाक्य तथा व्याकरणिक पक्षको चयन पर्दछ । यसमा भाषिक पक्ष कस्तो, कुनकुन पक्षको चयन गरिएको छ, कुन पक्षको किन चयन गरिएको छ, आदि कुरालाई आधार बनाएर अध्ययन गर्न सकिन्छ । पाठको बाह्य सम्बन्धको विश्लेषण भनेको सामाजिक घटनासितको तिनको सम्बन्धको विश्लेषण हो । अमूर्त रूपमा रहेका सामाजिक रीति, थीति र सामाजिक संरचनाको विश्लेषण हो (ऐजन) । सामाजिक परिघटनका पक्षसित पाठको सम्बन्धको विश्लेषणमा यिनी कसरी कार्य, पहिचान र प्रतिनिधित्वमा अङ्कित भएका छन् भन्ने कुराको विश्लेषण हो । पाठको बाह्य पक्ष भनेको अन्य बाह्य पाठसितको सम्बन्ध हो । अरुका विचार वा पक्षलाई पाठमा कसरी समावेश गरिएको छ भन्ने हो । यसर्थ भाषिक पक्षको अध्ययनबाट मात्र पाठलाई जति धेरै सन्दर्भ तानेर ल्याउन सकिन्छ त्यति नै पाठ विश्लेषण उपयोगी हुने तथ्य निरूपण गर्न सकिन्छ ।

## २.१२ सारांश

सङ्कथन विभिन्न वाक्यको उपस्थिति रहेको वाक्यभन्दा माथिल्लो उच्चतम् भाषिक विस्तार हो । यसमा विभिन्न वाक्यले सिङ्गो पाठ निर्माणमा नेतृत्वदायी भूमिका खेलेका हुन्छन् । सङ्कथनमा खास अर्थको सम्प्रेषण प्रवाहित हुन्छ । सङ्कथनले भाषाको सर्वोच्च एकाइका रूपमा भूमिका निर्वाह गरेको हुन्छ । सङ्कथनलाई माध्यमका आधारमा दुई (कथ्य र लेख्य) प्रकारमा वर्गीकरण गरिएको छ । कथ्य सङ्कथन अन्तर्गत वादविवाद, घटना वर्णन, गफ, छलफल, संवाद, कथाकथन वस्तु तथा चित्र वर्णन, समाचार वाचन आदि

पर्दछन् । त्यस्तै लेख्य सङ्कथन अन्तर्गत कथा, कविता लगायत साहित्यका विधा, लेख्य रूपमा रहेका विभिन्न वाङ्मय तथा चिठी, प्रतिवेदन, बजेट, रसिद, पूर्जी आदि पर्दछन् ।

यसरी सङ्कथन एउटा सिङ्गो भाषिक अभिव्यक्ति भएकाले यसका केही संरचक घटक रहेका छन् । यिनै संरचक घटकलाई सङ्कथनका तत्त्व पनि भनिन्छ । यस्ता सङ्कथनका तत्त्वमा प्रस्तोता, बोद्धा, माध्यम, सूचनाको स्वरूप, विषय, भाषिक सङ्केत र परिवेश रहेका छन् । सङ्कथन विश्लेषणको सुरुवात सन् १९५२ बाट औपचारिक रूपले भएको हो । यसलाई जेलिङ ह्यारिस भन्ने भाषा वैज्ञानिकले प्रथम पटक प्रयोगमा ल्याएका हुन् । हेयर टनिकको विज्ञापनको भाषाको प्रयोगका क्रममा यसको प्रयोग भएको हो । सङ्कथन विश्लेषणको सुरुवातसँगै यसका विभिन्न पद्धति विकसित भएका छन् । यी पद्धति मध्ये ऊर्ध्वगमन, अधोगमन र मिश्रित पद्धति सङ्कथन विश्लेषणका क्रममा बढी उपयोग भएका छन् । सङ्कथन विश्लेषणका सम्बद्धक र सम्बद्वन जस्ता युक्ति रहेका छन् । संसक्तिले भाषिक जोर्नीको भूमिका निर्वाह गर्दछन् भने संसक्तिले वैचारिक अन्तःसूत्रको निरन्तरतालाई जोड्ने काम गर्दछन् । यसरी सङ्कथनका महत्त्वपूर्ण अङ्गका रूपमा संसक्ति र संयुक्तिलाई लिन सकिन्छ । यिनीको उपयुक्त र औचित्यपूर्ण प्रयोगका साथै संयोजनले सङ्कथन प्रभावकारी, सान्दर्भिक र सम्प्रेषणीय बन्दछ ।

## अध्याय : तिन

# गोधूलि संसार निबन्धमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

## ३.१ 'गोधूलि संसार' निबन्धको परिचय

शङ्कर लामिछाने (जीवनकाल १९८४-२०३२) द्वारा लिखित 'गोधूलि संसार' निबन्ध 'गोधूलि संसार' निबन्ध सङ्ग्रहमा सङ्गृहीत र २०२५ सालमा प्रकाशित निस्सारता र निरर्थकतालाई प्रस्तुत गरिएको निबन्ध हो । गोधूलि भनेको अस्ताउँदो सूर्य र उदाउँदो रात्रिको सन्नाटा हो । जीवनको उत्तरार्द्ध प्रहरमा लेखिएको यस निबन्धमा पनि आफ्नो जीवनको अस्ताउँदो क्षणलाई विशृङ्खल किसिमका भावहरूका माध्यमबाट अभिव्यक्त गर्ने प्रयास गरिएको छ । वास्तवमै भन्ने हो भने यस निबन्धमा झिना मसिना जीवन सम्बन्धीका निबन्धकारका चिन्तन बाहेक अरु केही छैन । बौद्धिक पाठकका लागि मस्तिष्क मथिङ्गल गर्ने एउटा लेखको रुपमा गोधूलि संसार निबन्ध आएको छ । यति हुँदा हुँदै पनि मान्छेले जीवनमा भोग्नु परेका बाध्यता, विवशता, अर्थहीन जिन्दगी र त्यसभित्रको खोक्रोपनालाई प्रस्तुत गर्नु नै जीवनको चित्रण गर्नु हो । मान्छे जे हुन, जे बन्न र जे गर्न चाहन्छ त्यो कहिल्यै पुरा नहुने र त्यही अपूर्णताका बिचमा जीवन बित्ने निष्कर्ष पनि प्रस्तुत गरिएको छ । जीवनलाई यता न उताको अवस्था वा गोधूलि संसारको अवस्थासँग उनले यस निबन्धमा चित्रण गरेका छन् । यही विचारलाई उपयुक्त भाषिक एकाइ र अर्थगत सम्बन्धको उपयुक्तता सहित प्रस्तुत भएको छ कि छैन भनी यस अध्ययनमा विश्लेषण गरिएको छ ।

## ३.२ निर्दिष्ट निबन्धको वाक्यहरूका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको वाक्यहरूका बिचमा प्रयुक्त संसक्तिको विश्लेषण गर्ने क्रममा सिङ्गो पाठलाई अनुच्छेदगत रुपमा विभाजन गरिएको छ । त्यस अनुच्छेदलाई पनि सङ्कथनको सानो एकाइ वाक्यका तहमा विभाजन गरिएको छ र ती वाक्य वाक्यका बिचमा प्रयुक्त भएका संसक्तिहरूको पहिचान र विश्लेषण गरिएको छ । यसरी वाक्यहरूका बिचमा बाह्य सम्बन्ध देखाउन आउने संसक्तिको खोजी गरी तालिकामा प्रस्तुत गरिएको

छ । त्यसका लागि प्रत्येक अनुच्छेदमा रहेका वाक्यहरूलाई सङ्ख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । प्रत्येक अनुच्छेदका वाक्यान्तरिक वा आन्तरवाक्यीय संरचनामा आएका संसक्तिलाई तल प्रस्तुत गरिएको छ ।

### ३.२.१ निर्दिष्ट निबन्धको पहिलो अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको पहिलो अनुच्छेदमा वाक्य सङ्ख्या १ देखि २ सम्म जम्मा २ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

वा.सं.

१. खासमा जे लेख्न म बसेको छु त्यसको उपयुक्त शीर्षक यो भएन ।

२. तर उपाय छैन अब - यी दुई शब्द टाउकामा ढ्याम्म बास बस्न आइ पुगे, यिनको सत्कार नगरी यी टल्ने होइनन् पनि ।

**निर्दिष्ट निबन्धको पहिलो अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. १**

| **वा.सं.** | **संसक्ति** | **प्रयुक्त शब्द** | **सङ्केतित अर्थ** |
|---|---|---|---|
| १ र २ | पश्चसन्दर्भक | जे | विषय |
| | व्यक्तिवाचक सर्वनाम | म | लेखक |
| | प्रतिस्थापक | त्यसको | लेख्न बसेको विषय |
| | दर्शकवाचक | यो | शीर्षक |
| | संयोजक | तर | |
| | कालिक संसक्ति | अब | |
| | प्रतिस्थापक | यी | विषय र शीर्षक |
| | स्थानिक | टाउकामा | |
| | पुनरावृत्ति | यी | |
| | निपात | पनि | संयोजकका रुपमा होइन |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. १ र २ का बिचमा पश्चसन्दर्भक, व्यक्तिवाचक, दर्शकवाचक सर्वनाम, प्रतिस्थापक संयोजक, कालिक, स्थानिक, पुनरावृत्ति र निपात जस्ता भाषिक एकाइहरूले निर्धारित निबन्धलाई परस्पर जोडेर अन्वितिपूर्ण बनाएका छन् । यस अन्तर्गत प्रयुक्त भएका जे, म, त्यसको, यो, तर, अब, यी, टाउकामा, पनि, भाषिक जोडकले वाक्यात्मक संरचनामा आदि निर्धारित पाठलाई सङ्गति प्रदान गरेका छन् । पाठमा प्रयुक्त भएको निबन्धकारको विचारलाई पाठकसम्म पुऱ्याउन आवश्यक पर्ने भाषिक जोर्नीको भूमिका यी संसक्तिले निर्वाह गरेका छन् ।

## ३.२.२ निर्दिष्ट निबन्धको दोस्रो अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ३ देखि ६ सम्म जम्मा ४ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा रहेका संसक्तिहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

३. त, जसका नजरमा यी पङ्क्ति बसिरहेका होलान्, अहिले यो क्षण, ऊ विचार गर्दो हो - 'सन्ध्याकालीन अवस्थाको एक घटना वा दृश्यको वर्णन गर्ने छ शङ्कर ।'

४. 'सायद यो लेख्दा पनि रचना काल गोधूलिकै काल होला ।'

५. शाब्दिक अर्थमा यो बिलकुलै गलत धारणा हो, कारण म बिहान लेखिरहेको छु र सन्ध्या आउन अझै दस घण्टा बाँकी छ ।

६. तर पनि लाक्षणिक अर्थमा हो भने माथि सोचेको कुरा अक्षरशः सत्य छ ।

**निर्दिष्ट निबन्धको दोस्रो अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. २**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ३ र ४ | निपात | त | |
| | सन्दर्भक | जसका | अज्ञात व्यक्तिका |
| | स्थानिक | नजरमा | |
| | अग्रसन्दर्भक | यी | विषय र शीर्षक |
| | कालिक | अहिले | |
| | कालिक | यो क्षण | |
| | तृतीय पुरुष | ऊ | अज्ञात व्यक्ति |
| | कालिक | सन्ध्याकालीन | |
| | संयोजक | वा | |
| ४ र ५ | पुनरावृत्ति | यो | |
| | संयोजक | पनि | |
| | कालिक | रचना काल | |
| | कालिक | गोधूलि | बेलुकी |
| ५ र ६ | प्रथम पुरुष | म | |
| | कालिक | बिहान | |
| | संयोजक | र | |
| | कालिक | सन्ध्या | साँझ |
| | कालिक | अझै | |
| | कालिक | दस घण्टा | |
| | संयोजक | तर | |
| | पुनरावृत्ति | पनि | |
| | संयोजक | भने | |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ३ र ४ का बिचमा निपात, सन्दर्भक, स्थानिक, अग्रसन्दर्भक, कालिक, तृतीय पुरुष, संयोजक जस्ता संसक्तिहरू रहेका

छन् । यी संसक्ति अन्तर्गत त, जसका, नजरमा, यी, अहिले, यो क्षण, ऊ, सन्ध्याकालीन, वा शब्दको प्रयोग भएको छ । त्यस्तै वा.सं. ४ र ५ का बिचमा पुनरावृत्ति, संयोजक र कालिक संसक्ति रहेका छन् । यी संसक्ति अन्तर्गत यो, पनि, रचना काल, गोधूलि शब्द प्रयुक्त छन् । त्यस्तै वा.सं. ५ र ६ का बिचमा प्रथम पुरुष, कालिक, संयोजक, पुनरावृत्ति संसक्ति प्रयुक्त छन् । यी संसक्ति अन्तर्गत म, बिहान, र, सन्ध्या, अझै, दस घण्टा, तर, पनि, भने शब्द प्रयुक्त छन् । यस अनुच्छेदमा रहेका यी संसक्तिहरूले वाक्यात्मक संरचनामा भाषिक जोर्नीको भूमिका निर्वाह गरी पाठलाई सुसम्बद्ध बनाएका छन् जसबाट पाठ भाषिक रुपमा विशृङ्खलित नभई अन्वितिपूर्ण हुन गएको छ ।

### ३.२.३ निर्दिष्ट निबन्धको तेस्रो अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ७ देखि २० सम्म जम्मा १४ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल गरिएको छ ।

७. पराजयहरू अनेक प्रकारका हुन्छन्, तीमध्ये सबभन्दा बीभत्स हुँदो रहेछ नैराश्यको ।

८. यता केही समयदेखि म त्यसैमा नजरबन्द छु ।

९. लेख्नुसिवाय केही उपाय रहन गएको छैन र लेख्न सकेको छैन केही ।

१०. र मानिसदेखि म त्रसित छु र मानिस बाहेक मेरा लागि विषयवस्तु छैन पनि अभिव्यक्तिका लागि ।

११. दसबाह्र दिनमा यसो एक पटक बाहिर निस्कन्छु परिचित अनुहारको तृष्णा मेट्न र बढी तिर्खाएर घर फर्कन्छु ।

१२. प्रायशः प्रत्येकको एउटै कुशलक्षेम हुन्छ म प्रति - “कसो, आजकाल त लेख देखिन्न नि ?”

१३. मानौँ शङ्कर लामिछाने लेख लेख्ने एउटा मेसिन हो, मेसिन मात्र, मानौँ छापाखाना हो जहाँ अक्षर कम्पोज गऱ्यो, सेट गऱ्यो, छापिदियो ।

१४. प्रश्नकर्ता बेग्लै भए पनि प्रश्न उही भएर होला अगिल्लो पटकको प्रश्न र पछिल्लो पटकको प्रश्नका दुई क्षण एकै क्षण भइ दिए जस्तो लाग्छ मलाई, अनि दसबाह्र दिनको अवधिको मेरो जीवन बिलाउँछ ।

१५. लाग्छ, म त्यस अवधिबिच बाँचेकै थिइनँ ।

१६. एक त एकनासेपनको उराठ, दोस्रो घटनाहीन कालावधि, अनि त्यस दिन आइतवार होओस् वा बुधवार मेरा लागि क्यालेन्डर एक बुट्टेदार तस्बिर मात्र बनिदिन्छ ।

१७. प्रत्येक दिवसको आरम्भ एकै प्रकारले तथा प्रत्येक सन्ध्याको अवसान एकै प्रकारले हुनु जस्तो यो जीवनभन्दा हेय केही छैन ।

१८. तर त्यो घृणा स्वयम्बाट जन्मेको स्वयम्प्रति मुखरित भएकाले त्यसले सारा आस्था र सारा विश्वास र सारा आशालाई घाइते तुल्याइदिएको हुन्छ ।

१९. दिवस, काल, क्षण प्रति केही मोह रहँदैन ।

२०. मृत्युसँग प्रत्येक दिन सापट मागेको दिनजस्तो, मानौँ बाँचिदिएको दिन एक ऋणको दिन हो जसमा माकालको चक्रवर्ती ब्याज पलपल बढिरहेछ, पलपल सापटीको अङ्क थपिँदो छ ।

**निर्दिष्ट निबन्धको तेस्रो अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ३**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ७ र ८ | अग्रसन्दर्भक | ती | पराजयहरू |
| | स्थानिक | यता | |
| | कालिक | केही समय | |
| | प्रथम पुरुष | म | समाख्याता |
| ८ र ९ | पुनरावृत्ति | केही | |
| | संयोजक | र | |
| | पुनरावृत्ति | केही | |
| ९ र १० | पुनरावृत्ति | र | |
| | संयोजक | पनि | |
| | प्रथम पुरुष | म | समाख्याता |
| | पुनरावृत्ति | र | |
| | पुनरावृत्ति | छैन | |
| १० र ११ | कालिक | दसबाह्र दिन | |

| | | | |
|---|---|---|---|
| | स्थानिक<br>पुनरावृत्ति<br>स्थानिक | बाहिर<br>र<br>घर | |
| ११ र १२ | कालिक<br>प्रथम पुरुष<br>प्रश्नवाचक<br>कालिक<br>निपात<br>निपात | प्रायशः<br>म<br>कसो<br>आजकाल<br>त<br>नि | सधैँ<br><br>के हो ?<br><br><br> |
| १२ र १३ | पुनरावृत्ति<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>स्थानिक<br>पुनरावृत्ति | मानौँ<br>मेसिन<br>हो<br>जहाँ<br>गऱ्यो | <br><br><br>मेसिनमा<br> |
| १३ र १४ | संयोजक<br>पुनरावृत्ति<br>विपरीतार्थी<br>कालिक<br>प्रथम पुरुष<br>संयोजक<br>कालिक<br>कालिक<br>प्रतिस्थापक | पनि<br>प्रश्न<br>अगिल्लो-पछिल्लो<br>क्षण<br>मलाई<br>अनि<br>दसबाह्र दिन<br>अवधि<br>मेरो | <br><br><br><br><br><br><br>समय<br>समाख्याता |
| १४ र १५ | पुनरावृत्ति<br>कालिक | म<br>अवधि | समाख्याता |
| १५ र १६ | पुनरावृत्ति<br>संयोजक<br>कालिक | कालावधि<br>अनि<br>दिन | |

| | | | |
|---|---|---|---|
| | संयोजक<br>प्रतिस्थापक<br>पुनरावृत्ति | वा<br>मेरा<br>एक | |
| १६ र १७ | कालिक<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>कालिक<br>दर्शकवाचक | दिवस<br>एकै<br>प्रत्येक<br>सन्ध्या<br>यो | दिन<br>एउटै<br><br><br>जीवन |
| १७ र १८ | संयोजक<br>दर्शकवाचक<br>स्थानिक<br>प्रतिस्थापक<br>संयोजक<br>पुनरावृत्ति<br>पुनरावृत्ति | तर<br>त्यो<br>स्वयम्बाट<br>त्यसले<br>र<br>सारा<br>र | <br><br><br>घृणाले |
| १८ र १९ | पर्यायवत् | दिवस-काल-क्षण | |
| १९ र २० | कालिक<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>संयोजक<br>कालिक<br>पुनरावृत्ति | प्रत्येक दिन<br>मानौँ<br>दिन<br>जसमा<br>पलपल<br>पलपल | <br><br><br><br>प्रत्येक क्षण |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ७ र ८ का बिचमा अग्रसन्दर्भक 'ती', स्थानिक सन्दर्भक 'यता', कालिक सन्दर्भक 'केही समय' र प्रथम पुरुष 'म' को प्रयोगले वाक्यात्मक संरचनामा भाषिक जोर्नीको भूमिका निर्वाह गरेको छ । त्यस्तै वा.सं. ८ र ९ का बिचमा पुनरावृत्ति संसक्ति 'केही' तथा संयोजक 'र' को प्रयोग भएको छ । त्यसै गरी वा.सं. ९ र १० का बिचमा 'र' संयोजकको अनेक पटक पुनरावृत्तिका कारण

'पुनरावृत्ति' संसक्ति, त्यस्तै पदावलीलाई जोड्न वाक्यान्तरिक संयोजकका रुपमा 'पनि', पूर्व सन्दर्भ र पश्चसन्दर्भका घटना क्रमलाई जोड्न समाख्याता 'म' पात्र प्रथम पुरुष सर्वनामका रुपमा, त्यस्तै 'र' संयोजक र 'छैन' क्रियापदको आवृत्तिबाट पुनरावृत्ति संसक्ति निर्माण हुन पुगेको छ । वा.सं. १० र ११ का बिचमा कालिक संसक्ति 'दस बाह्र दिन', स्थानिक संसक्ति 'बाहिर', तथा 'र' को दुई पटक आवृत्ति र स्थानिक संसक्ति 'घर' को प्रयोगले भाषिक जोर्नीको भूमिका निर्वाह गरेको छ । वा.सं. ११ र १२ का बिचमा कालिक संसक्ति 'प्रायशः', सर्वनाम 'म', प्रश्नवाचक 'कसो', कालिक संसक्ति 'आजकाल', तथा निपात 'त' र 'न' को प्रयोगले पाठलाई अन्वितिपूर्ण बनाएको छ । वा.सं. १२ र १३ का बिचमा प्रयुक्त 'मानौँ', 'मेसिन', 'हो', 'गऱ्यो' शब्दको अनेक पटकको आवृत्तिद्वारा पुनरावृत्ति संसक्ति निर्माण भएको छ भने स्थानिक संसक्ति 'जहाँ' ले मेसिनमा भन्ने सङ्केत अर्थ प्रथान गरी भाषिक जोर्नीको भूमिका निर्वाह गरेको छ । वा.सं. १३ र १४ का बिचमा प्रयुक्त संयोजक 'पनि' र 'अनि', 'प्रश्न' शब्दको अनेक पटकको आवृत्ति, 'अगिल्लो-पछिल्लो' जस्ता विपरीतार्थक शब्दहरू, कालिक संसक्तिका रुपमा आएको 'क्षण', तथा प्रथम पुरुष सर्वनाम 'मलाई' को प्रयोगले भाषिक जोडकको भूमिका निर्वाह गरेका छन् । वा.सं. १४ र १५ का बिचमा 'म' शब्दको अनेक पटक आवृत्तिद्वारा पुनरावृत्ति संसक्ति र समयलाई सङ्केत गर्ने 'अवधि' शब्दको प्रयोगद्वारा कालिक संसक्तिको प्रयोग भएको छ । वा.सं. १५ र १६ का बिचमा 'कालावधि' शब्दको अनेक पटक आवृत्तिद्वारा पुनरावृत्ति संसक्ति, त्यस्तै 'अनि' र 'वा' संयोजक, 'दिन' कालिक संसक्ति , समाख्याताका प्रतिस्थापकका रुपमा 'मेरा' को प्रयोग भएको छ । वा.सं. १६ र १७ का बिचमा कालिक संसक्ति 'दिवस', 'एकै' शब्दको अनेक आवृत्ति, 'प्रत्येक' शब्दको अनेक पटकको आवृत्ति, त्यस्तै कालिक संसक्ति 'सन्ध्या' र जीवनलाई देखाउन 'यो' दर्शकवाचक सर्वनामको प्रयोग भएको छ । वा.सं. १७ र १८ का बिचमा 'र' र 'तर' संयोजक, त्यस्तै 'र' संयोजकको अनेक पटकको आवृत्ति, 'त्यो' दर्शक सर्वनाम, त्यस्तै स्थानिक संसक्तिको रुपमा 'स्वयम्बाटै' र 'घृणाले' को प्रतिस्थापकका रुपमा 'त्यसले' को प्रयोग गरिएको छ । वा.सं. १८ र १९ का बिचमा दिवस-काल-क्षण पर्यायवत् संसक्तिका रुपमा आएका छन् । वा.सं. १९ र २० का बिचमा कालिक संसक्तिका रुपमा 'प्रत्येक दिन', 'मानौँ'को अनेक पटकको आवृत्तिद्वारा पुनरावृत्ति संसक्ति, त्यस्तै 'दिन' शब्दको अनेक पटकको आवृत्तिद्वारा पुनरावृत्ति संसक्ति, त्यस्तै प्रत्येक क्षणलाई जनाउन कालिक संसक्ति

'पलपल' को प्रयोग रहेको छ । यसरी यस अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त संसक्ति वाक्यान्तरिक र अन्तरवाक्यीय संरचनालाई जोड्ने काम गरेका छन् ।

### ३.२.४ निर्दिष्ट निबन्धको चौंथो अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. २१ देखि २२ सम्म जम्मा २ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण निम्नानुसार रहेको छ :

२१. यो अवस्था गोधूलि संसार हो ।

२२. भीमदर्शन रोकाको एक कविताका दुई पङ्क्ति सम्झिरहेछु म अहिले -
"एक्लै एक्लै उदासउदास छु म
घाम डुबी तारा नउदाएको आकाश हुँ म ... ।"

**निर्दिष्ट निबन्धको चौंथो अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ४**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| २१ र २२ | पश्चसन्दर्भक | यो | अवस्था |
| | कालिक | गोधूलि | |
| | प्रथम पुरुष | म | |
| | कालिक | अहिले | |
| | पुनरावृत्ति | एक्लै, उदास | |
| | पुनरावृत्ति | म | |
| | स्थानिक | आकाश | |
| | लोप | | यस्तै, अरु |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. २१ र २२ का बिचमा पश्च सन्दर्भलाई जनाउन 'यो' सर्वनामको प्रयोग भएको छ । त्यस्तै कालिक संसक्ति गोधूलिले सन्ध्यालाई बुझाएको छ, त्यस्तै प्रथम पुरुष सर्वनाम 'म' ले समाख्याता, कालिक संसक्ति

'अहिले', 'एक्लै' र 'उदास' को अनेक पटकको आवृत्ति, त्यस्तै स्थानिक संसक्ति 'आकाश' तथा भावलाई निरन्तरता दिन लोप संसक्तिको प्रयोग भएको छ । यसबाट पाठमा प्रयुक्त वाक्यहरूका बिचमा वाक्यान्तरिक र अन्तरवाक्यीय संरचनाका बिचमा परस्पर अन्विति भएको छ ।

## ३.२.५ निर्दिष्ट निबन्धको पाँचौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. २३ देखि २८ सम्म जम्मा ६ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल गरिएको छ :

२३. २०१३ साल वैशाखमा छापेको त्यस कवितालाई त्यसबेला रोमान्टिसिज्मको चस्माबाट हेर्दा अर्कै मिठो, सुन्दा, प्रेमको क्षणिक बिछोडको न्यानो दर्दमा मुछिएको पाएको थिएँ ।

२४. आज साढे तेर वर्षपछि कविताका अंश भूत बनेर आएका छन् मेरा समक्ष मसँग यथार्थिक अर्थको जानकारी माग्न ।

२५. आफ्नै ठानेको जीवन, आफूले ठिक भनी भोगेका, गरेका कार्यहरू कालको संहारबाट भग्नावशेष बनी छरिएको देख्दा सारो चित्त दुख्दो रहेछ ।

२६. चित्त दुख्ने, तिनको वास्तविक आन्तरिक तत्त्व बुझ्नेर पनि हो ।

२७. यही कुरा भन्न बसेको म ।

२८. खासमा म जोकर हुनुपर्ने मान्छे ।

**निर्दिष्ट निबन्धको पाँचौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ५**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| २३ र २४ | कालिक<br>अग्रसन्दर्भक<br>कालिक<br>कालिक | २०१३ साल वैशाख<br>त्यस<br>त्यसबेला<br>क्षणिक | भीम दर्शन रोकाको कविता छापिएको बेला |

| | | | |
|---|---|---|---|
| | कालिक<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>पर्यायवाची | आज तेर वर्षपछि<br>कविता<br>म<br>मेरा समक्ष-मसँग | |
| २४ र २५ | आत्मवाची<br>आत्मवाची<br>संयोजक<br>पर्यायवाची | आफ्नै<br>आफू<br>भनी<br>भोगेका-गरेका | |
| २५ र २६ | पुनरावृत्ति<br>अग्रसन्दर्भक<br>संयोजक<br>स्थानिक | चित्त<br>तिनको<br>पनि<br>आन्तरिक | मन<br>कार्यको<br><br>भित्री |
| २६ र २७ | प्रथम पुरुष | म | |
| २७ र २८ | पुनरावृत्ति | म | |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. २३ र २४ का बिचमा कालिक, अग्रसन्दर्भक, पुनरावृत्ति र पर्यायवाची संसक्तिको प्रयोग भएको छ । त्यसै गरी वा.सं. २४ र २५ का बिचमा आत्मवाचक, संयोजक र पर्यायवाची संसक्तिको प्रयोग भएको छ । त्यस्तै वा.सं. २५ र २६ का बिचमा पुनरावृत्ति, अग्रसन्दर्भक, संयोजक र स्थानिक सन्दर्भक रहेका छन् । त्यसै गरी वा.सं. २६ र २७ का बिचमा प्रथम पुरुष संसक्तिका रुपमा 'म' को प्रयोग भएको छ । त्यस्तै वा.सं. २७ र २८ का बिचमा 'म' शब्दको अनेक पटक आवृत्तिद्वारा पुनरावृत्ति संसक्तिको प्रयोग भएको छ । यसरी अनुच्छेदमा आएका कालिक, अग्रसन्दर्भक, पर्यायवाची, स्थानिक, सार्वनामिक र पुनरावृत्ति  संसक्तिले वाक्यान्तरिक र अन्तरवाक्यीय संरचनाका बिचमा परस्पर जोर्नी वा जोडकको भूमिका निर्वाह गरी अनुच्छेदलाई सुगठित र सम्बद्ध बनाएका छन् ।

### ३.२.६ निर्दिष्ट निबन्धको छैटौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. २९ देखि ३१ सम्म जम्मा ३ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

२९. सितम्बर महिनाको 'कादम्बिनी'मा एउटा ठट्टा छापेको छ ।

३०. त्यो म यहाँ अनुवाद गर्छु ।

३१. सर्कस म्यानेजरलाई बामपुड्केले उजुर गऱ्यो रे, भीम पहलवान्ले जहिले पनि चिठी लेख्दा गल्ती गर्छ र त्यसलाई सच्याउन मलाई इरेजर ठानी कागजमा दलिदिन्छ ।

**निर्दिष्ट निबन्धको छैंटौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ६**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| २९ र ३० | कालिक | सितम्बर | अङ्ग्रेजी महिना |
| | अग्रसन्दर्भक | त्यो | ठट्टा |
| | प्रतिस्थापक | म | समाख्याता |
| | स्थानिक | यहाँ | |
| ३० र ३१ | कालिक | जहिले | |
| | संयोजक | पनि | |
| | संयोजक | र | |
| | प्रतिस्थापन | त्यसलाई | गल्तीलाई |
| | प्रतिस्थापन | मलाई | बामपुड्केलाई |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. २९ र ३० का बिचमा कालिक संसक्तिका रुपमा 'सितम्बर', त्यस्तै अग्रसन्दर्भकका रुपमा ठट्टालाई जनाउन 'त्यो', समाख्याताको प्रतिस्थापकका रुपमा 'म' तथा स्थानिक संसक्तिका रुपमा 'यहाँ'को प्रयोग भएको छ । त्यसै गरी वा.सं. ३० र ३२ का बिचमा कालिक संसक्ति 'जहिले पनि', संयोजक 'र', 'गल्तीलाई' को प्रतिस्थापकका रुपमा 'त्यसपछि' तथा 'बामपुड्के' को प्रतिस्थापकका रुपमा 'म' आएको छ । यसले निर्धारित पाठको भाषिक संरचनालाई परस्पर अन्वितिपूर्ण बनाएको छ ।

## ३.२..७ निर्दिष्ट निबन्धको सातौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ३२ देखि ३४ सम्म जम्मा ३ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल गरिएको छ :

३०. एकैछिन म पनि हाँसेँ यस ठट्टाउपर ।

३१. तर त्यसको शाब्दिक अर्थभन्दा बाहिर पुग्दा मलाई सारै पीडा भयो ।

३२. सर्कसलाई संसार र स्वयम्लाई बामपुड्के ठानेर भीम पहलवान् इतिहास मानिदिए - त्यसको अर्थ हुन्छ इतिहासले गल्ती सच्याउन जहिले पनि व्यक्तिलाई र खास गरी उसको पर्सनालिटीलाई रगडेको हुन्छ र यो ठट्टा होइन ।

**निर्दिष्ट निबन्धको सातौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ७**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ३२ र ३३ | कालिक | एकैछिन | |
| | प्रतिस्थापन | म | समाख्याता |
| | संयोजक | पनि | |
| | अग्रसन्दर्भक | यस | ठट्टा |
| | संयोजक | तर | |
| | प्रतिस्थापक | त्यसको | ठट्टाको |
| | स्थानिक | बाहिर | |
| | प्रतिस्थापक | मलाई | समाख्यातालाई |
| ३३ र ३४ | संयोजक | र | |
| | सन्दर्भक | त्यसको | ठट्टाको |
| | कालिक | जहिले | |
| | संयोजक | पनि | |
| | पुनरावृत्ति | र | |
| | प्रतिस्थापक | उसको | व्यक्तिको |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ३२ र ३३ का बिचमा कालिक, प्रतिस्थापक, संयोजक, अग्रसन्दर्भक, स्थानिक संसक्तिको प्रयोग भएको छ । यी संसक्तिले वाक्यात्मक संरचनालाई कसिलो बनाएका छन् । त्यस्तै वा.सं. ३३ र३४ का बिचमा प्रयुक्त

संयोजक, कालिक संसक्ति, अग्रसन्दर्भक, पुनरावृत्ति र प्रतिस्थापन जस्ता भाषिक जोडकहरूको प्रयोग भएको छ । यी भाषिक जोर्नीको प्रयोगले निर्धारित अनुच्छेदमा प्रयुक्त वाक्यहरूका बिचको भाषिक सम्बन्धलाई अन्वितिपूर्ण बनाएका छन् ।

### ३.२.८ निर्दिष्ट निबन्धको आठौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ३५ देखि ३८ सम्म जम्मा ४ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल गरिएको छ :

३५. भन्छन् शङ्कर बिग्रियो ।

३६. उसलाई रक्सीले बिगाऱ्यो ।

३७. सारै खान्छ ।

३८. कति सत्य !

**निर्दिष्ट निबन्धको आठौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ८**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ३५ र ३६ | प्रतिस्थापन | उसलाई | शङ्करलाई |
| ३६ र ३७ | - | - | - |
| ३७ र ३८ | - | - | - |

माथिको तालिकामा उल्लेख भए अनुसार यस अनुच्छेदमा संसक्तिको न्यून मात्रामा प्रयोग गरिएको छ । 'शङ्करलाई' को प्रतिस्थापनमा 'उसलाई' शब्दको प्रयोग भएको छ । बाँकी दुईवटा वाक्यमा संसक्ति बिना नै नामिक र क्रियापदको प्रयोगद्वारा वाक्यलाई अर्थयुक्त र भाषिक दृष्टिले सुसम्बद्ध बनाइएको छ ।

### ३.२.९ निर्दिष्ट निबन्धको नवौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ३९ देखि ५४ सम्म जम्मा १६ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल गरिएको छ :

३९. तर के गर्ने ? नशा मेरो नसामा छ ।

४०. म आँखा खोल्दा जति मात्तिएको, जति होस हराएको हुन्छु, त्यति फ्ल्याट हुँदा हुन्न ।

४१. होस हराएको बेला मलाई इरेजर बनेकोमा चित्त दुख्दैन ।

४२. होस भएको बेला म इरेजर बन्न चाहन्न ।

४३. देवकोटाले एक पटक यस्तै परिस्थितिमा लेखेथे - "ईश्वर मलाई भेडा बनाऊ ।"

४४. आज उनी बाँचेका भए म भन्ने थिएँ - गुरु ! तपाईंको भावनामा मेरो तादात्म्य छ, म सबै बुझ्छु तर भेडा नभन्नुहोस्, कारण भेडा मानिसले तह लगाइ सकेको जन्तु हो, उसमा आत्मग्लानि उम्रिसक्यो ।

४५. ईश्वरसँग वरदान माग्ने नै हो भने, आत्मग्लानि अनुभव नहुने अवस्थाको जन्तुको रुप किन नमाग्ने ? बरु जङ्गल नै पसौँ ।

४६. त्यहाँ कमसेकम आवरण त छैन, कसैले रौँ मात्र काटेर गलैँचाको इन्डस्ट्री त बनाउँदैन ।

४७. त्यहाँ बाँचिन्छ, मारिन्छ, खाइन्छ र मरिन्छ, अर्काको खुराक बनिन्छ ।

४८. डाइनिङ टेबुलको पकुवा मासुको आत्मा भए, प्रत्येक पटकको काँटाको मार र वरिपरिका अनुहारको व्यक्तित्व र मनमनै तिनलाई गरेको अभिशापको प्रक्रिया त भोग्नु पर्दैन !

४९. उसले भन्ने थियो - मूर्ख मानिस ! तँलाई किन वैज्ञानिकीकरण गर्नु पऱ्यो ?

५०. मानिस त आमाकै दुध चुसेर हुर्किने र ममताको गौरवको ढोङ गर्ने प्राणी हो ।

५१. जे छ त्यो गोबरमा छ ।

५२. त्यहीँ प्राण जन्मन्छ ।

५३. यो प्रकृतिको नियम हो ।

५४. फोहोरमा जन्म, खाऊ, हुर्क, फोहोर भएर झर र अरुलाई हुर्कन देऊ ।

**निर्दिष्ट निबन्धको नवौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ९**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ३९ र ४० | संयोजक | तर | |
| | प्रश्नवाचक | के | |
| | प्रतिस्थापक | मेरो | समाख्याताको |

| | | | |
|---|---|---|---|
| | प्रतिस्थापक<br>पुनरावृत्ति<br>पर्यायवाचीवत्<br>संयोजक | म<br>जति<br>मात्तिनु-होस हराउनु<br>जति- त्यति | समाख्याताको |
| ४० र ४१ | पुनरावृत्ति<br>कालिक<br>पुनरावृत्ति | होस हराउन<br>बेला<br>म | <br>क्षण |
| ४१ र ४२ | विपरीतार्थी<br>पुनरावृत्ति<br>प्रतिस्थापक | होस हराउनु-होस हुनु<br>बेला<br>म | <br><br>समाख्याता |
| ४२ र ४३ | कालिक<br>कालिक<br>प्रतिस्थापक | एक पटक<br>परिस्थिति<br>यस्तै | <br><br>होस हराएको |
| ४३ र ४४ | कालिक<br>प्रतिस्थापक<br>प्रतिस्थापक<br>द्वितीय पुरुष<br>प्रतिस्थापक<br>पुनरावृत्ति<br>संयोजक<br>पुनरावृत्ति<br>प्रतिस्थापक | आज<br>उनी<br>म<br>तपाईं<br>मेरो<br>म<br>तर<br>भेडो<br>उसमा | <br>देवकोटा<br><br>देवकोटा<br>समाख्याताको<br><br><br><br>भेडामा |
| ४४ र ४५ | निपात<br>संयोजक<br>प्रश्नवाचक<br>स्थानिक | नै<br>भने<br>किन<br>जङ्गल | |
| ४५ र ४६ | प्रतिस्थापक<br>निपात | त्यहीँ<br>त | जङ्गलमा |

| | | | |
|---|---|---|---|
| | अनिश्चयवाचक<br>पुनरावृत्ति | कसैले<br>त | |
| ४६ र ४७ | पुनरावृत्ति<br>संयोजक | त्यहाँ<br>र | जङ्गलमा |
| ४७ र ४८ | स्थानिक<br>कालिक<br>पुनरावृत्ति<br>स्थानिक<br>स्थानिक<br>निपात | डाइनिङ टेबुल<br>प्रत्येक पटक<br>र<br>वरिपरिका<br>मनमनै<br>त | |
| ४८ र ४९ | तृतीय पुरुष<br>प्रतिस्थापक<br>प्रश्नवाचक | उसले<br>तँलाई<br>किन | अज्ञात व्यक्तिले<br>मुर्ख मानिसलाई |
| ४९ र ५० | निपात<br>संयोजक | त<br>र | |
| ५० र ५१ | स्थानिक | गोबर | |
| ५१ र ५२ | प्रतिस्थापन | त्यहीँ | गोबरमा |
| ५२ र ५३ | प्रतिस्थापन | यो | जन्म |
| ५३ र ५४ | स्थानिक<br>संयोजक | फोहोरमा<br>र | |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ३९ र ४० का बिचमा संयोजक, प्रश्नवाचक, प्रतिस्थापक, पुनरावृत्ति, पर्यायवाची र संयोजक संसक्तिहरूले वाक्यान्तरिक र अन्तरवाक्यीय संरचनालाई जोडेका छन् । त्यस्तै वा.सं. ४० र ४१ का बिचमा प्रयुक्त पुनरावृत्ति र कालिक संसक्तिले पनि भाषिक जोर्नीको भूमिका निर्वाह गरेको छ । वा.सं. ४१ र ४२ का बिचमा विपरीतार्थी, पुनरावृत्ति र प्रतिस्थापक संसक्तिको प्रयोग भई वाक्यात्मक संरचनालाई जोडेको पाइन्छ । वा.सं. ४२ र ४३ का बिचमा कालिक र प्रतिस्थापक

संसक्तिको प्रयोग भएको छ । त्यसैगरी वा.सं. ४३ र ४४ का बिचमा कालिक संसक्ति 'आज', प्रतिस्थापक 'उनी', 'म', 'मेरो' र 'उसमा', त्यस्तै प्रसङ्गवश देवकोटालाई सम्बोधन गर्दा 'तपाईँ', पुनरावृत्ति 'म' र 'भेडो' को प्रयोगले भाषिक जोर्नीको भूमिका वहन गरेको छ । वा.सं. ४४ र ४५ का बिचमा निपात, संयोजक, प्रश्नवाचक र स्थानिक संसक्ति भाषिक जोर्नीका रुपमा आएका छन् । वा.सं. ४५ र ४६ का बिचमा जङ्गलको प्रतिस्थापक 'त्यहाँ' त्यस्तै निपात 'त' र 'कसैले' अनिश्चयवाचक सार्वनामिक संसक्तिको प्रयोग भएको छ । वा.सं. ४६ र ४७ का बिचमा 'त्यहाँ' शब्दको अनेक पटकको प्रयोगबाट 'पुनरावृत्ति' तथा संयोजक 'र' को प्रयोग भएको छ । वा.सं. ४७ र ४८ का बिचमा स्थानिक, कालिक, पुनरावृत्ति र निपात संसक्तिको प्रयोग भएको छ । त्यस्तै वा.सं. ४८ र ४९ का बिचमा तृतीय पुरुष सार्वनामिक संसक्ति 'उसले', मुर्ख मानिसको प्रतिस्थापक 'तँलाई', तथा प्रश्नवाचक संसक्तिका रुपमा 'किन' को प्रयोगले भाषिक जोडकको भूमिका निर्वाह गरेका छन् । वा.सं. ४९ र ५० का बिचमा निपात 'त' र संयोजक 'र' को प्रयोग भएको छ । त्यस्तै वा.सं. ५० र ५१ का बिचमा स्थानिक संसक्तिको मात्र प्रयोग भएको छ । वा.सं. ५१ र ५२ का बिचमा 'गोबरमा' को प्रतिस्थापन 'त्यहीँ' ले गरेकाले प्रतिस्थापन संसक्तिको प्रयोग भएको छ । वा.सं. ५२ र ५३ मा जन्मको प्रतिस्थापन 'यो' द्वारा गरिएको छ । त्यसै गरी वा.सं. ५३ र ५४ का बिचमा स्थानिक संसक्तिका रुपमा फोहोरमा, तथा संयोजक 'र' को प्रयोगले निर्धारित पाठमा रहेका वाक्यहरूका बिचमा भाषिक सुसम्बद्धता कायम गरेको छ ।

### ३.२.१० निर्दिष्ट निबन्धको दसौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ५५ देखि ५६ सम्म जम्मा २ वटा वाक्य हरू रहेका छन् । यी वाक्यहरूका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

५५. यो अन्तिम पङ्क्ति खासमा जोकरको जीवन हो ।

५६. इरेजर बनिदिनु ।

**निर्दिष्ट निबन्धको दसौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. १०**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ५५ र ५६ | - | - | - |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ५५ र ५६ का बिचमा कुनै भाषिक संसक्ति प्रयोग भएको छैन । भाषिक संसक्ति वा जोर्नीहरू प्रयोग नभए पनि भाषिक सुसम्बद्धता भने यी दुबै वाक्यका बिचमा रहेको पाउन सकिन्छ ।

## ३.२.११ निर्दिष्ट निबन्धको एघारौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वाक्य सङ्ख्या ५७ देखि ६१ सम्म जम्मा ५ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल गरिएको छ :

५७. खासमा म जोकर हुनु पर्ने, तर ईश्वरले एक ठुलो गल्ती गरे मउपर, महत्त्वाकाङ्क्षा पनि घुसारी दिए टाउकामा ।

५८. त्यसैले न म जोकर बन्न सकेँ न भीम पहलवान् ।

५९. जे जति लेखेँ, लाग्दछ मैले स्वयम् त के इतिहासले पनि मेट्न सक्ने छैन त्यसलाई - र अर्कातिर लाग्दछ इतिहासले मलाई जिउँदै मेटिरहेछ ।

६०. यस दुई परिस्थितिमा, मेरो के बिहान र के बेलुकी !

६१. यो जन्मै झिसमिसे हो, यो जम्मै गोधूलि संसार हो ।

**निर्दिष्ट निबन्धको एघारौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ११**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ५७ र ५८ | पुनरावृत्ति<br>संयोजक<br>संयोजक<br>स्थानिक<br>प्रतिस्थापक | म<br>तर<br>पनि<br>टाउकामा<br>त्यसैले | समाख्याता<br><br><br><br>टाउकामा महत्वाकाङ्क्षा घुसारी दिएको कारणले |

| | | | |
|---|---|---|---|
| ५८ र ५९ | प्रतिस्थापक<br>आत्मवाचक<br>निपात<br>प्रश्नवाचक<br>संयोजक<br>प्रतिस्थापक<br>संयोजक<br>पुनरावृत्ति<br>पुनरावृत्ति | मैले<br>स्वयम्<br>त<br>के<br>पनि<br>त्यसलाई<br>र<br>मलाई<br>इतिहास | लेखकको लेख |
| ५९ र ६० | पुनरावृत्ति<br>प्रतिस्थापक<br>प्रतिस्थापक<br>कालिक<br>विपरीतार्थी<br>संयोजक | के<br>यस<br>मेरो<br>बिहान, बेलुकी<br>बिहान, बेलुकी<br>र | |
| ६० र ६१ | दर्शकवाचक<br>कालिक<br>कालिक<br>स्थानिक<br>पुनरावृत्ति | यो जन्म<br>झिसमिसे<br>गोधूलि<br>संसार<br>यो | उज्यालो हुनुअगि |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ५७ र ५८ का बिचमा 'म' को पुनरावृत्ति, 'तर' र 'पनि' संयोजक त्यसै गरी स्थानिक संसक्ति 'टाउकामा' र प्रतिस्थापक 'त्यसैले' को प्रयोग भाषिक जोर्नीका रुपमा भएको छ । वा.सं. ५८ र ५९ का बिचमा समाख्याताको प्रतिस्थापकका रुपमा 'मैले' आत्मवाचक 'स्वयम्', निपात 'त' प्रश्नवाचक 'के', संयोजक 'पनि', प्रतिस्थापक 'त्यसलाई', त्यस्तै 'मलाई' र इतिहास शब्दको पुनरावृत्ति गरिएको छ । त्यसै गरी वाक्य सङ्ख्या ५९ र ६० का बिचमा 'के' प्रश्नवाचकको अनेक पटक आवृत्ति, त्यस्तै 'यस', 'मेरो', प्रतिस्थापक संसक्ति, बिहान र बेलुकी जस्ता कालिक र विपरीतार्थी संसक्तिहरू तथा 'र' संयोजकले भाषिक जोर्नीको भूमिका निर्वाह गरेका छन् । त्यसैगरी वा. सं. ६० र ६१ का बिचमा दर्शकवाचक, कालिक, स्थानिक र पुनरावृत्ति संयोजकले भाषिक जोर्नीको भूमिका निर्वाह गरेका छन् ।

## ३.२.१२ निर्दिष्ट निबन्धको बाह्रौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ६२ देखि ६७ सम्म जम्मा ६ वटा

वाक्यहरू रहेका छन् यी वाक्यहरूका बिच प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण निम्नानुसार गरिएको छ :

६२. र, मानिसको वैज्ञानिकीकरणको प्रारम्भ प्रकृतिको सन्तुलन बिगार्नेमा छ ।

६३. त्यहीँबाट सभ्यता आरम्भ भयो र सभ्यताले समाप्ति पनि त्यहीँ छ ।

६४. आगोको आविष्कार गर्दा उसले रात्रिको सन्तुलन बिगाऱ्यो, सङ्गीतको आविष्कार गरेर उसले रुदनको सन्तुलन बिगाऱ्यो ।

६५. स्वच्छ मनले घ्वाँघ्वाँ रुन सक्नु पनि हामीले बिर्सि सक्यौँ ।

६६. र सायद यही कारण हो, अम्बरका स्वयम् रचनामा, जहाँ गीत, सङ्गीत र स्वरको गोधूलि संसार छ, त्यहाँ मलाई लाग्छ म रुन सफल भएको छु ।

६७. कमसेकम जङ्गलको एकान्तमा ठुलो रुखमुनि एक्लै एक्लै उदास उदास छु म...आगो बाल्न नसकेको अवस्थाको वनमानुष हुँ म, र घाम डुबी तारा नउदाएको आकाश हुँ म ।

**निर्दिष्ट निबन्धको बाह्रौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. १२**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ६२ र ६३ | संयोजक | र | |
| | कालिक | प्रारम्भिक | |
| | प्रतिस्थापन | त्यहीँबाट | वैज्ञानिकीकरणको |
| | विपरीतार्थ | आरम्भ-समाप्ति | प्रारम्भबाट |
| | पुनरावृत्ति | सभ्यता | |
| | पुनरावृत्ति | र | |
| | संयोजक | पनि | |
| | पुनरावृत्ति | त्यहीँ | |
| ६३ र ६४ | प्रतिस्थापक | उसले | मान्छेले |
| | कालिक | रात्रि | |
| | पुनरावृत्ति | उसले | |
| | पुनरावृत्ति | सन्तुलन | |
| | पुनरावृत्ति | बिगाऱ्यो | |
| ६४ र ६५ | संयोजक | पनि | |
| | प्रथम पुरुष | हामी | |

| | | | |
|---|---|---|---|
| ६५ र ६६ | संयोजक<br>अग्रसन्दर्भक<br>निजवाचक<br>स्थानिक<br>पुनरावृत्ति<br>कालिक<br>संयोजक<br>पुनरावृत्ति | र<br>यही<br>स्वयम्<br>जहाँ<br>र<br>गोधूलि<br>जहाँ-त्यहाँ<br>म, मलाई | अम्बरनै |
| ६६ र ६७ | स्थानिक<br>स्थानिक<br>स्थानिक<br>पुनरावृत्ति<br>प्रतिस्थापक<br>पुनरावृत्ति<br>संयोजक | जङ्गल<br>एकान्त<br>रुखमुनि<br>उदास<br>म<br>म<br>र | |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ६२ र ६३ का बिचमा संयोजक, कालिक, प्रतिस्थापन, विपरीतार्थक, पुनरावृत्ति संसक्तिहरूले यस पाठको भाषिक सुसम्बद्धता कायम राखेका छन् । त्यस्तै वा.सं. ६३ र ६४ का बिचमा प्रतिस्थापक, कालिक, पुनरावृत्ति, संसक्तिले वाक्यीय संरचनालाई परस्पर जोडेका छन् । वा.सं. ६४ र ६५ का बिचमा प्रयुक्त संयोजक र प्रथम पुरुष संसक्तिले वाक्यान्तरिक र अन्तरवाक्यीय संरचनालाई परस्मर अन्विति प्रदान गरेका छन् । त्यस्तै वा.सं. ६५ र ६६ का बिचमा प्रयुक्त संसक्तिहरूमा संयोजक ‘र’, अग्र सन्दर्भक ‘यही’, निजवाचक ‘स्वयम्’, स्थानिक ‘जहाँ’, पुनरावृत्ति ‘र’, कालिक ‘गोधूलि’, संयोजक ‘जहाँ-त्यहाँ’, पुनरावृत्ति ‘म’ को प्रयोगले वाक्यात्मक संरचनालाई अन्विति प्रदान गरेको छ । त्यसैगरी वा.सं. ६६ र ६७ का बिचमा प्रयुक्त स्थानिक, पुनरावृत्ति, प्रतिस्थापक र संयोजक जस्ता संसक्तिको प्रयोग भएको छ । यस्ता संसक्तिले पाठमा भाषिक जोर्नीको भूमिका निर्वाह गरेका छन् ।

### ३.२.१३ निर्दिष्ट निबन्धको तेह्रौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ६८ देखि ७४ सम्म जम्मा ७ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा प्रयुक्त संसक्तिहरूको पहिचान र विश्लेषण निम्नानुसार गरिएको छ :

६८. गुरु, मलाई वनमान्छे हुन मन लागेको कारण छ, कारण के भने त्यहाँ वनमा गरिएका कार्यहरू आत्मरक्षाको लागि गरिन्छन्, त्यसो गर्दा आफ्नो कार्यको औचित्यको व्याख्या गरिरहन पर्दैन ।

६९. त्यहाँको हिंसाको मुख्य कारण हो त्रास ।

७०. लुत्रे कुकुरले तर्सेर कुइँकुइँ गर्‍यो भने उसको त्रास ठिक हो भनी मानिसले उसलाई लात दिनु वा मानिस नै स्वयम् कुकुरसँग डराएको छ भने कुकुरले त्यो त्रासको उपयोग गरी उसलाई टोक्नु ।

७१. जनावरहरूमा त्रास सुँघ्न सक्ने क्षमता हुन्छ ।

७२. हामीमा डर उम्रि आउँदा रगतको सञ्चारमा जुन आड्रेनालिनको मात्रा विकसित हुन्छ, त्यो सुँघ्न सक्छन् जनावरहरू ।

७३. त्यस गन्धकै आधारमा उनीहरू हामीउपर आक्रमण गर्दछन्, कारण ती, जान्छन्, त्रास नै क्रोधको जननी हो र क्रोध उभ्रिनु अघि नै आक्रमण गर्नु पर्दछ ।

७४. हामीले सभ्यताको सुगन्धमा त्यो मूलभूत कुरा बिर्सियौं ।

**निर्दिष्ट निबन्धको तेह्रौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. १३**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ६८ र ६९ | प्रतिस्थापक | मलाई | समाख्याता |
| | पुनरावृत्ति | कारण | |
| | संयोजक | भने | |
| | प्रश्नवाचक | के | |
| | स्थानिक | वनमा | |
| | निजवाचक | आफ्नो | |
| | स्थानिक | त्यहाँको | वनको |
| ६९ र ७० | संयोजक | भने | |
| | प्रतिस्थापक | उसको | लुत्रे कुकुरको |
| | संयोजक | भनी | |

| | | | |
|---|---|---|---|
| | प्रतिस्थापक<br>संयोजक<br>निपात<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>पुनरावृत्ति | उसलाई<br>वा<br>नै<br>कुकुर<br>भने<br>उसलाई | कुकुरलाई<br><br><br><br><br>मानिसलाई |
| ७० र ७१ | पुनरावृत्ति | त्रास | |
| ७१ र ७२ | प्रथम पुरुष<br>पर्यायवत्<br>संयोजक<br>पुनरावृत्ति | हामी<br>डर-त्रास<br>जुन-त्यो<br>सुँघ्न | |
| ७२ र ७३ | अग्रसन्दर्भक<br>पुनरावृत्ति<br>निपात<br>संयोजक<br>पुनरावृत्ति | उनीहरू<br>हामी<br>नै<br>र<br>नै | कुकुरहरू |
| ७३ र ७४ | पुनरावृत्ति<br>निदर्शन | हामी<br>त्यो | डर अगि नै<br>आक्रमण गर्ने कुरा |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ६८ र ६९ का बिचमा समाख्याताको प्रतिस्थापक शब्द 'मलाई', त्यस्तै 'कारण' शब्दको दुई पटक पुनरावृत्ति, त्यस्तै संयोजक 'भने', प्रश्नवाचक 'के' र 'वनमा', त्यहाँको' स्थानिक संसक्तिको प्रयोग भएको छ । वा.सं. ६९ र ७० का बिचमा संयोजक, प्रतिस्थापक, निपात र पुनरावृत्ति संसक्तिले वाक्यीय संरचनालाई जोडेको छ । वा.सं. ७० र ७१ का बिचमा 'त्रास' शब्दको दुई पटक आवृत्तिद्वारा पुनरावृत्ति संसक्तिको प्रयोग भएको छ । वा.सं. ७१ र ७२ का बिचमा प्रथम पुरुष सार्वनामिक संसक्ति, 'डर-त्रास' जस्ता पर्यायवत् संसक्ति, त्यस्तै 'जुन-त्यो' सापेक्ष संयोजक तथा सुँघ्न शब्दको दुई पटक आवृत्तिद्वारा पुनरावृत्ति संसक्तिको प्रयोग भएको छ । त्यसैगरी वा.सं. ७२ र ७३ का बिचमा अग्रसन्दर्भक 'उनीहरू', पुनरावृत्ति 'हामी', निपात ' नै ' र संयोजक 'र'को प्रयोग भएको छ । वा.सं.७३ र ७४ का बिचमा पुनरावृत्ति 'हामी' र निदर्शन 'त्यो'को प्रयोग भएको छ । यसरी प्रस्तुत अनुच्छेदमा प्रयुक्त भएका संसक्तिले भाषिक जोर्नीको भूमिका निर्वाह गरी पाठलाई अन्वितिपूर्ण सुसम्बद्ध बनाउन सहयोग गरेका छन् ।

## ३.२.१४ निर्दिष्ट निबन्धको चौंधौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ७५ देखि ८६ सम्म जम्मा १२ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

७५. सङ्गीतको यही गोधूलि संसारमा म वनमान्छे बनेको बेला लाग्दछ मलाई, गीतका प्रत्येक शब्दको पर्सनल गन्ध मेरो नाकमा पसिरहेछ सङ्गीतको प्रत्येक लयको स्वाद मेरो जिभ्रोमा रसाइ रहेछ, स्वरका प्रत्येक अभिव्यक्ति मेरो परेलामै जन्मि रहेछ ।

७६. अनि मेरा ज्ञान र चेतना र सभ्यतालाई म खौरिदिन्छु अनावश्यक ठानी ।

७७. हेर्न थाल्छु, अम्बरका औँला कसरी हार्मोनियममा चिप्लेटी खेल्दैछन् ।

७८. औँलाहरूको पनि आफ्नो व्यक्तिगत जीवन हुनु अनौठा होइन ?

७९. प्रत्येक औँलाको मुटु छ, मस्तिष्क छ, प्रत्येकमा एउटा आकाङ्क्षा छ छुने, सुम्सुमाउने, समात्ने, घोच्ने, पकडिने, तथा यति गरि सकेर अचेत मनमा तिनको अनुभूति सङ्गृहीत गरि राख्ने ।

८०. अनि पो हातले स्वतः अनायास नै कुनै नारी, कुकुर, घोडा, बन्दुक, जवाहिरात छुँदा तिनको स्वादको जानकारी भिन्न भिन्न रुपले पाउँछ ।

८१. छुनुअघि नै औँलाले आफ्नो सञ्चालनको व्यवस्था रोजि सकेको हुन्छ ।

८२. अनुभवले बताइ सकेको हुन्छ कहाँनिर हुनुपर्छ - नारीको स्तन वा तिघ्रा अथवा घोडाको गर्दन ।

८३. नत्र किन बिरालाको चिउँडो मुसार्ने, केटाको कपाल सुम्सुमाउने ?

८४. हार्मोनियमका रिडमा उसका औँला छोइनु अगि एकछिन स्वयम् थिरकित हुन्छन् हावामा अनि मात्र छुन्छन् चाहिने मात्रामा ।

८५. त्यो एक निभेषको जुन क्षण हो, जुन कम्पन हो मानौँ त्यसले स्वरको कौमार्य जाँचेको हो, अनि मात्र स्खलनको आत्मसन्तुष्ट आउँछ त्यहाँ ।

८६. लाग्छ, मेरो जन्म, जीवन र मृत्यु त्यहीँ सन्निहित छ, त्यस एक क्षणको पनि क्षणमा ।

**निर्दिष्ट निबन्धको चौधौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. १४**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ७५ र ७६ | कालिक<br>पुनरावृत्ति<br>स्थानिक | बेला<br>मेरो<br>नाकमा, जिभ्रोमा, परेलामै | <br>समाख्याता |
| ७६ र ७७ | संयोजक<br>प्रतिस्थापन<br>पुनरावृत्ति<br>प्रतिस्थापक<br>प्रश्नवाचक<br>स्थानिक | ऋनि<br>मेरा<br>र<br>म<br>कसरी<br>हार्मोनियममा | <br>समाख्याताका |
| ७७ र ७८ | पुनरावृत्ति<br>संयोजक<br>आत्मवाचक | औँलाहरू<br>पनि<br>आफ्नो | |
| ७८ र ७९ | पुनरावृत्ति<br>पुनरावृत्ति<br>संयोजक<br>प्रतिस्थापन | औँला<br>छ<br>तथा<br>तिनको | <br><br><br>उल्लिखित कार्यको |
| ७९ र ८० | संयोजक<br>निपात<br>निपात<br>अनिश्चयवाचक<br>पुनरावृत्ति | अनि<br>पो<br>नै<br>कुनै<br>तिनको | |
| ८० र ८१ | कालिक<br>निपात<br>आत्मवाचक | छुनुअगि<br>नै<br>आफ्नो | |
| ८१ र ८२ | पुनरावृत्ति<br>स्थानिक<br>स्थानिक<br>स्थानिक | छुनु<br>नारीको स्तन<br>नारीको तिघ्रा<br>घोडाको गर्दन | |
| ८२ र ८३ | संयोजक | नत्र | |

| | | | |
|---|---|---|---|
| | प्रश्नवाचक<br>स्थानिक<br>स्थानिक | किन<br>बिरालाको चिउँडामा<br>केटाको कपालमा | |
| ८३ र ८४ | स्थानिक<br>प्रतिस्थापक<br>कालिक<br>स्थानिक<br>संयोजक | हार्मोनियमका रिडमा<br>उसका<br>एकछिन<br>हावामा<br>अनि | <br>अम्बर दाइका |
| ८४ र ८५ | कालिक<br>पुनरावृत्ति<br>प्रतिस्थापक<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>स्थानिक | त्यो एक निमेष<br>जुन क्षण<br>जुन<br>त्यसले<br>अनि<br>मात्र<br>त्यहाँ | <br><br><br>क्षण वा निमेषले<br><br><br>हार्मोनियममा |
| ८५ र ८६ | प्रतिस्थापक<br>संयोजक<br>विपरीतार्थक<br>स्थानिक<br>कालिक | मेरो<br>र<br>जन्म र मृत्यु<br>त्यहीँ<br>एक क्षणको पनि क्षणमा | समाख्याताको<br><br><br>हार्मोनियममै |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ७५ र ७६ का बिचमा कालिक, पुनरावृत्ति र स्थानिक जस्ता संसक्तिहरू प्रयोग भएका छन् । यी संसक्तिहरूले निर्धारित पाठका वाक्यलाई जोड्ने काम गरेका छन् । वा.सं. ७६ र ७७ का बिचमा संयोजक, प्रतिस्थापन, पुनरावृत्ति, प्रश्नवाचक सर्वनाम र स्थानिक संसक्ति प्रयुक्त भएका छन् । यी संसक्तिहरूले निर्धारित पाठका वाक्यहरूलाई परस्पर भाषिक संरचनामा उनेर अर्थपूर्ण बनाएका छन् । वा.सं. ७७ र ७८ का बिचमा पुनरावृत्ति, संयोजक र आत्मवाचक संसक्ति अन्तर्गत 'औंलाहरू', 'पनि' र 'आफ्नो' शब्दको प्रयोग भएको छ । त्यस्तै वा.सं. ७८ र ७९ का बिचमा 'औंला' र 'छ' को अनेक पटकको आवृत्ति, त्यसै गरी 'तथा' ले पदावलीका बिच संयोजनको भूमिका खेलेकाले संयोजक, तथा 'तिनको' शब्द प्रतिस्थापनका रुपमा आएको छ । वा.सं. ७९ र ८० का बिचमा संयोजक, निपात, अनिश्चयवाचक र पुनरावृत्ति

संसक्तिको प्रयोग भएको पाइन्छ । वा.सं. ८० र ८१ का बिचमा कालिक, निपात र आत्मवाचक संसक्तिको प्रयोगले वाक्यात्मक संरचनालाई जोडेका छन् । वा.सं. ८१ र ८२ का बिचमा पुनरावृत्ति र स्थानिक संसक्तिको प्रयोगले भाषिक प्रवाहको निरन्तरतासँगै अगाडिका सन्दर्भलाई पनि जोडेको छ । वा.सं. ८२ र ८३ का बिचमा संयोजक, प्रश्नवाचक र स्थानिक संसक्ति भाषिक जोडकका रुपमा आएका छन् । वा.सं. ८३ र ८४ का बिचमा स्थानिक, प्रतिस्थापक, कालिक र संयोजक संसक्तिहरूको प्रयोग भएको छ । त्यस्तै वा.सं. ८४ र ८५ का बिचमा कालिक, पुनरावृत्ति, प्रतिस्थापन र स्थानिक संसक्तिको प्रयोग भएको छ । वा.सं. ८५ र ८६ का बिचमा प्रतिस्थापक, संयोजक, विपरीतार्थी, स्थानिक र कालिक सन्दर्भकको प्रयोग भएको छ । यी संसक्तिहरूले वाक्यमा परस्पर अन्तरवाक्यीय र वाक्यान्तरिक संरचनामा आई भाषिक जोडकको भूमिका निर्वाह गरेका छन् । यसबाट सिङ्गो अनुच्छेद र अनुच्छेदहरूका वाक्यका बिचमा भाषिक सुसङ्गति कायम भएको छ ।

### ३.२.१५ निर्दिष्ट निबन्धको पन्ध्रौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ८७ देखि ९२ सम्म जम्मा ६ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल गरिएको छ ।

८७. यसैले लाग्दछ, अम्बरले मेरो शब्द चोऱ्यो ।

८८. कहिलेकाहीँ लाग्दछ अम्बरले मेरो जीवन नै पो चोऱ्यो ।

८९. तर त्यस चोरिनुमा जुन सुख छ, जुन सपना छ, त्यो आत्महत्या भन्दा पनि बढी धीत मर्दो छ ।

९०. प्रत्येक पटक यसरी म चोरिँदा, म लुटिँदा, म भाचिँदा मलाई लाग्दछ म अहिरावणझैँ बढी सशक्त बनेको छु ।

९१. लाग्दछ, म त यस्तो एउटा यौनि हुँ, जसमा इतिहासले वीर्यपात गर्न पनि पैसा तिरिरहेछ ।

९२. वेश्यामा यदि यो सचेत भावनाको कल्पना गर्न सकिन्छ भने, मलाई पार्वती लामिछाने ठाने हुन्छ ।

**निर्दिष्ट निबन्धको पन्ध्रौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. १५**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ८७ र ८८ | अग्रसन्दर्भक | यसैले | |
| | प्रतिस्थापक | मेरो | |
| | कालिक | कहिलेकाहीँ | |
| | पुनरावृत्ति | लाग्दछ | |
| | पुनरावृत्ति | मेरो | |
| | निपात | नै | |
| | निपात | पो | |
| ८८ र ८९ | संयोजक | तर | |
| | अग्रसन्दर्भक | त्यस | चोराइ |
| | संयोजक | जुन-त्यो | |
| | संयोजक | पनि | |
| ८९ र ९० | कालिक | प्रत्येक पटक | |
| | प्रतिस्थापक | म | |
| | पर्यायवाची | चोरिँदा-लुटिँदा | |
| | प्रथम पुरुष | मलाई | |
| | पुनरावृत्ति | म | |
| ९० र ९१ | पुनरावृत्ति | लाग्दछ | |
| | निपात | त | |
| | पुनरावृत्ति | म | |
| | स्थानिक (अग्रसन्दर्भक) | जसमा | यौनिमा |
| | संयोजक | पनि | |
| ९१ र ९२ | संयोजक | भने | |
| | प्रतिस्थापक | मलाई | |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ८७ र ८८ का बिचमा अग्रसन्दर्भक, प्रतिस्थापक, कालिक, पुनरावृत्ति र निपात जस्ता संसक्तिहरू भाषिक जोर्नीका रुपमा आएका छन् । वा.सं. ८८ र ८९ का बिचमा संयोजक, अग्रसन्दर्भक, संयोजक जस्ता भाषिक जोर्नीहरू संसक्तिको भूमिकामा आई वाक्यलाई सुसम्बद्धक बनाएका छन् । वा.सं. ८९ र ९० का बिचमा कालिक, प्रतिस्थापक, पर्यायवाची, प्रथम पुरुष सार्वनामिक र पुनरावृत्ति संसक्तिले वाक्यात्मक संरचनालाई परस्पर जोडी अन्वितिपूर्ण बनाएका छन् । वा.सं. ९० र ९१ का बिचमा प्रयुक्त पुनरावृत्ति, निपात, स्थानिक र अग्रसन्दर्भक एवम् संयोजकले भाषिक सुसम्बद्धता कायम गर्दै संसक्तिको भूमिका निर्वाह गरेका छन् । वा.सं.

९१ र ९२ का बिचमा प्रयुक्त संयोजक र प्रतिस्थापक जस्ता संसक्तिले वाक्यात्मक संरचनामा आई वाक्यान्तरिक र अन्तरवाक्यीय संरचनामा भाषिक जोडकको भूमिका निर्वाह गरेका छन् ।

## ३.२.१६ निर्दिष्ट निबन्धको सोह्रौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा एउटा वा.सं. ९३ रहेको छ । यो वाक्यमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल गरिएको छ :

९३. र यही महानताको भरमा म बाँचिरहेछु - कारण बिहानैदेखि मेरो नसामा शङ्करको नशा छ, शङ्कर जो गरल पान गरेर पनि कण्ठनील छ, शङ्कर जो बुढा नीलकण्ठ झैँ लम्पसार गरी बसेको छ, शङ्कर जो बिग्रेको छ, जो सर्वसंहारकारी छ ।

**निर्दिष्ट निबन्धको सोह्रौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. १६**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ९३ | संयोजक | र | |
| | प्रतिस्थापक | म | |
| | कालिक | बिहानैदेखि | |
| | प्रतिस्थापक | मेरो | |
| | पुनरावृत्ति | शङ्कर | |
| | संयोजक | जो-त्यो | |
| | पुनरावृत्ति | जो | |
| | संयोजक | पनि | |

माथिको तालिकामा उल्लेख भए अनुसार यहाँ अन्तरवाक्यीय भाषिक जोर्नी नआई वाक्यान्तरिक भाषिक जोर्नी र पदलाई जोड्ने क्रममा संयोजक, प्रतिस्थापक, कालिक संसक्ति, पुनरावृत्ति जस्ता भाषिक जोर्नीहरू आई वाक्यात्मक संरचनालाई परिपूर्णता प्रदान गरेका छन् ।

## ३.२.१७ निर्दिष्ट निबन्धको सत्रौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ९४ देखि ९६ सम्म जम्मा ३ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण तल गरिएको छ :

९४. तर सर्वसंहारी म छैन ।

९५. कारण संहार मैले स्वयम्को पनि गर्न समर्थ भएको छैन ! म त जोकर हुनुपर्ने मान्छे ।

९६. यही हुनुपर्ने र भइनँका बिचको गोधूलि संसारमा म अहिले छु र म जान्दिनँ म लेखक हुँ वा इन्टरप्रेटर ।

**निर्दिष्ट निबन्धको सत्रौं अनुच्छेदमा प्रयुक्त संसक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. १७**

| वा.सं. | संसक्ति | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ९४ र ९५ | संयोजक<br>प्रतिस्थापक<br>पुनरावृत्ति<br>संयोजक<br>निपात | तर<br>म<br>म<br>पनि<br>त | |
| ९५ र ९६ | निदर्शन<br>संयोजक<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>संयोजक | यही<br>र<br>म<br>र<br>व | जोकर |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ९४ र ९५ का बिचमा संयोजक, प्रतिस्थापक, पुनरावृत्ति, निपात जस्ता संसक्तिहरूको प्रयोगले वाक्यात्मक संरचनामा भाषिक जोर्नीको भूमिका निर्वाह गरेका छन् । वा.सं. ९५ र ९६ का बिचमा प्रयुक्त निर्दशन, संयोजक, पुनरावृत्ति जस्ता भाषिक जोडकले भाषिक सुसम्बद्धता कायम गरी निर्धारित अनुच्छेदलाई सङ्गतियुक्त बनाएको छ ।

### ३.२.१८ निर्दिष्ट निबन्धमा प्रयुक्त कोशीय र व्याकरणिक संसक्तिको सङ्ख्यात्मक स्थितिको पहिचान तथा विश्लेषण

निर्दिष्ट निबन्धमा प्रयुक्त कोशीय र व्याकरणिक संसक्तिको सङ्ख्यात्मक स्थितिको पहिचान तथा विश्लेषण तालिका र स्तम्भ चित्रका माध्यमबाट तल प्रस्तुत गरिएको छ :

**निर्दिष्ट निबन्धमा प्रयुक्त कोशीय र व्याकरणिक संसक्तिको सङ्ख्यात्मक स्थिति पहिचान तथा विश्लेषण**

**तालिका सङ्ख्या नं. १८**

| **व्याकरणिक संसक्ति** | **प्र.सं.** | **कोशीय संसक्ति** | **प्र.सं.** |
|---|---|---|---|
| सार्वनामिक संसक्ति | २५ | पुनरावृत्ति | ८१ |
| कालिक संसक्ति | ५२ | पर्यायवाची | ४ |
| स्थानिक संसक्ति | ३५ | विपरीतार्थी | ४ |
| प्रतिस्थापक | ४६ | समावेशात्मकता | – |
| संयोजक | ६० | सन्निधान | – |
| निपात | १८ | | |
| अग्रसन्दर्भक | ९ | | |
| पश्चसन्दर्भक | ३ | | |
| निदर्शन | २ | | |
| लोप | १ | | |
| | २५१ | | ८९ |

यहाँ व्याकरणिक संसक्ति र कोशीय संसक्ति जम्मा प्रयोग सङ्ख्या = ३४०

**व्याकरणिक संसक्ति**

सार्वनामिक = $\frac{२५}{३४०} \times १०० = ७.३५$

कालिक = $\frac{५२}{३४०} \times १०० = १५.२९$

स्थानिक = $\frac{३५}{३४०} \times १०० = १०.२९$

प्रतिस्थापक = $\frac{४६}{३४०} \times १०० = १३.५२$

संयोजक = $\frac{६०}{३४०} \times १०० = १७.६४$

निपात = $\frac{१८}{३४०} \times १०० = ५.२९$

लोप = $\frac{१}{३४०} \times १०० = ०.२९$

अग्रसन्दर्भक = $\frac{९}{३४०} \times १०० = २.६४$

पश्चसन्दर्भक = $\frac{३}{३४०} \times १०० = ०.८८$

निदर्शन = $\frac{२}{३४०} \times १०० = ०.५८$

**कोशीय संसक्ति**

पर्यायवाची = $\frac{४}{३४०} \times १०० = १.१७$


पुनरावृत्ति = $\frac{८१}{३४०} \times १०० = २३.७५$

विपरीतार्थी = $\frac{४}{३४०} \times १०० = १.१७$

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा तल प्रस्तुत गरिएको छ :


### व्याकरणिक संसक्तिको स्थिति

### स्तम्भ चित्र नं. १




### कोशीय संसक्तिको स्थिति

### स्तम्भ चित्र नं. २




निर्दिष्ट निबन्धमा दुई सय एकाउन्न वटा व्याकरणिक संसक्ति र ८९ वटा कोशीय संसक्तिको प्रयोग भएको छ। जसको पहिचान र विश्लेषण तल गरिएको छ :

प्रस्तुत 'गोधूलि संसार' निबन्धमा प्रयुक्त व्याकरणिक संसक्तिहरूमा सार्वनामिक संसक्ति म, हामी, यो, त्यो, यी, मलाई, तपाई, आफू, जस्ता सर्वनामको प्रयोग सात दशमलव पैंतीस

प्रतिशत (२५ ठाउँमा) भएको छ । त्यसै गरी माथि उल्लिखित तालिका र स्तम्भ चित्र अनुसार एकान्त, वन, घर आदि जस्ता स्थानिक संसक्ति हरूको प्रयोग दश दशमलव उनन्तीस प्रतिशत (३५ ठाउँमा) भएको छ । त्यस्तै प्रतिस्थापकको प्रयोग तेह्र दशमलव बाउन्न प्रतिशत (४६ ठाउँमा) प्रस्तुत पाठमा भएको छ । त्यसैगरी कालिक संसक्तिको प्रयोग पन्ध्र दशमलव उनन्तीस प्रतिशत (५२ ठाउँमा ) भएको छ । त्यस्तै संयोजकको प्रयोग सत्र दशमलव चौंसठ्ठी प्रतिशत (६० ठाउँमा) भएको छ । त्यस्तै निपातको प्रयोग पाँच दशमलव उनन्तीस प्रतिशत (१८ ठाउँमा) भएको छ । त्यसै गरी अग्रसन्दर्भक दुई दशमलव चौंसठ्ठी प्रतिशत ( ९ ठाउँमा ) प्रयोग भएको छ । त्यस्तै पश्चसन्दर्भक शुन्य दशमलव अठासी प्रतिशत (३ ठाउँमा ) प्रयोग भएको छ । त्यस्तै निदर्शन शुन्य दशमलव अन्ठाउन्न प्रतिशत (२ ठाउँमा) प्रस्तुत पाठमा प्रयोग भएको छ । त्यस्तै लोपको प्रयोग शुन्य दशमलव उनन्तीस प्रतिशत (१ ठाउँमा ) भएको छ । यसरी प्रस्तुत पाठमा व्याकरणिक संसक्तिहरूको प्रयोग कूल २ सय एकाउन्न अर्थात त्रिहत्तर दशमलव बयासी प्रतिशत भएको छ ।

यसका साथै प्रस्तुत निबन्धमा कोशीय संसक्तिहरू कूल उनानब्बे वटा अर्थात छब्बीस दशमलव सत्र प्रतिशत प्रयोग भएको छ । जसमा पुनरावृत्ति तेईस दशमलव बयासी प्रतिशत अर्थात एकासी ठाउँमा,पर्यायवाची एक दशमलव सत्र प्रतिशत अर्थात चार ठाउँमा र विपरीतार्थी चार ठाउँमा वा एक दशमलव सत्र प्रतिशत प्रस्तुत पाठमा प्रयोग भएका छन् । सन्निधान र समावेशात्मकताको प्रयोग प्रस्तुत पाठमा भएको छैन ।

प्रस्तुत निबन्धमा जम्मा तिन सय चालीस वटा संसक्तिहरू प्रयोग भएका छन् । जसमा दुई सय एकाउन्न वटा व्याकरणिक र उनानब्बे वटा कोशीय संसक्तिहरू रहेका छन् ।

यसरी माथिको तथ्यलाई केलाउँदाखेरी प्रस्तुत निबन्धमा कोशीय संसक्तिका तुलनामा व्याकरणिक संसक्तिको बोलवाला उच्चतम् विन्दुमा रहेको पाइन्छ ।

## ३.३ संसक्तिको शैक्षणिक उपयोगिता

एक आपसमा जुटेर वा टाँसिएर रहनुलाई संसक्ति (सम्बद्धक) भनिन्छ । संसक्तिले कुनै पनि सङ्कथनलाई प्रस्तुत गर्दा पदक्रम वा पूर्व पदहरू मिलाउनलाई सहयोग गर्दछ । संसक्तिले गर्दा वाक्यमा रहेका सतही सम्बन्धलाई स्पस्ट पार्नका लागि सहयोग गर्दछ । शिक्षणको क्षेत्रमा यसको महत्त्व यस कारणले छ कि यसले गर्दा सिङ्गो सङ्कथन नै अर्थपूर्ण र बोधगम्य हुने गर्दछ । यदि पाठभित्रका वाक्यमा संसक्तिको उपस्थिति छैन भने सम्बोधकले भन्न खोजेको कुरा

सम्बोधित सम्म पुग्नुको सट्टा विश्रृङ्खलित भइ उल्टो अर्थ दिने वा व्यक्त गर्न खोजेको कुरा बुझ्न नसकिने तवरको हुन्छ अर्थात असहज प्रकृतिको गुञ्जायस त्यसमा रहन्छ । त्यसकारण संसक्तिको महत्त्व शिक्षणका क्षेत्रमा अझ विशेष गरी भाषा शिक्षणको क्षेत्रमा अझ विस्तृत किसिमले हुन्छ । चाहे त्यो सर्वनामका हिसाबले विभिन्न स्थानमा प्रयोग भएर होस्, चाहे त्यो स्थानिक, कालिक, संयोजक, पुनरावृत्ति, लोप, प्रतिस्थापन आदि हिसाबले प्रयुक्त होस् यी सबैको सङ्कथन अध्ययन विश्लेषणको क्षेत्रमा कहीं न कहीं अभाव सधैं खड्किरहन्छ । संसक्तिको प्रयोगले पाठलाई श्रृङ्खलित र गन्तव्ययुक्त बनाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

सङ्कथनका विभिन्न तहहरू वाक्य, वाक्यांश, पद, रुप, वर्ण आदि एकाइहरूको श्रृङ्खलाबद्ध प्रयोगले मात्र सङ्कथन सान्दर्भिक र अर्थपूर्ण हुने हुँदा संसक्तिको शैक्षणिक उपयोगिता उल्लेख्य रहेको छ । प्रस्तुत शोधकार्य अन्तर्गतको 'गोधूलि संसार' निबन्ध पनि उक्त कुराबाट अलग रहेको देखिदैन ।

## ३.४ सारांश

'गोधूलि संसार' निबन्धमा प्रयुक्त संसक्तिको विश्लेषण गर्ने क्रममा अन्तरवाक्यीय र वाक्यान्तरिक संरचनालाई जोड्ने भाषिक जोर्नीहरूको पहिचान र विश्लेषण गरिएको छ । निर्धारित सिङ्गो पाठमा प्रयुक्त भाषिक जोर्नीहरूमा तृतीय पुरुष, निपात, प्रथम पुरुष, स्थानिक, कालिक, पर्याय, विपर्याय, प्रतिस्थापक, अग्रसन्दर्भक, पश्चसन्दर्भक, निदर्शन, आत्मवाचक, पारस्परिक, प्रश्नवाचक, लोप संयोजक, अनिश्चयवाचक रहेका छन् । यिनै भाषिक जोर्नीहरूले निर्धारित सिङ्गो पाठलाई संरचनात्मक परिपुष्टता तथा सुसम्बद्धता प्रदान गरेका छन् । समग्रमा संसक्ति प्रयोगका दृष्टिले यो पाठ औचित्यपूर्ण रहेको छ ।

## अध्याय : चार

# गोधूलि संसार निबन्धमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

## ४.१ गोधूलि संसार निबन्धको परिचय

शङ्कर लामिछानेद्वारा लिखित गोधूलि संसार निबन्ध ९६ वटा पूर्ण वाक्य र १६ वटा अनुच्छेदहरूबाट संरचित छ । प्रस्तुत अध्यायमा संयुक्तिको पहिचान र विश्लेषण गर्ने क्रममा संसक्ति विश्लेषणमा झैँ प्रत्येक अनुच्छेदलाई विश्लेषणका क्रममा उपयोग गरिएको छ । ती अनुच्छेदमा प्रयुक्त भएका अन्तरवाक्यीय अर्थहरूलाई संयुक्तिका प्रकारका आधारमा विश्लेषण गरिएको छ । खास गरी कारण कार्य, कार्य कारण, परिवेश घटना, घटना र परिवेश, परिचयात्मक, व्याख्यात्मक, व्यतिरेकी, तुलना, सामान्य विशिष्ट, विशिष्ट सामान्य, आर्थी पर्याय, आर्थी विपर्याय, रीतिबोधक, अनुक्रम बोधक, प्रभाव र प्रतिफल, विरोधात्मक, अप्रत्यक्ष, अनुमान, आज्ञार्थ, समुच्चय बोधक, इन्द्रिय र मस्तिष्क, स्मरण, प्रश्नोत्तर, प्रश्नार्थक, निहितार्थ, शीघ्रताबोधक, युगपदबोधक, उद्देश्यबोधक आदि जस्ता संयुक्तिको सन्निहितता यस पाठभित्र के कसरी भएको छ भनी तिनको खोजी गर्ने काम प्रस्तुत अध्यायमा गरिएको छ । यसमा रहेका प्रत्येक अनुच्छेदलाई छुट्टाछुट्टै रुपमा टुक्र्याइएको छ । ती अनुच्छेदमा निहित वाक्यलाई पनि अलग अलग रुपमा छुट्ट्याइएको छ । ती वाक्यलाई सङ्ख्यात्मक रुपमा व्यक्त गरिएको छ । ती वाक्यका बिच के कस्ता अर्थगत सङ्केतहरू रहेका छन् भनी तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

## ४.२ निर्दिष्ट निबन्धको पहिलो अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा वा.सं. १ देखि २ सम्म जम्मा २ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल तालिकामा प्रस्तुत गरिएको छ ।

१. खासमा जे लेख्न म बसेको छु त्यसको उपयुक्त शीर्षक यो भएन ।

२.	तर उपाय छैन अब - यी दुई शब्द टाउकामा ढ्याम्म बास बस्न आइपुगे, यिनको सत्कार नगरी यी टल्ने होइनन् पनि ।

**निर्दिष्ट निबन्धको पहिलो अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. १९**

| वा.सं. | संयुक्ति |
|---|---|
| १ र २ | तुलनात्मक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. १ र २ का बिचमा तुलनात्मक सम्बन्ध रहेको छ । वा.सं. १ मा उपयुक्त शीर्षक भएन भनी उल्लेख गरिएको छ र वा.सं. २ मा त्यसो भए पनि यसको कुनै न कुनै औचित्य र भाव रहेको प्रस्तुति दिएर उल्लेख गर्न लागिएको वा गोधूलि संसारको सत्कार गर्नै पर्ने भाव तुलनात्मक रुपमा अभिव्यक्त भएकाले वा.सं. १ र २ का बिच तुलनात्मक सम्बन्ध रहेको छ ।

## ४.३ निर्दिष्ट निबन्धको दोस्रो अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ३ देखि ६ सम्म जम्मा ४ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

३.	त, जसका नजरमा यी पङ्क्ति बसिरहेका होलान्, अहिले यो क्षण, ऊ विचार गर्दो हो - सन्ध्याकालीन अवस्थाको एक घटना वा दृश्यको वर्णन गर्नेछ शङ्कर ।

४.	सायद यो लेख्दा पनि रचनाकाल गोधूलिकै काल होला ।

५.	शाब्दिक अर्थमा यो बिलकुलै गलत धारणा हो, कारण म बिहान लेखिरहेछु र सन्ध्या आउन अझै दस घण्टा बाँकी छ ।

६.	तर पनि लाक्षणिक अर्थमा हो भने माथि सोचेको कुरा अक्षरशः सत्य छ ।

**निर्दिष्ट निबन्धको दोस्रो अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. २०**

| वा.सं. | संयुक्ति |
|---|---|
| ३ र ४ | अनुमानको सम्बन्ध |
| ४ र ५ | स्पष्टोक्ति सम्बन्ध |
| ५ र ६ | आर्थी विपर्यायको सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ३ र ४ का बिचमा अनुमानको सम्बन्ध रहेको छ । वा.सं. ३ मा स्वयम् लेखकले पाठकहरूतर्फ लक्षित गर्दै गरिएको पूर्वानुमान प्रस्तुत गरिएको छ र वा.सं. ४ मा 'सायद' भनी अनुमानलाई समर्थन गरिएको छ । त्यसै गरी वा.सं. ४ र ५ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । गोधूलि भनी निबन्ध लेख्नुको कारणलाई यी वाक्यहरूले स्पष्ट पारेका छन् । त्यस्तै वा.सं. ५ र ६ का बिचमा आर्थी विपर्यायको सम्बन्ध छ । अघिल्लो वाक्यमा गोधूलि आउन दस घण्टा बाँकी भएको उल्लेख छ भने पछिल्लो वाक्यमा यो गोधूलि नै हो भन्ने भाव व्यक्त भएकाले परस्पर विपरीत अर्थबोध भएको छ ।

## ४.४ निर्दिष्ट निबन्धको तेस्रो अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ७ देखि २० सम्म जम्मा १४ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

७. पराजयहरू अनेक प्रकारका हुन्छन्; तीमध्ये सबभन्दा बीभत्स हुँदो रहेछ नैराश्यको ।

८. यता केही समयदेखि म त्यसैमा नजरबन्द छु ।

९. लेख्नु सिवाय केही उपाय रहन गएको छैन, र लेख्न सकेको छैन केही ।

१०. र मानिसदेखि म त्रसित छु र मानिसबाहेक मेरा लागि विषयवस्तु छैन पनि अभिव्यक्तिका लागि ।

११. दसबाह्र दिनमा यसो एक पटक बाहिर निस्कन्छु परिचित अनुहारको तृष्णा मेट्न र बढी तिर्खाएर घर फर्कन्छु ।

१२. प्रायशः प्रत्येकको एउटै कुशलक्षेम हुन्छ मप्रति - “कसो आजकाल त लेख देखिन्न नि ?”

१३. मानौँ शङ्कर लामिछाने लेख लेख्ने एउटा मेसिन हो, मेसिन मात्र, मानौँ छापाखाना हो जहाँ अक्षर कम्पोज गऱ्यो, सेट गऱ्यो, छापिदियो ।

१४. प्रश्नकर्ता बेग्लै भए पनि प्रश्न उही भएर होला अघिल्लो पटकको प्रश्न र पछिल्लो पटकको प्रश्न र पछिल्लो पटकको प्रश्नका दुई क्षण एकै क्षण भइदिएजस्तो लाग्छ मलाई, अनि दसबाह्र दिनको अवधिको मेरो जीवन बिलाउँछ ।

१५. लाग्छ, म त्यस अवधिबिच बाँचेकै थिइनँ ।

१६. एक त एकनासेपनको उराठ, दोस्रो घटनाहीन कालअवधि, अनि त्यस दिन आइतबार होओस् वा बुधबार, मेरा लागि क्यालेन्डर एक बुट्टेदार तस्बिर मात्र बनिदिन्छ ।

१७. प्रत्येक दिवसको आरम्भ एकै प्रकारले तथा प्रत्येक सन्ध्याको अवसान एकै प्रकारले हुनु जस्तो यो जीवनभन्दा हेय केही छैन ।

१८. तर त्यो घृणा स्वयम्बाट जन्मेको स्वयम् प्रति मुखरित भएकाले त्यसले सारा आस्था र सारा विश्वास र सारा आशालाई घाइते तुल्याइदिएको हुन्छ ।

१९. दिवस, काल, क्षणप्रति केही मोह रहँदैन ।

२०. मृत्युसँग प्रत्येक दिन सापट मागेको दिन जस्तो, मानौँ बेचिदिएको दिन एक ऋणको दिन हो जसमा महाकालको चक्रवर्ती ब्याज पलपल बढिरहेछ; पलपल सापटीको अङ्क थपिँदो छ ।

**निर्दिष्ट निबन्धको तेस्रो अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. २१**

| वा.सं. | संयुक्ति |
|---|---|
| ७ र ८ | स्मरण र अनुमानको सम्बन्ध |
| ८ र ९ | आर्थी विपर्यायको सम्बन्ध |
| ९ र १० | आर्थी विपर्यायको सम्बन्ध |
| १० र ११ | आर्थी विपर्यायको सम्बन्ध |
| ११ र १२ | स्पष्टोक्ति सम्बन्ध |
| १२ र १३ | रीतिबोधक सम्बन्ध |

| | |
|---|---|
| १३ र १४ | अनुमानको सम्बन्ध |
| १४ र १५ | अनुमानको सम्बन्ध |
| १५ र १६ | परिवेश र घटनाको सम्बन्ध |
| १६ र १७ | तुलनात्मक सम्बन्ध |
| १७ र १८ | निहितार्थ सम्बन्ध |
| १८ र १९ | अनुक्रमबोधक सम्बन्ध |
| १९ र २० | रीतिबोधक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ७ र ८ का बिचमा स्मरण र अनुमानको सम्बन्ध देखा परेको छ । वा.सं. ७ मा निबन्धकारका जीवन सम्बन्धीका अनुभूतिलाई स्मरण गरिएको छ भने वा.सं. ८ मा त्यही जीवनको नैराश्यमा आफू परिरहेको अभिव्यक्ति प्रस्तुत गरिएको छ । अतः दुई वाक्यका बिचमा स्मरण र अनुमानको सम्बन्ध प्रस्तुत गरिएको छ । वा.सं. ८ र ९ का बिचमा अर्थगत भिन्नता कायम रहेकाले, त्यस्तै वा.सं. ९ र १० तथा १० र ११ का बिचमा आर्थी विपर्यायको सम्बन्ध रहेको छ । यी वाक्यहरूका बिचमा परस्पर विपरीत हुने खालका भावहरू एक अर्कासँग प्रस्तुत भएका छन् । निबन्धकारका जीवन सम्बन्धीका धारणामा विरुद्धार्थकता देखा परेको छ । वा.सं. ११ र १२ का बिचमा स्पष्टोक्ति  सम्बन्ध रहेको छ । वा.सं. ११ का जीवन सम्बन्धी चिन्तनलाई वा.सं. १२ ले पुष्टि गर्ने प्रयास गरेको छ । अतः यी वाक्यका बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । वा.सं. १२ र १३ का बिचमा रीतिबोधक सम्बन्ध रहेको छ । यसमा आफ्नो जीवनसम्बन्धीको चिन्तनलाई निबन्धकारले विभिन्न दृष्टान्त र छुट्टै शैलीद्वारा प्रस्तुत गरेका छन् । वा.सं. १३ र १४ का बिचमा अनुमानको सम्बन्ध रहेको छ । यसमा निबन्धकारलाई कुनै प्रश्नकर्ताले सोधेका प्रश्न र त्यसको सम्भावित उत्तरको कल्पना गरिएको छ । त्यस्तै वा.सं. १४ र १५ का बिचमा निबन्धकारलाई 'मलाई लाग्छ' भन्ने पदावली सहित उत्तरको अनुमानात्मक अभिव्यक्ति दिएकाले यी वाक्यका बिचमा अनुमानको सम्बन्ध रहेको छ । वा.सं. १५ र १६ का बिचमा पहिले विशेष प्रकारको मानसिक परिवेश प्रस्तुत गरिएको छ । अतः यी वाक्यहरूका बिचमा परिवेश र घटनाको सम्बन्ध रहेको छ । वा.सं. १६ र १७ का बिचमा तुलनात्मक सम्बन्ध रहेको छ । यहाँ जीवनको आरम्भ र दिनको आरम्भ तथा

जीवनको अन्त्य तथा दिनको अन्त्य एकै प्रकारले हुने तथा जीवन र समयका बिच तुलना गरी प्रस्तुत गरिएकाले तुलनात्मक सम्बन्ध रहेको छ । वा.सं. १७ र १८ का बिचमा निहितार्थ सम्बन्ध रहेको छ । वा.सं. १७ मा रहेको भाव र वा.सं. १८ मा अभिव्यक्त जीवन सम्बन्धीको निबन्धकारको निजी चिन्तन परस्पर निहित रहेकाले यी वाक्यका बिचमा निहितार्थ सम्बन्ध रहेको छ । वा.सं. १८ र १९ का बिचमा अनुक्रम बोधक सम्बन्ध रहेको छ । वा.सं. १८ र १९ का बिचमा घटित भावहरू परस्पर मिल्ने किसिमका र एकपछि अर्को गर्दै आएकाले यी वाक्यका बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । वा.सं. १९ र २० का बिचमा रीतिबोधक सम्बन्ध रहेको छ । यसमा जीवनलाई विभिन्न दृष्टान्त, तुलना, उदाहरण आदिबाट पुष्टि गर्ने प्रयास गरिएकाले यी वाक्यका बिचमा रीतिबोधक सम्बन्ध रहेको छ ।

## ४.५ निर्दिष्ट निबन्धको चौंथो अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. २१ देखि २२ सम्म जम्मा २ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

२१. यो अवस्था गोधूलि संसार हो ।

२२. भीमदर्शन रोकाको एक कविताका दुई पङ्क्ति सम्झि रहेछु म अहिले - "एक्लै एक्लै उदास उदास छु म, घाम डुबी तारा नउदाएको आकाश हुँ म ।"

**निर्दिष्ट निबन्धको चौंथो अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. २२**

| वा.सं. | संयुक्ति |
|---|---|
| २१ र २२ | स्पष्टोक्ति र स्मरणको सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. २१ र २२ का बिचमा स्पष्टोक्ति र स्मरणको सम्बन्ध रहेको छ । अघिल्लो अनुच्छेदमा रहेको वैचारिक निरन्तरताको पुष्टि

स्वरुप वा.सं. २१ मा आएको र त्यहाँ गोधूलि संसार सम्बन्धी स्पष्ट दृष्टिकोण राखिएको छ । त्यस्तै वा.सं. २१ र २२ का बिचमा निबन्धकारले भीमदर्शन रोकाको कविताको स्मरण गरेका छन् । अतः यी वाक्यका बिचमा स्मरणको सम्बन्ध रहेको छ ।

## ४.६ निर्दिष्ट निबन्धको पाँचौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको पाँचौं अनुच्छेदमा वा.सं. २३ देखि २६ सम्म जम्मा ४ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

२३. २०१३ साल वैशाखमा छापेको त्यस कवितालाई त्यस बेला रोमान्टिसिज्मको चस्माबाट हेर्दा अर्कै मिठो, सुन्दर, प्रेमको क्षणिक बिछोडको न्यानो दर्दमा मुछिएको पाएको थिएँ ।

२४. आज साढे तेर वर्षपछि कविताका अंश भूत बनेर आएका छन् मेरा समक्ष मसँग यथार्थिक अर्थको जानकारी माग्न ।

२५. आफ्नै ठानेको जीवन, आफूले ठिक भनी ठानेका, गरेका कार्यहरू कालको संहारबाट भग्नावशेष बनी छरिएको देख्दा सारो चित्त दुख्दो रहेछ ।

२६. चित्त दुख्ने, तिनको वास्तविक आन्तरिक तत्त्व बुझेर पनि हो ।

**निर्दिष्ट निबन्धको पाँचौ अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. २३**

| वा.सं. | संयुक्ति |
|---|---|
| २३ र २४ | स्मरणको सम्बन्ध |
| २४ र २५ | परिचयात्मक सम्बन्ध |
| २५ र २६ | कार्य कारण सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. २३ र २४ का बिचमा स्मरणको सम्बन्ध रहेको छ । निबन्धकारले यी वाक्यहरूमा भीमदर्शन रोकाको कविता २०१३ सालमा पढेको स्मरण गरी पहिले पढेको र अहिले पढेको कविताका बिचमा भिन्नता पाएको उल्लेख गरेका छन् । त्यस्तै वा.सं. २४ र २५ का बिचमा परिचयात्मक सम्बन्ध रहेको छ । यसमा जीवन सम्बन्धीका निबन्धकारका निजानुभूतिलाई प्रकट गर्दै परिचयात्मक रुपमा प्रस्तुत गरिएको छ । वा.सं. २५ र २६ का बिचमा कार्य कारण सम्बन्ध रहेको छ । यसमा चित्त दुख्नुलाई कार्यको रुपमा र त्यसको कारण चाहिँ जीवनको वास्तविकता बुझ्नेर हो भनी प्रस्ट पारिएको छ ।

## ४.७ निर्दिष्ट निबन्धको छैटौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. २७ देखि ३० सम्म जम्मा ४ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

२७. यही कुरा भन्न बसेको म ।

२८. खासमा म जोकर हुनु पर्ने मान्छे ।

२९. सितम्बर महिनाको 'कादम्बिनी'मा एउटा ठट्टा छापेको छ ।

३०. त्यो म यहाँ अनुवाद गर्छु - "सर्कस म्यानेजरलाई बामपुड्केले उजुर गर्‍यो रे, भीम पहलवानले जहिले पनि चिठी लेख्दा अनेक गल्ती गर्छ र त्यसलाई सच्याउन इरेजर ठानी कागजमा दलिदिन्छ ।"

**निर्दिष्ट निबन्धको छैटौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. २४**

| वा.सं. | संयुक्ति |
|---|---|
| २७ र २८ | निहितार्थ सम्बन्ध |
| २८ र २९ | परिचयात्मक सम्बन्ध |
| २९ र ३० | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. २७ र २८ का बिचमा अर्थगत सन्निहितता रहेको छ। यी दुई वाक्यका बिचमा अघिल्लो वाक्यको अर्थ र पछिल्लो वाक्यको अर्थ परस्परमा निहित रहेकाले निहितार्थ सम्बन्ध रहेको छ। वा.सं. २८ र २९ का बिचमा विषयवस्तुलाई गति प्रदान गर्ने क्रममा परिचय दिइएको छ। अतः यी वाक्यका बिचमा परिचयात्मक सम्बन्ध रहेको छ। त्यस्तै वा.सं. २९ र ३० का बिचमा विषयवस्तु वा विचारको सिलसिला अनुक्रममा रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको छ।

## ४.८ निर्दिष्ट निबन्धको सातौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ३१ देखि ३३ सम्म जम्मा ३ वटा वाक्यहरू रहेका छन्। यी वाक्यका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

३१. एकछिन म पनि हाँसे यस ठट्टा उपर।

३२. तर त्यसको शाब्दिक अर्थभन्दा बाहिर पुग्दा मलाई सारै पीडा भयो।

३३. सर्कसलाई संसार र स्वयम्लाई बामपुड्के ठानेर भीम पहलवान इतिहास मानिदिए - त्यसको अर्थ हुन्छ, इतिहासले गल्ती सच्याउन जहिले पनि व्यक्तिलाई र खास गरी उसको पर्सनालिटिलाई रगडेको हुन्छ र त्यो ठट्टा होइन।

**निर्दिष्ट निबन्धको सातौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. २५**

| वा.सं. | संयुक्ति |
|---|---|
| ३१ र ३२ | कारण कार्य सम्बन्ध |
| ३२ र ३३ | व्याख्यात्मक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ३१ र ३२ का बिचमा कारण कार्य सम्बन्ध छ। ठट्टाको कारणले निबन्धकारलाई पीडा भएको भाव प्रस्तुत छ। त्यस्तै वा.सं.

३२ र ३३ का बिचमा निबन्धकारले विशेष अभिव्यक्तिद्वारा जीवनलाई परिभाषित गर्ने र व्याख्या गर्ने काम गरेका छन् । अतः यी वाक्यका बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ ।

## ४.९ निर्दिष्ट निबन्धको आठौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ३४ देखि ३७ सम्म जम्मा ४ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

३४. भन्छन् शङ्कर बिग्रियो ।

३५. उसलाई रक्सीले बिगाऱ्यो ।

३६. सारै खान्छ ।

३७. कति सत्य !

**निर्दिष्ट निबन्धको आठौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. २६**

| वा.सं. | संयुक्ति |
|---|---|
| ३४ र ३५ | कार्य कारण सम्बन्ध |
| ३५ र ३६ | आर्थी पर्यायको सम्बन्ध |
| ३६ र ३७ | प्रश्नार्थक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ३४ र ३५ का बिचमा निबन्धकार बिग्रिएको कार्य र पछिल्लो वाक्यमा त्यसको कारण रक्सी भएको उल्लेख गरिएको छ । त्यस्तै रक्सीले बिगार्नु र धेरै खानुका बिच आर्थी पर्यायको सम्बन्ध रहेको छ भने वा.सं. ३६ र ३७ का बिचमा निबन्धकारले के यो सत्य हो, यस कुरामा सत्यता छ ? भन्ने भाव व्यक्त गरेका छन् ।

## ४.१० निर्दिष्ट निबन्धको नवौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ३८ देखि ५५ सम्म जम्मा १८ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

३८. तर के गर्ने ?

३९. नशा मेरो नसामा छ ।

४०. म आँखा खोल्दा जति मात्तिएको, जति होस हराएको हुन्छु, त्यति फ्ल्याट हुँदा हुन्न ।

४१. होस हराएको बेला मलाई इरेजर बनेकोमा चित्त दुख्दैन ।

४२. होस भएको बेला म इरेजर बन्न चाहन्न ।

४३. देवकोटाले एक पटक यस्तै परिस्थितिमा लेखेथे - “ईश्वर मलाई भेडा बनाऊ ।”

४४. आज उनी बाँचेका भए म भन्ने थिएँ - गुरु ! तपाईंको भावनामा मेरो तादात्म्य छ, म सबै बुझ्छु तर भेडा नभन्नुहोस्, कारण भेडा मानिसले तह लगाइ सकेको जन्तु हो, उसमा आत्मग्लानि उम्रिसक्यो ।

४५. ईश्वरसँग वरदान माग्ने नै हो भने, आत्मग्लानि अनुभव नहुने अवस्थाको जन्तुको रुप किन नमाग्ने ?

४६. बरु जङ्गल नै पसौँ ।

४७. त्यहाँ कमसेकम आवरण त छैन, कसैले रौँ मात्र काटेर गलैँचाको इन्डस्ट्री त बनाउँदैन ।

४८. त्यहाँ बाँचिन्छ, मारिन्छ, खाइन्छ र मरिन्छ, अर्काको खुराक बनिन्छ ।

४९. डाइनिङ टेबुलको पकुवा मासुको आत्मा भए, प्रत्येक पटकको काँटाको मार र वरिपरिका अनुहारको व्यक्तित्व र मनमनै तिनलाई गरेको अभिशापको प्रक्रिया त भोग्नु पर्दैन !

५०. उसले भन्ने थियो - मूर्ख मानिस ! तँलाई किन वैज्ञानिकीकरण गर्नु पऱ्यो ?

५१. मानिस त आमाकै दुध चुसेर हुर्किने र ममताको गौरवको ढोङ गर्ने प्राणी हो ।

५२. जे छ त्यो गोबरमा छ ।

५३ . त्यहीँ प्राण जन्मन्छ ।

५४. यो प्रकृतिको नियम हो ।

५५. फोहोरमा जन्म, खाऊ, हुर्क, फोहोर भएर झर र अरुलाई हुर्कन देऊ ।

**निर्दिष्ट निबन्धको नवौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. २७**

| वा.सं. | संयुक्ति |
|---|---|
| ३८ र ३९ | स्पष्टोक्ति सम्बन्ध |
| ३९ र ४० | तुलनात्मक सम्बन्ध |
| ४० र ४१ | आर्थी विपर्यायको सम्बन्ध |
| ४१ र ४२ | आर्थी विपर्यायको सम्बन्ध |
| ४२ र ४३ | स्मरणको सम्बन्ध |
| ४३ र ४४ | स्पष्टोक्ति सम्बन्ध |
| ४४ र ४५ | प्रश्नार्थ सम्बन्ध |
| ४५ र ४६ | स्पष्टोक्ति सम्बन्ध |
| ४६ र ४७ | परिचयात्मक सम्बन्ध |
| ४७ र ४८ | समुच्चबोधक सम्बन्ध |
| ४८ र ४९ | स्पष्टोक्ति सम्बन्ध |
| ४९ र ५० | अनुमानको सम्बन्ध |
| ५० र ५१ | परिचयात्मक सम्बन्ध |
| ५१ र ५२ | स्पष्टोक्ति सम्बन्ध |
| ५२ र ५३ | निहितार्थ र अनुक्रमबोधक सम्बन्ध |
| ५३ र ५४ | परिचयात्मक सम्बन्ध |
| ५४ र ५५ | आज्ञार्थ सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ३८ र ३९ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । निबन्धकारले रक्सी पिउने अघिल्लो सन्दर्भलाई यी वाक्यहरूमा स्पष्ट पारेका छन् । त्यस्तै वा.सं. ३९ र ४० का बिचमा तुलनात्मक सम्बन्ध रहेको छ । यहाँ नसा खाँदा र नखाँदाको अवस्थाको तुलना छ । वा.सं. ४० र ४१ का बिचमा आर्थी विपर्यायको सम्बन्ध रहेको छ । त्यस्तै वा.सं. ४१ र ४२ का बिचमा पनि आर्थी विपर्यायकै सम्बन्ध रहेको छ । यी वाक्यहरूका बिचमा जीवन परस्पर इरेजर बन्ने र नबनेका बिच

निबन्धकारका विचारहरू परस्पर विरोधी भएर आएका छन् । वा.सं. ४२ र ४३ का बिचमा स्मरणको सम्बन्ध प्रस्तुत गरिएको छ । निबन्धकारले कुनै एक समय लक्ष्मीप्रसाद देवकोटाले अभिव्यक्त गरेको विचारलाई यी वाक्यहरूमा स्मरण गरेका छन् । वा.सं. ४३ र ४४ का बिचमा स्पष्टोक्ति  सम्बन्ध रहेको छ । यी वाक्यहरूले निबन्धकारका जीवन सम्बन्धीका निजी विचारलाई स्पष्ट रुपमा अभिव्यक्त गरेका छन् । वा.सं. ४४ र ४५ का बिचमा प्रश्नार्थ सम्बन्ध रहेको छ । यहाँ ईश्वरसँग वर माग्ने क्रममा निबन्धकारका निजी विचारसँग जोडेर भेडो वर माग्ने देवकोटासँग प्रश्न गरिएको भाव अभिव्यक्त छ । वा.सं. ४५ र ४६ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । निबन्धकारले वर सम्बन्धीका आफ्ना निजी दृष्टिकोणलाई स्पष्ट पारेका छन् । वा.सं. ४६ र ४७ का बिचमा परिचयात्मक सम्बन्ध रहेको छ । यी वाक्यहरूले निबन्धकारका नवीन विचारहरूको परिचय दिने काम गरेका छन् । वा.सं. ४७ र ४८ का बिचमा समुच्चयबोधक सम्बन्ध रहेको छ । यी दुबै वाक्यले संयुक्त रुपमा निबन्धकारका दृष्टिकोणहरूलाई प्रस्तुत गरेका छन् । वा.सं. ४८ र ४९ का बिचमा स्पष्टोक्ति  सम्बन्ध रहेको छ । यी वाक्यहरूले निबन्धकारका विचारलाई स्पस्ट पारेका छन् । वा.सं. ४९ र ५० का बिचमा अनुमानको सम्बन्ध रहेको छ । त्यस्तै वा.सं. ५० र ५१ का बिचमा परिचयात्मक सम्बन्ध, ५१ र ५२ का बिचमा स्पष्टोक्ति , ५२ र ५३ का बिचमा निहितार्थ र अनुक्रमबोधक, वा.सं. ५३ र ५४ का बिचमा परिचयात्मक, वा.सं. ५४ र ५५ का बिचमा आज्ञार्थ सम्बन्ध रहेको छ । यस अनुच्छेदमा प्रयुक्त यी अर्थ सम्बन्धहरूले निबन्धकारको जीवन र जगत् सम्बन्धीको चिन्तनलाई पूर्वापर रुपमा क्रमबद्ध गरी वैचारिक अन्तःसङ्गति कायम गर्ने प्रयास गरेका छन् ।

## ४.११ निर्दिष्ट निबन्धको दसौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको दसौँ अनुच्छेदमा वा.सं. ५६ देखि ६२ सम्मा जम्मा ७ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

५६. यो अन्तिम पङ्क्ति खासमा जोकरको जीवन हो ।

५७. इरेजर बनिदिनु ।

५८. खासमा म जोकर हुनु पर्ने, तर ईश्वरले एक ठुलो गल्ती गरे मउपर, महत्त्वाकाङ्क्षा पनि घुसारी दिए टाउकामा ।

५९. त्यसैकारण न म जोकर बन्न सकैं न भीम पहलवान् ।

६०. जे जति लेखैं, लाग्दछ मैले स्वयम् त के इतिहासले पनि मेट्न सक्ने छैन त्यसलाई - र अर्कातिर लाग्दछ इतिहासले मलाई जिउँदै मेटिरहेछ ।

६१. यस दुई परिस्थितिमा, मेरो के बिहान र के बेलुकी !

६२. यो जन्मै झिसमिसे हो, यो जम्मै गोधूलि संसार हो ।

**निर्दिष्ट निबन्धको दसौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. २८**

| **वा.सं.** | **संयुक्ति** |
|---|---|
| ५६ र ५७ | निहितार्थ सम्बन्ध |
| ५७ र ५८ | स्पष्टोक्ति सम्बन्ध |
| ५८ र ५९ | तुलनात्मक सम्बन्ध |
| ५९ र ६० | आर्थी विपर्यायको सम्बन्ध |
| ६० र ६१ | प्रश्नार्थक सम्बन्ध |
| ६१ र ६२ | निहितार्थ सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ५६ र ५७ का बिचमा निहितार्थ सम्बन्ध रहेको छ । यी दुई वाक्यका बिचमा परस्पर निबन्धकारका विचार निहित रहेका छन् । वा.सं. ५७ र ५८ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । यी वाक्यमा निबन्धकारले आफ्ना विचारलाई स्पष्ट पार्ने प्रयास गरेका छन् । वा.सं. ५८ र ५९ का बिचमा तुलनात्मक सम्बन्ध रहेको छ । निबन्धकार जोकर पनि बन्न नसकेको र भीम पहलवान पनि बन्न नसकेको भावलाई तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ । वा.सं. ५९ र ६० का बिचमा आर्थी विपर्यायको सम्बन्ध रहेको छ । यी वाक्यहरूले परस्पर विपरीत भाव व्यक्त गरेका छन् । वा.सं. ६० र ६१ का बिचमा प्रश्नार्थक सम्बन्ध रहेको छ । त्यस्तै ६१ र ६२ का बिचमा परस्पर अर्थ निहित रहेकाले यी वाक्यका बिचमा निहितार्थ सम्बन्ध रहेको छ । प्रस्तुत अनुच्छेदमा सन्निहित संयुक्तिले वैचारिक अन्तः सूत्रको निरन्तरतालाई प्रस्तुत गरेका छन् ।

## ४.१२ निर्दिष्ट निबन्धको एघारौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ६३ देखि ६८ सम्मा जम्मा ६ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६३. र, मानिसको वैज्ञानिकीकरणको प्रारम्भ प्रकृतिको सन्तुलन बिगार्नेमा छ ।

६४. त्यहीँबाट सभ्यता आरम्भ भयो र सभ्यताले समाप्ति पनि त्यहीँ छ ।

६५. आगोको आविष्कार गर्दा उसले रात्रिको सन्तुलन बिगार्‍यो, सङ्गीतको आविष्कार गरेर उसले रुदनको सन्तुलन बिगार्‍यो ।

६६. स्वच्छ मनले घ्वाँघ्वाँ रुन सक्नु पनि हामीले बिर्सि सक्यौं ।

६७. र सायद यही कारण हो, अम्बरका स्वयम् रचनामा, जहाँ गीत, सङ्गीत र स्वरको गोधूलि संसार छ, त्यहाँ मलाई लाग्छ म रुन सफल भएको छु ।

६८. कमसेकम जङ्गलको एकान्तमा ठुलो रुखमुनि एक्लै एक्लै उदास उदास छु म ... आगो बाल्न नसकेको अवस्थाको वनमानुष हुँ म, र घाम डुबी तारा नउदाएको आकाश हुँ म ।

**निर्दिष्ट निबन्धको एघारौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं २९**

| वा.सं. | संयुक्ति |
|---|---|
| ६३ र ६४ | अनुक्रमबोधक सम्बन्ध |
| ६४ र ६५ | व्याख्यात्मक सम्बन्ध |
| ६५ र ६६ | युगपदबोधक सम्बन्ध |
| ६६ र ६७ | अनुमानको सम्बन्ध |
| ६७ र ६८ | परिचयात्मक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ६३ र ६४ का बिचमा अनुक्रमबोधक सम्बन्ध, वा.सं. ६४ र ६५ का बिचमा व्याख्यात्मक सम्बन्ध, वा.सं. ६५ र ६६ का बिचमा युगपदबोधक सम्बन्ध, वा.सं. ६६ र ६७ का बिचमा अनुमानको सम्बन्ध

तथा वा.सं. ६७ र ६८ का बिचमा परिचयात्मक सम्बन्ध रहेको छ । यस अनुच्छेदमा सन्निहित उल्लिखित संयुक्तिहरूले वैचारिक अन्तः सूत्रको निरन्तरतालाई जोडेका छन् ।

## ४.१३ निर्दिष्ट निबन्धको बाह्रौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ६९ देखि ७५ सम्म जम्मा ७ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६९. गुरु, मलाई वनमान्छे हुन मन लागेको कारण छ, कारण के भने त्यहाँ वनमा गरिएका कार्यहरू आत्मरक्षाको लागि गरिन्छन्, त्यसो गर्दा आफ्नो कार्यको औचित्यको व्याख्या गरिरहन पर्दैन ।

७०. त्यहाँको हिंसाको मुख्य कारण हो त्रास ।

७१. लुत्रे कुकुरले तर्सेर कुइँकुइँ गऱ्यो भने उसको त्रास ठिक हो भनी मानिसले उसलाई लात दिनु वा मानिस नै स्वयम् कुकुरसँग डराएको छ भने कुकुरले त्यो त्रासको उपयोग गरी उसलाई टोक्नु ।

७२. जनावरहरूमा त्रास सुँघ्न सक्ने क्षमता हुन्छ ।

७३. हामीमा डर उम्रि आउँदा रगतको सञ्चारमा जुन आड्रेनालिनको मात्रा विकसित हुन्छ, त्यो सुँघ्न सक्छन् जनावरहरू ।

७४. त्यस गन्धकै आधारमा उनीहरू हामीउपर आक्रमण गर्दछन्, कारण ती, जान्छन्, त्रास नै क्रोधको जननी हो र क्रोध उभ्रिनु अघि नै आक्रमण गर्नु पर्दछ ।

७५. हामीले सभ्यताको सुगन्धमा त्यो मूलभूत कुरा बिर्सियौं ।

**निर्दिष्ट निबन्धको बाह्रौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ३०**

| वा.सं. | संयुक्ति |
|---|---|
| ६९ र ७० | व्याख्यात्मक सम्बन्ध |
| ७० र ७१ | व्याख्यात्मक सम्बन्ध |
| ७१ र ७२ | समुच्चयबोधक सम्बन्ध |

| | |
|---|---|
| ७२ र ७३ | स्पष्टोक्ति सम्बन्ध |
| ७३ र ७४ | अनुक्रमबोधक सम्बन्ध |
| ७४ र ७५ | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ६९ र ७० का बिचमा निबन्धकारलाई जङ्गली मानिस हुन मन लागेको कारणको व्याख्या गरिएको छ । अतः यी वाक्यका बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. ७० र ७१ मा पनि उक्त भावलाई निरन्तर रुपमा पुस्टि गर्न व्याख्या गरिएकाले व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. ७१ र ७२ का बिचमा समुच्चयबोधक सम्बन्ध रहेको छ । त्यस्तै ७२ र ७३ का बिचमा स्पष्टोक्ति सम्बन्ध छ । त्यस्तै वा.सं. ७३ र ७४ का बिचमा वैचारिक निरन्तरताको क्रम निरन्तर रुपमा रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको छ । त्यस्तै वा.सं. ७४ र ७५ का बिचमा पनि वैचारिक निरन्तरता क्रमिक रुपमा रहेकाले अनुक्रम बोधक सम्बन्ध रहेको छ । यी संयुक्तिले वैचारिक अभिव्यक्तिजन्य अन्तः सूत्रको निरन्तरतालाई क्रमिक रुपमा प्रस्तुत गरेको छ ।

## ४.१४ निर्दिष्ट निबन्धको तेह्रौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ७६ देखि ८७ सम्म जम्मा १२ वटा वाक्यहरू रहेका छन् । यी वाक्यहरूका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

७६. सङ्गीतको यही गोधूलि संसारमा म वनमान्छे बनेको बेला लाग्दछ मलाई, गीतका प्रत्येक शब्दको पर्सनल गन्ध मेरो नाकमा पसिरहेछ सङ्गीतको प्रत्येक लयको स्वाद मेरो जिभ्रोमा रसाइ रहेछ, स्वरका प्रत्येक अभिव्यक्ति मेरो परेलामै जन्मि रहेछ ।

७७. अनि मेरा ज्ञान र चेतना र सभ्यतालाई म खौरिदिन्छु अनावश्यक ठानी ।

७८. हेर्न थाल्छु, अम्बरका औँला कसरी हार्मोनियममा चिप्लेटी खेल्दैछन् ।

७९. औँलाहरूको पनि आफ्नो व्यक्तिगत जीवन हुनु अनौठा होइन ?

८०. प्रत्येक औँलाको मुटु छ, मस्तिष्क छ, प्रत्येकमा एउटा आकाङ्क्षा छ छुने, सुम्सुमाउने, समात्ने, घोच्ने, पकडिने, तथा यति गरि सकेर अचेत मनमा तिनको अनुभूति सङ्गृहीत गरि राख्ने ।

८१. अनि पो हातले स्वत: अनायास नै कुनै नारी, कुकुर, घोडा, बन्दुक, जवाहिरात छुँदा तिनको स्वादको जानकारी भिन्न भिन्न रुपले पाउँछ ।

८२. छुनुअघि नै औँलाले आफ्नो सञ्चालनको व्यवस्था रोजि सकेको हुन्छ ।

८३. अनुभवले बताइ सकेको हुन्छ कहाँनिर हुनुपर्छ - नारीको स्तन वा तिघ्रा अथवा घोडाको गर्दन ।

८४. नत्र किन बिरालाको चिउँडो मुसार्ने, केटाको कपाल सुम्सुमाउने ?

८५. हार्मोनियमका रिडमा उसका औँला छोइनु अगि एकछिन स्वयम् थिरकित हुन्छन् हावामा अनि मात्र छुन्छन् चाहिने मात्रामा ।

८६. त्यो एक निभेषको जुन क्षण हो, जुन कम्पन हो मानौँ त्यसले स्वरकोकौमार्य जाँचेको हो अनि मात्र स्खलनको आत्मसन्तुष्ट आउँछ त्यहाँ ।

८७. लाग्छ, मेरो जन्म, जीवन र मृत्यु त्यहीँ सन्निहित छ, त्यस एक क्षणको पनि क्षणमा ।

**निर्दिष्ट निबन्धको तेह्रौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ३१**

| वा.सं. | संयुक्ति |
|---|---|
| ७६ र ७७ | स्पष्टोक्ति सम्बन्ध |
| ७७ र ७८ | शीघ्रताबोधक सम्बन्ध |
| ७८ र ७९ | प्रश्नार्थक सम्बन्ध |
| ७९ र ८० | व्याख्यात्मक सम्बन्ध |
| ८० र ८१ | कारण कार्य सम्बन्ध |
| ८१ र ८२ | अनुक्रमबोधक सम्बन्ध |
| ८२ र ८३ | स्पष्टोक्ति सम्बन्ध |
| ८३ र ८४ | प्रश्नार्थक सम्बन्ध |
| ८४ र ८५ | स्पष्टोक्ति सम्बन्ध |
| ८५ र ८६ | अनुमानको सम्बन्ध |
| ८६ र ८७ | अनुमानको सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ७६ र ७७ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । त्यस्तै वा.सं. ७७ र ७८ का बिचमा घटनाहरू तत्कालीन कार्यव्यापार रहेकाले शीघ्रताबोधक सम्बन्ध रहेको छ । वा.सं. ७८ र ७९ प्रश्नार्थक सम्बन्ध रहेको छ । वा.सं. ७९ र ८० का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. ८० र ८१ का बिचमा कारण कार्य सम्बन्ध रहेको छ । वा.सं. ८१ र ८२ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । वा.सं. ८२ र ८३ का बिचमा स्पष्टोक्ति  सम्बन्ध रहेको छ । वा.सं. ८३ र ८४ का बिचमा स्पष्टोक्ति  सम्बन्ध रहेको छ । वा.सं. ८५ र ८६ का बिचमा अनुमानको सम्बन्ध रहेको छ । त्यसै गरी ८६ र ८७ का बिचमा अनुमानको सम्बन्ध रहेको छ । यसरी प्रस्तुत अनुच्छेदमा सन्निहित संयुक्तिहरूले निबन्धकारको जीवन सम्बन्धी चिन्तनलाई सुव्यवस्थित रुपमा वैचारिक निरन्तरताका साथ प्रस्तुत गरेको छ ।

## ४.१५ निर्दिष्ट निबन्धको चौधौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ८८ देखि ९३ सम्म जम्मा ६ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

८८. यसैले लाग्दछ, अम्बरले मेरो शब्द चोऱ्यो ।

८९. कहिलेकाहीँ लाग्दछ अम्बरले मेरो जीवन नै पो चोऱ्यो ।

९०. तर त्यस चोरिनुमा जुन सुख छ, जुन सपना छ, त्यो आत्महत्या भन्दा पनि बढी धीत मर्दो छ ।

९१. प्रत्येक पटक यसरी म चोरिँदा, म लुटिँदा, म भाचिँदा मलाई लाग्दछ म अहिरावण झैँ बढी सशक्त बनेको छु ।

९२. लाग्दछ, म त यस्तो एउटा यौनि हुँ, जसमा इतिहासले वीर्यपात गर्न पनि पैसा तिरिरहेछ ।

९३. वेश्यामा यदि यो सचेत भावनाको कल्पना गर्न सकिन्छ भने, मलाई पार्वती लामिछाने ठाने हुन्छ ।

**निर्दिष्ट निबन्धको चौधौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ३२**

| वा.सं. | संयुक्ति |
|---|---|
| ८८ र ८९ | अनुमानको सम्बन्ध |
| ८९ र ९० | तुलनात्मक सम्बन्ध |
| ९० र ९१ | रीतिबोधक सम्बन्ध |
| ९१ र ९२ | स्पष्टोक्ति सम्बन्ध |
| ९२ र ९३ | आज्ञार्थ सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ८८ र ८९ का बिचमा अनुमानको सम्बन्ध रहेको छ । यी दुबै वाक्यमा निबन्धकारले अम्बर गुरुङप्रति गरेको अनुमानात्मक टिप्पणी प्रस्तुत छ । वा.सं. ८९ र ९० का बिचमा तुलनात्मक सम्बन्ध रहेको छ । निबन्धकारले जीवनानुभूति अन्तर्गत खुसीको तुलना विभिन्न सन्दर्भसँग गरेका छन् । वा.सं. ९० र ९१ का बिचमा रीतिबोधक सम्बन्ध रहेको छ । निबन्धकारले विशेष तरिकाद्वारा जीवनलाई परिभाषित गर्ने प्रयास गरेका छन् । वा.सं. ९१ र ९२ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । जीवन सम्बन्धीका निबन्धकारका चिन्तनलाई स्पष्ट्याइएकाले स्पष्टोक्ति सम्बन्ध छ । वा.सं. ९२ र ९३ का बिचमा आज्ञार्थ सम्बन्ध रहेको छ । यी वाक्यमा निबन्धकारले आफूलाई पार्वती लामिछाने ठान्न पाठकलाई आग्रह गरेको भाव अभिव्यक्त छ ।

## ४.१६ निर्दिष्ट निबन्धको पन्ध्रौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ९४ मा जम्मा एउटा वाक्य रहेको छ । यस वाक्यमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

९४. र यही महानताको भरमा म बाँचिरहेछु - कारण बिहानैदेखि मेरो नसामा शङ्करको नशा छ, शङ्कर जो गरलपान गरेर पनि कण्ठनील छ, शङ्कर जो, बुढालीनकण्ठ झैँ लम्पसार गरी बसेको छ, शङ्कर जो बिग्रेको छ, शङ्कर जो सर्व संहारकारी छ ।

वा.सं. ९४ मा जम्मा एउटा मात्र वाक्यको सिङ्गै अनुच्छेद रहेको छ । यसमा केही प्रयोगशील प्रवृत्ति देखाइएको छ । एउटै मात्र वाक्य भए तापनि यसमा वैचारिक अन्तः सूत्रको निरन्तरता कायम छ । यसमा कार्य कारण सम्बन्ध रहेको छ । त्यस्तै व्याख्यात्मक सम्बन्ध पनि रहेको छ । कार्य कारण र व्याख्यात्मक सम्बन्धले यस अनुच्छेदलाई पूर्वापर प्रसङ्गसँग जोडेर अर्थयुक्त बनाएको छ ।

## ४.१७ निर्दिष्ट निबन्धको सोह्रौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण

निर्दिष्ट निबन्धको यस अनुच्छेदमा वा.सं. ९५ देखि ९८ सम्म जम्मा ४ वटा वाक्यहरूरहेका छन् । यी वाक्यका बिचमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

९५. तर सर्वसंहारी म छैन ।

९६. कारण संहार मैले स्वयम्को पनि गर्न समर्थ भएको छैन !

९७. म त जोकर हुनुपर्ने मान्छे ।

९८. यही हुनुपर्ने र भइनँका बिचको गोधूलि संसारमा म अहिले छु र म जान्दिनँ म लेखक हुँ वा इन्टरप्रेटर ।

**निर्दिष्ट निबन्धको सोह्रौं अनुच्छेदमा सन्निहित संयुक्तिको पहिचान र विश्लेषण**

**तालिका सङ्ख्या नं. ३३**

| वा.सं. | संयुक्ति |
|---|---|
| ९५ र ९६ | कार्य कारण सम्बन्ध |
| ९६ र ९७ | स्पष्टोक्ति सम्बन्ध |
| ९७ र ९८ | तुलनात्मक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ९५ र ९६ का बिचमा कार्य कारण सम्बन्ध रहेको छ । लेखक सर्वसंहारकारी नहुनुको कारण लेखक स्वयम्ले आफ्नो पनि आफ्नो संहार गर्न नसक्नु रहेको भाव अभिव्यक्त छ । त्यस्तै वा.सं. ९६ र ९७ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । आफू संहारकारी हुन नसकेकाले नै शङ्कर नाम पाएर पनि जोकर हुनु परेको भाव यी वाक्यहरूमा रहेको छ । वा.सं. ९७ र ९८ का बिचमा जीवनलाई तुलनात्मक रुपमा व्यक्त गरिएको छ । अतः यी वाक्यका बिचमा तुलनात्मक सम्बन्ध रहेको छ ।

## ४.१८ निर्दिष्ट निबन्धको प्रत्येक अनुच्छेदमा सन्निहित संयुक्तिको विश्लेषण

'गोधूलि संसार' निबन्ध जम्मा सोह्र वटा अनुच्छेदहरूमा संरचित छ । सोह्र वटा अनुच्छेद र ९८ वटा वाक्यहरूद्वारा यसले सिङ्गो भाषिक संरचना प्राप्त गरेको छ । यस पाठमा रहेका उक्त अनुच्छेदहरूका बिचमा सन्निहित संयुक्तिलाई तल प्रस्तुत गरिएको छ :-

**निर्दिष्ट निबन्धको प्रत्येक अनुच्छेदमा सन्निहित संयुक्तिको विश्लेषण**

**तालिका सङ्ख्या नं. ३४**

| अ.सं. | संयुक्ति |
|---|---|
| १ र २ | अनुक्रमबोधक सम्बन्ध |
| २ र ३ | स्पष्टोक्ति सम्बन्ध |
| ३ र ४ | स्मरणको सम्बन्ध |
| ४ र ५ | तुलनात्मक सम्बन्ध |
| ५ र ६ | स्पष्टोक्ति सम्बन्ध |
| ६ र ७ | कार्य कारण सम्बन्ध |
| ७ र ८ | स्पष्टोक्ति र प्रश्नात्मक सम्बन्ध |
| ८ र ९ | ब्याख्यात्मक र स्पष्टोक्ति सम्बन्ध |
| ९ र १० | रीतिबोधक सम्बन्ध |
| १० र ११ | अनुक्रमबोधक सम्बन्ध |
| ११ र १२ | तुलनात्मक सम्बन्ध |
| १२ र १३ | ब्याख्यात्मक सम्बन्ध |
| १३ र १४ | आज्ञार्थक सम्बन्ध |
| १४ र १५ | अनुक्रमबोधक र रीतिबोधक सम्बन्ध |
| १५ र १६ | स्पष्टोक्ति सम्बन्ध |

निर्दिष्ट निबन्धको अनुच्छेद सङ्ख्या १ र २ का बिचमा अनुक्रम बोधक सम्बन्ध रहेको छ । पहिलो अनुच्छेदमा निबन्धकार 'गोधूलि संसार' निबन्ध लेख्न बसेका र शीर्षक उपयुक्त नभएको विचार अभिव्यक्त छ भने दोस्रो अनुच्छेदमा ती विचारहरू शृङ्खलाबद्ध रुपमा आएको भाव अभिव्यक्त गरिएको छ । अतः यी अनुच्छेदका बिचमा अनुक्रम बोधक सम्बन्ध रहेको छ । दोस्रो र तेस्रो अनुच्छेदका बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ ।

'गोधूलि संसार' को विषयवस्तुबारे यी अनुच्छेदहरूमा स्पस्ट पारिएको छ । तेस्रो र चौंथो अनुच्छेदका बिचमा स्मरणको सम्बन्ध रहेको छ । निबन्धकारले 'गोधूलि संसार' शीर्षक चयन गरेपछि भीम दर्शन रोकाको कवितालाई स्मरण गरेका छन् । चौंथो र पाँचौं अनुच्छेदका बिचमा तुलनात्मक सम्बन्ध रहेको छ । भीमदर्शन रोकाका कवितालाई तेर वर्ष अघि र पछि पढ्दा प्राप्त भएको अनुभूतिलाई यी अनुच्छेदका बिचमा तुलनात्मक रुपले प्रस्तुत गरिएको छ । पाँचौं र छैटौं अनुच्छेदका बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । निबन्धकारले निबन्धमा 'गोधूलि संसार' का बारेमा भन्न खोजेको भाव स्पष्ट पारिएको छ । छैटौं र सातौं अनुच्छेदका बिचमा कार्य कारण सम्बन्ध रहेको छ । छैटौं अनुच्छेदमा निबन्धकार लिलिपुटको कुरा सुनेर हाँसेको र सातौं अनुच्छेदमा उक्त घटनाले निबन्धकारलाई पीडा भएको कुरा उल्लेख छ । सातौं र आठौं अनुच्छेदका बिचमा स्पष्टोक्ति र प्रश्नात्मक सम्बन्ध रहेको छ । यो अनुच्छेदमा जीवनको निरर्थकता निबन्धकारले बुझेर रक्सी पिउन थालेको र सबैले शङ्कर बिग्रियो भन्न थालेको कुरा उल्लेख गरिएको छ । यस कुरालाई निबन्धकारले आश्चर्यसूचक शब्दद्वारा यो कति सत्य हो भनी प्रश्न गरिएको छ । आठौं र नवौं अनुच्छेदका बिचमा व्याख्यात्मक र स्पटोक्ति सम्बन्ध रहेको छ । रक्सी खानुको कारण र क्षणिक जीवनलाई यी अनुच्छेदमा व्याख्या गर्दै स्पस्ट पारिएको छ । नवौं र दसौं अनुच्छेदका बिचमा रीतिबोधक सम्बन्ध रहेको छ । निबन्धकारले विभिन्न उपमा, दृष्टान्त र रुपक सिर्जना गरेर आफ्नो जीवनका बारेमा वर्णन गरेका छन् । दसौं र एघारौं अनुच्छेदका बिचमा अनुक्रम बोधक सम्बन्ध रहेको छ । यी दुबै अनुच्छेदलाई जोड्न 'र' संयोजकको प्रयोग भएको र यसले विचारको निरन्तरतालाई सङ्केत गरी निबन्धकारका जीवन सम्बन्धी निस्सार चिन्तनलाई प्रस्तुत गरेकाले यी अनुच्छेदका बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । एघारौं र बाह्रौं अनुच्छेदका बिचमा तुलनात्मक सम्बन्ध रहेको छ । आफ्ना गुरु देवकोटाका वरदान 'प्रभुजी मलाई भेडो बनाऊ' र आफ्नो विचारको तुलनात्मक निष्कर्ष प्रस्तुत गरिएको छ । बाह्रौं र तेह्रौं अनुच्छेदका बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । यी अनुच्छेदहरूमा निबन्धकारले जीवनलाई 'गोधूलि संसार' सँग तुलना गरी पुष्टि गर्ने गरेका छन् । तेह्रौं र चौधौं अनुच्छेदका बिचमा आज्ञार्थ सम्बन्ध रहेको छ । निबन्धकारले विभिन्न मिथकीय सन्दर्भ जोड्दै अन्त्यमा आफूलाई शङ्कर लामिछाने होइन पार्वती लामिछाने ठान्न आग्रह गरिएको छ । अनुच्छेद चौधौं र पन्ध्रौंका बिचमा अनुक्रम बोधक र रीतिबोधक सम्बन्ध रहेको छ । पुराण पुरुष शङ्करमा निबन्धकार शङ्करको आरोप

गरिदिएको छ र अघिल्लो अनुच्छेदसँग विचारको निरन्तरता राखिएको छ । साथै दुई शङ्करका बिच तुलना पनि गरिएको छ । अनुच्छेद पन्ध्रौं र सोह्रौंका बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । यी अनुच्छेदमा 'गोधूलि संसार' सँग निबन्धकारले आफ्नो जीवनलाई पुस्टि गरेका छन् ।

## ४.२ संयुक्तिको शैक्षणिक उपयोगिता

सतही पाठमा लुकेर प्रत्यक्ष देख्न नसकिने भाषिक एकाइ बिचको आर्थी सम्बन्धलाई संयुक्ति (सम्बद्धन) भनिन्छ । वक्ता वा लेखकले व्यक्त गरेको अभिव्यक्तिलाई श्रोता वा पाठकले ग्रहण गर्न ती पक्षका बिच अन्तःसूत्र स्थापित हुनलाई वक्ताको अभिव्यक्तिको परिवेशसँग श्रोताको अनुभवको तालमेल हुनुपर्दछ । यसरी बाह्य सन्दर्भलाई आन्तरिक अन्विति गराएर पाठकलाई सही बुझ्न र वक्तालाई सही बुझाउन कठीन नहुने कुराले संयुक्तिको महत्त्व प्रस्ट हुन आउँछ । यसमा भाषिक तालमेलको आवश्यक पर्दैन बरु अर्थ सम्बन्धको हिसाबले वक्ता श्रोताको सम्बन्ध नजिकिने भएकाले संसक्तिको तुलनामा संयुक्तिको महत्त्व अझ बढी रहेको देखिन्छ । पाठ अर्थपूर्ण हुनको लागि संसक्ति भए पनि हुने नभए पनि हुने तर संयुक्ति नभए पाठ नै निरर्थक हुने भएकाले शैक्षणिक क्षेत्रमा यसको महत्त्व विशेष रहेको छ । पाठहरू संसक्तिले भन्दा पनि संयुक्तिको अनुपस्थितिले मृत जस्तै हुने हुँदा शैक्षणिक क्षेत्रमा संयुक्तिको महत्त्व उल्लेखनीय रहेको कुरालाई नकार्न सकिदैन ।

## ४.३ सारांश

यस पाठमा रहेका प्रत्येक अनुच्छेदका बिचमा अर्थगत आन्तरिक सुसङ्गति कायम भएको छ । यसले वैचारिक अन्तःसूत्रको निरन्तरता कायम राखी पाठलाई अर्थपूर्ण र औचित्यपूर्ण बनाएको छ । संयुक्तिका दृष्टिले यो पाठ अर्थपूर्ण भएकाले निबन्धकारको विचार बुझ्नका लागि पाठकलाई कुनै अप्ठेरो पर्दैन । प्रस्तुत पाठमा स्पष्टोक्ति संयुक्ति सबैभन्दा बढी प्रयोग भएको छ । त्यस्तै सबैभन्दा कम युगपदबोधक, शीघ्रताबोधक, परिवेश र घटनाको सम्बन्ध एक एक ठाउँमा प्रयोग भएको छ । ठाउँ ठाउँमा संयुक्तिको प्रयोग तदनुरुपले हुनाले प्रस्तुत पाठ वैचारिक अन्तःसूत्रका हिसाबले श्रृङ्खलित र व्यवस्थित देखिएको छ ।

अध्याय : पाँच

# गोधूलि संसार निबन्धको सन्दर्भ विश्लेषण

## ५.१ परिचय

प्रस्तुत अध्यायमा गोधूलि संसार निबन्धलाई सङ्कथन विश्लेषण अन्तर्गतको सन्दर्भसँग सम्बन्धित भएर विश्लेषण गरिएको छ । पोखरेल (२०७०) का अनुसार सन्दर्भलाई सहभागी सन्दर्भ, भौतिक सन्दर्भ, तथा संज्ञानात्मक सन्दर्भ गरी तिन आधारमा विश्लेषण गरिएको छ । सहभागी सन्दर्भ अन्तर्गत सम्बोधक र सम्बोधित, भौतिक सन्दर्भ अन्तर्गत स्थानिक र समयगत, तथा संज्ञान सन्दर्भ अन्तर्गत उक्त पाठले सन्दर्भित गरेको सामाजिक, आर्थिक, राजनीतिक र बैचारिक पक्षलाई समेटिएको छ ।

## ५.२ गोधूलि संसार निबन्धमा सहभागी सन्दर्भ

गोधूलि संसार निबन्ध एउटा संकथनात्मक पाठ हो । कुनै पनि पाठमा सम्बोधक र सम्बोधित गरी दुई अपरिहार्य सहभागीहरू हुने गर्दछन् । सम्बोधकले पाठलाई सङ्कथन प्रस्तुत गरिरहेको हुन्छ भने सम्बोधितले त्यसलाई ग्रहण गरिरहेको हुन्छ । यस निबन्धमा पनि सम्बोधक र सम्बोधित रहेका छन् जसको चर्चा तल गरिएको छ :

### ५.२.१ सम्बोधक

प्रस्तुत निबन्धमा स्वयम् निबन्धकार नै सम्बोधकका रुपमा उपस्थित भएका छन् । म पात्रका रुपमा आएको सम्बोधकले आफ्ना बिचारलाई निरन्तर प्रवाहित गरेको छ । प्रस्तुत निबन्धको सम्बोधक बौद्धिक किसिमको देखिन्छ । उसले आफ्ना जीवन सम्बन्धीका बिचारहरूलाई अत्यन्त बौद्धिक रुपमा प्रस्तुत गरेको छ । सम्बोधकले आफ्नो जीवनलाई 'गोधूलि संसार' सँग तुलना गर्दै आफ्नो एकहोरो गन्थन अपेक्षित सम्बोधित वा बोद्धा पात्र समक्ष प्रस्तुत गरिरहेको छ । निबन्धको दोस्रो अनुच्छेदमा सम्बोधिततर्फ लक्षित गर्दै सम्बोधकले भनेको छ – " त, जसका नजरमा यी पङ्क्ति बसि रहेका होलान्, अहिले यो क्षण ऊ बिचार गर्दो हो– सन्ध्याकालीन् अवस्थाको एक घटना वा दृश्यको वर्णन गर्ने छ शङ्कर । सायद यो लेख्दा पनि रचनाकाल गोधूलिकै काल होला (पृ.४९) ।" माथिको दृष्टान्त सम्बोधकले श्रोतालाई सम्बोधन गरेको उदाहरण हो । यस्तो सम्बोधनले सम्बोधक र सम्बोधितका बिचमा सम्बन्ध

स्थापित भई पाठलाई सशक्त बनाउन सफल भएको छ । सम्बोधकले ठाउँ ठाउँमा आफ्ना गुरु देवकोटालाई जीवन सम्बन्धी चिन्तन प्रस्तुत गर्ने क्रममा स्मरण र सम्बोधन गरेको छ । सम्बोधकले भनेको छ – देवकोटाले एकपटक त्यस्तै परिस्थितिमा लेखेथे– " ईश्वर मलाई भेडा बनाऊ ।" आज ऊनी बाँचेको भए म भन्ने थिएँ - गुरु ! तपाईंको भावनामा मेरो तादात्म्य छ म सबै बुझ्छु तर भेडा नभन्नुहोस्, कारण भेडा मानिसले तह लगाई सकेको जन्तु हो । उसमा आत्मग्लानि उम्रिसक्यो । ईश्वरसँग वरदान नै माग्ने हो भने आत्मग्लानि अनुभव नहुने अवस्थाको जन्तुको रुप किन नमाग्ने ? बरु जङ्गलै पसौं (पृ.५१) । माथिको दृष्टान्तमा प्रस्तोताले देवकोटा बाँचेका भए म यसो भन्थें भनी श्रोतालाई आफ्ना धारणा प्रस्तुत गरिरहेको छ । "बरु जङ्गल पसौं भन्ने अभिव्यक्तिमा पनि सम्बोधक र सम्बोधितका अंश रहेको छ । जङ्गल जाऔं भनी द्वितीय पुरुष बहुबचनमा सम्बोधिततर्फ आफ्नो धारणा लक्षित गरिएको छ । ठाउँ ठाउँमा देवकोटालाई सम्बोधकले गुरु मलाई यसो गर्न मन लागेको छ, उसो गर्न मन लागेको छ भनी बारम्बार सम्बोधन गरिरहेकाले यसबाट पाठ विशृंखलित भई वैचारिक अन्तः सूत्र भंग हुनबाट जोगिएको छ । यसबाट प्रस्तुत पाठको संयुक्ति व्यवस्था मजबुत हुन पुगेको छ । प्रस्तुत पाठको सम्बोधक जीवनलाई निस्सार ठान्ने र जीवन सदैव आफूले सोचे जस्तो उपलब्धीपूर्ण नहुने धारणा राख्ने पात्रका रुपमा आएको छ । यसको सम्बोधक पुरुष पात्र नै रहेको कुरा प्रस्ट हुन्छ । यसको पुष्टि गर्ने प्रमाण उसले प्रयोग गरेका क्रियापद नै हुन्छन् । सम्बोधकले बारम्बार नेपाली भाषाको भाषिक व्यवस्था अन्तर्गत पुलिङ्गी क्रियापदको प्रयोग गरेको छ । जस्तै – " यही कुरा भन्न बसेको म " (पृ.५०) । यदि यस पाठको सम्बोधक स्त्री पात्र हुन्थ्यो भने उसले 'यही कुरा भन्न बसेकी म ' भन्ने सम्बोधन गर्ने थिई । अतः प्रस्तुत पाठमा प्रथम पुरुष 'म' पात्रका रुपमा उपस्थित भएको पुलिङ्ग सम्बोधकले आफ्नो जीवन र जगत सम्बन्धी धारणा एकहोरो रुपमा प्रस्तुत गरेको छ । प्रस्तुत कृति निबन्ध भएकाले यो एकलापीय / आत्मलापीय शैलीमा आफ्ना विचार अपेक्षित सम्बोधित सामु प्रस्तुत गरेको छ । प्रस्तुत पाठमा वक्ता वा प्रस्तोता अत्यन्त सक्रिय छ । उसले निरन्तर सक्रियताका साथ आ विचारलाई विभिन्न भाषिक शृंखलाका सम्बन्ध सूत्रमा उनेर प्रस्तुत गरेको छ । अत्यन्त बौद्धिक , चलाख र जीवन जगतलाई गम्भीर रुपमा बुझेको र जीवन जगत सम्बन्धी अरुको भन्दा फरक धारणा वा चिन्तन भएको पात्रका रुपमा यस पाठको सम्बोधक रहेको छ ।

### ५.२.२ सम्बोधित

प्रस्तत पाठमा अदृश्य रुपमा अपेक्षित सम्बोधित उपस्थित छ । म पात्रले आफ्नो जीवन जगत् सम्बन्धीको धारणा अपेक्षित सम्बोधित समक्ष प्रस्तुत गरिरहेको छ । यस निबन्धको सम्बोधित वा श्रोता निष्क्रिय छ । ऊ प्रत्यक्ष रुपमा कहीं पनि पाठभित्र उपस्थित भएको छैन । आफ्ना विचारलाई पनि सम्बोधक समक्ष प्रस्तुत गरेको छैन । सम्बोधकका विचारमा सहमति वा असहमति जनाउने केही पनि कार्य गरेको छैन । ठाउँ ठाउँमा सम्बोधकले मलाई यस्तो लाग्छ, उस्तो लाग्छ, यो भए हुन्थ्यो, जीवन यस्तो छ भनी सम्बोधितलाई सुनाई रहे तापनि यस पाठको श्रोता 'म' पात्रसँग कुनै वैचारिक बहसमा आएको छैन । प्रस्तुत निबन्धमा सम्बोधित पात्रका बारेमा कुनै पनि सूचना प्राप्त गर्न सकिदैन । उसको बौद्धिक स्तर के छ, उसको सामाजिक, आर्थिक, साँस्कृतिक पृष्ठभूमि के कस्तो छ, सम्बोधकसँगको उसको सम्बन्ध के हो ? प्रस्तुत पाठमा कतै पनि खुलाइएको छैन । यस पाठको सम्बोधित निरपेक्ष भावले 'म' पात्रको वैचारिक बहसमा सामेल मात्र भएको छ । कुनै उल्लेखनीय भूमिका निर्वाह गरेको छैन । सम्बोधक अत्यन्त सक्रिय छ भने यस पाठको सम्बोधित अत्यन्त निष्क्रिय छ । यति हुँदाहुँदै पनि सम्बोधकले बारम्बार सम्बोधितलाई सम्बोधन गरेर आफ्ना विचारहरू, जीवन सम्बन्धीका धारणा वा चिन्तनहरू प्रस्तुत गरि रहेकाले प्रस्तुत पाठमा सम्बोधित पात्र छ र त्यो निष्क्रिय रुपमा केवल द्रष्टाका रुपमा रहेको छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । सम्बोधित वा बोद्धा पात्रको सहभागिताले पाठलाई निरन्तर रुपमा अगाडि बढाउन सम्भव भएको छ । सम्बोधकले आरोपित मूल्याङ्कनकर्ता वा श्रोता समक्ष नै आफ्ना विचार धारा प्रवाह रुपमा भनेकाले प्रस्तुत पाठको वैचारिक अन्तः सूत्रको निरन्तरतालाई कायम राख्न सफल भएको छ । सहभागी सन्दर्भका दृष्टिले सफल पाठका रुपमा प्रस्तुत निबन्ध रहेको छ ।

## ५.३ गोधूलि संसार निबन्धमा भौतिक सन्दर्भ

पाठ विश्लेषणको महत्त्वपूर्ण आधारका रुपमा भौतिक सन्दर्भ पनि रहेको छ । भौतिक सन्दर्भ अन्तर्गत स्थनिक सन्दर्भ र कालिक सन्दर्भ आउँछन् । निर्धारित पाठमा पनि के कस्ता भौतिक स्थानगत सन्दर्भ र कालगत सन्दर्भका सूचनाहरू प्रदान गरिएका छन् भनी खोजी गरिएको छ ।

### ५.३.१ स्थानिक सन्दर्भ

प्रस्तुत पाठमा स्थानगत सन्दर्भ अत्यन्त कम छन् । कुनै भौतिक स्थानिक सन्दर्भ वा प्रसङ्गहरू यसमा सशक्त रुपमा आएका छैनन् । प्रस्तुत पाठ मानसिक प्रतिक्रिया रहेको हुनाले र मूलतः आत्मपरक निबन्ध रहेको हुनाले मानसिक पक्ष नै यसको स्थान वा भौतिक सन्दर्भ भएर आएको छ । कहिलेकाहीँ घरभन्दा बाहिर घुम्न गएको , आफूलाई छापाखानासँग तुलना गरेको, जङ्गलतिर पसौं जस्तो लागेको, हार्मोनियममा औंला चिप्लेटी खेलाउन मन लागेको आदि अभिव्यक्तिमा केही स्थानिक सन्दर्भ आएका छन् । यस बाहेक प्रस्तुत पाठमा अन्य कुनै स्थानिक सूचना प्राप्त गर्न सकिदैन ।

### ५.३.२ समयगत सन्दर्भ

प्रस्तुत पाठमा समय सूचक सङ्केत प्रशस्त मात्रामा प्रयोग गरिएको छ । प्रस्तुत निबन्धको शीर्षक नै 'गोधूलि संसार' कालिक सन्दर्भबाट राखिएको छ । गोधूलि भन्नाले सूर्यास्त भइ सकेको तर रात्रिको अन्धकार छाइ नसकेको अवस्थालाई जनाउँदछ । दिन पनि बाँकी नरहेको रात पनि शुरु नभएको विशेष समयका रुपमा लिइएको छ । त्यही कालिक सन्दर्भका माध्यमबाट न यता (दिन) न उता (रात) को दोधारे अवस्थामा छ भनी सङ्केत गर्न खोजिएको छ । यसमा प्रयुक्त कालिक सूचकमा सन्ध्याकाल, गोधूलिकाल, दसघण्टा , आजकल, अगिल्लो पटक, पछिल्लो पटक, दस बाह्र दिन, अवधि, त्यस दिन, आइतबार, बुधबार, प्रत्येक दिवस, सन्ध्याको अवसान , दिवस, काल, क्षण, २०१३ साल वैशाख, आज साढे तेर वर्षपछि ,एक निमेष, सितम्बर महिना, इतिहास, एकपटक, जन्म, मृत्यु, झिसमिसे, एक क्षणको पनि क्षण जस्ता अनेकौं कालिक सूचकहरू यस पाठमा प्रस्तुत भएका छन् । प्रस्तुत पाठमा प्रयोग भएका कालिक सूचकले एकातिर भाषिक जोर्नीका रुपमा काम गरेका छन् भने अर्कोतिर वैचारिक अन्तः सूत्रको निरन्तरतालाई कायम राख्न सहयोग गरेका छन् । निबन्धकारले गोधूलि संसारकै बारेमा आफ्ना बिचारहरू प्रस्तुत गर्न चाहेकाले र सोही बिचारलाई प्रस्तुत निबन्धमा अभिव्यक्ति गरिएकाले समय सन्दर्भको समायोजन प्रस्तुत पाठमा उपयुक्त रुपमा हुन सकेको छ ।

यसरी भौतिक सन्दर्भ अन्तर्गत प्रस्तुत पाठमा स्थान र समयसँग सम्बद्ध भएर तिनलाई बुझाउने सूचकहरू प्रस्तुत भएका छन् । समय जनाउने सूचकका तुलनामा स्थानगत सूचक अत्यन्त न्यून रुपमा प्रस्तुत भएका छन् । खासगरी प्रस्तुत निबन्ध आत्मपरक भएकाले भौतिक

सन्दर्भ भन्दा ज्यादा मनोगत सन्दर्भहरू यसमा आएका छन् । प्रस्तोताका विभिन्न मानसिक क्रिया प्रतिक्रिया, मनमा बारम्बार उठ्दै र हराउँदै गएका भावनात्मक / मानसिक तरङ्ग मस्तिष्कसँग सम्बन्धित विभिन्न स्थानिक प्रसङ्गहरू प्रस्तुत पाठमा प्रयुक्त छन् । जीवनदेखि विरक्त भएर जङ्गल जान चाहेको, जङ्गलमा रुखमूनि तपस्या गर्न चाहेको, कहिलेकाहीँ घरायसी झञ्झटबाट मुक्ति पाउन घर बाहिर गएको आदि झिनामसिना स्थानगत सूचकले विचारलाई निरन्तर अगाढि बढाउन सहयोग गरेका छन् । त्यस्तै 'गोधूलि संसार' मूल विचारलाई उपयुक्त संयुक्तिका साथ अगाडि बढाउन कालिक सूचकहरू सफल रुपमा प्रयोग भएका छन् ।

## ५.४ गोधूलि संसार निबन्धमा संज्ञान सन्दर्भ

गोधूलि संसार विसंगत जीवनको चित्रणमा केन्द्रित छ । प्रस्तुत निबन्धको मुख्य वैचारिक वा संज्ञानात्मक पक्ष जीवन हो । निबन्धकारको जीवन भोगाई सम्बन्धी निजी चिन्तन प्रस्तुत निबन्धमा आएका छन् । आफ्नो जीवनको उत्तरार्द्धतिर (२०२७) सालमा प्रकाशित भएको यस निबन्धमा निबन्धकारले जीवन देखेका, भोगेका, सुनेका, पढेका र चिन्तन गरेका यावत् पक्ष दर्शन र विचारका गोधूलि भएर प्रस्तुत भएका छन् । गोधूलि अस्ताइ सकेको सूर्य र उदाइरहेको अन्धकार बिचको समय हो । यस्तो अवस्थामा न त दिन हुन्छ न त रात नै हुन्छ । यो दोसाँधको अवस्था हो । तत्कालीन सामाजिक सन्दर्भलाई हेर्दा समाजमा सुधार हुन थालेको, सामाजिक जागरण हुन थालेको तर त्यसले पूर्ण रुपमा गति प्राप्त गरिनसकेको गोधूलि अवस्थालाई सङ्केत गरिएको छ । राजनीतिक सन्दर्भबाट हेर्दा पञ्चायति शासन व्यवस्थाको उत्कर्ष गोधूलि साँझका रुपमा पनि प्रस्तुत निबन्धको संज्ञान केन्द्रित छ । अर्कोतिर नेपाली साहित्यले परम्परागत मूल्यमा आधारित भएर साहित्य लेखिरहेको सन्दर्भमा २०२० साल पछि साहित्यको चिन्तन र परम्परामा देखा परिरहेको गोधूलि अवस्थालाई यस निबन्धले सङ्केत गरेको छ । निबन्धकारले प्रस्तुत निबन्धमा गोधूलि संसारलाई शीर्षक प्रदान गरेर समयगत गोधूलि संसारको चित्रण गर्न खोजेजस्तो देखिए पनि वास्तवमा यसमा समयगत गोधूलि संसारको चित्रण गर्न खोजिएको होइन । गोधूलि संसार यसमा प्रतीकात्मक रुपमा आएको छ । यस निबन्धमा शङ्कर लामिछाने भन्दा पनि दार्शनिक लामिछानेका रुपमा प्रखर रुपमा देखापरेका छन् । उनको मूलभूत चिन्तन नै जीवन निरर्थक छ भन्ने पश्चिमी जगतमा चलेको अस्तित्त्ववादी विसंगतिवादीसँग सम्बन्धित छ । उनले जीवनलाई विभिन्न सन्दर्भहरूबाट व्याख्या गर्दै अन्त्यमा केही नहुनु नै जीवन हो, जीवनमा सदैव विपत्तिपूर्वक बाँच्नु पर्छ भन्ने

धारणा प्रस्तुत गरेका छन् । खासगरी २०२० साल पछि उनको जीवन अत्यन्त कष्टकर बन्दै गएको, चरम आर्थिक अभाव व्यहोर्नु परेको, मादक पदार्थ सेवन गर्ने लत बसेको , लेखेरै जीविकोपार्जन गर्नु पर्ने बाध्यता रहेको, लेखनका लागि स्वतन्त्र समय नभएर निरङ्कुश समय भएको आदि विविध सन्दर्भहरू सङ्केतित भएर प्रस्तुत निबन्धमा आएका छन् । यस निबन्धमा राष्ट्रिय परिवेश र परिस्थिति त छँदै छ सँगसँगै अन्तराष्ट्रिय परिवेश पनि आएको छ । भीम पहलवान् र बाम पुड्केको प्रसङ्गबाट शक्तिशाली राष्ट्रहरूले निर्धा राष्ट्रहरूलाई हेप्दै गएको प्रसङ्ग पनि छ । यसै क्रममा छिमेकी भारतमा इन्दिरा गान्धीको साना देशलाई हेर्ने हेपाहा दृष्टिकोणको पनि अभिव्यञ्जना यसमा प्रस्तुत भएको छ । यही बलिया र निर्धाको प्रसङ्गबाट ठूला भनिएका शक्ति राष्ट्रबाट साना देशहरू सधैं प्रताडित बन्नु परेको र यसले एक प्रकारको संङ्घर्ष निम्त्याएको सङकेत पनि प्रस्तुत निबन्धमा गरिएको छ । संसारमा मानवीय मूल्य स्खलित हुँदै गएको परिप्रेक्ष्यमा आज मान्छे मान्छेबाटै डराएरै हिंड्न बाध्य भएको, जसबाट मानवीय मूल्यमा नैतिक सङ्कट उत्पन्न भएको चित्रण गरिएको छ । आज मान्छे पलपलमा खण्डित हुदै जान बाध्य भएको सङ्केत निबन्धकारलाई भेडो भएर जङ्गल जान मन लागेको तथा जङ्गलमा गई एकान्त स्थलमा ठूलो रुख मूनि बसेर तपस्या गर्न मन लागेको प्रसङ्गबाट गरिएको छ । त्यस्तै निबन्धकार वर्तमानको कृत्रिमताबाट मुक्ति प्राप्त गर्न प्राकृतिक सभ्यतातिर फर्कन चाहेको सङ्केत पनि प्रस्तुत निबन्धमा प्रशस्त मात्रामा पाइन्छ । मान्छे दिनानुदिन आफ्नै आडम्बर, महत्त्वाकांक्षा कुण्ठा, ईर्ष्या, अस्तित्त्वप्रतिको अत्यन्त सजगताका कारण दिन प्रतिदिन भग्न भएर बाँच्न विवश भएको वैयक्तिक ,सामाजिक, र मानवीय सन्दर्भ यस निबन्धमा प्रस्तुत भएको छ । एकले अर्काको अस्तित्त्व स्विकार गर्न अप्ठेरो पर्दै गएकाले अबको मान्छे मान्छेको हुलमा बसेर पनि सदैव एक्लै हुने सङ्केत गरिएको छ । मान्छे समाजबाट त फुट्यो फुट्यो आफ्नै नैतिकता र मूल्य एवम् विचारबाट पनि परस्पर फुटिरहेको छ र फुट्दा फुट्दै अत्यन्त अशक्त अवस्थामा पुगिसकेको छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । माथि उल्लिखित र पाठमा प्रयुक्त सामाजिक, आर्थिक ,राजनीतिक र बैचारिक सन्दर्भलाई छुट्टाछुट्टै निम्नानुसार चर्चा गर्न सकिन्छ :

## ५.४.१ सामाजिक सन्दर्भ

प्रस्तुत निबन्धले २००७ सालको राजनैतिक परिवर्तनपछिको खुला समाज व्यवस्था र २०१७ सालपछिको पञ्चायति बन्द राजनीतिक व्यवस्थाको गोधूलि संसारलाई सङ्केत गरेको

छ । पञ्चायति व्यवस्थाले २००७ सालमा प्राप्त भएको प्रजातन्त्रलाई अपहरण गरेपछि त्यस समयमा नेपाली जनताले भोग्नु परेका अनेक दुःख र कष्टहरूलाई निबन्धकारले आफूले जीवनमा भोग्नु परेका दुस्ख, अभाव, पीडा छटपटी, आदिका माध्यमबाट प्रस्तुत गरेका छन् । निरङ्कुश राजनीतिक सन्दर्भका कारणले निबन्धकारले आफूलाई बरु भेडो नै बनाउन वा जङगली वनमान्छे नै बनाउन आग्रह गरेका छन् । यसले निरङ्कुश राजनैतिक व्यवस्थाका कारणले तत्कालीन् जनताले विद्रोह गर्न नसकि चुपचाप उक्त कठोर समाज व्यवस्थालाई सहन बाध्य भएको सामाजिक परिवेश यसमा प्रस्तुत गरिएको छ । पञ्चायति शासन व्यवस्थाको उत्कर्षमा निर्माण भएको सामन्तवादी समाज व्यवस्था र त्यसबाट नेपाली जनताले भोग्नु परेको यावत् अभावहरूलाई निबन्धकारले यस निबन्धमा आफ्नो निजी जीवनानूभतिका माध्यमबाट अभिव्यक्त गरेका छन् । त्यस्तै लेखक, कलाकारले स्वतन्त्रतापूर्वक आफ्नो कला र प्रतिभा देखाउन नपाएको निरङ्कुश सामाजिक वातावरणको सजिव चित्र पनि प्रस्तुत निबन्धले अभिव्यक्त गरेको छ । लेखकहरूले आर्थिक अभावमा जर्जर जीवन व्यतित गरि रहनु पर्दा पनि राज्यले कुनै वास्ता नगरेको र लेखक, कलाकारको जीवन सङ्कट ग्रस्त बन्दै गएको उदाहरण निबन्धकारले आफ्नै जीवनको सङ्कटमय अवस्थालाई देखाउँदै प्रस्ट पारेका छन् । राज्यले स्वतन्त्रता र प्रजातन्त्रको पक्षमा वकालत गर्ने लेखक साहित्यकारलाई निकृष्ट व्यवहार गर्ने गरेको र त्यसबाट कला र साहित्यले दुर्नियति भोल्न बाध्य भएको सामाजिक परिस्थितिलाई सङ्केत गरिएको छ । सत्ता, शक्ति, र राज्यको उच्च तहमा आसिन व्यक्तिहरू दिनदिनै सम्पन्न हुँदै गएका तर सर्वसाधारण जनता, लेखक र श्रमजीवीहरू दिनानुदिन जर्जर बन्दै अत्यन्त कष्टकर जीवन बिताउन बाध्य हुनु परेको तितो यथार्थ प्रस्तुत निबन्ध मार्फत अभिव्यक्त गरिएको छ । समग्रमा यस निबन्धले प्रजातन्त्रको अपहरण पछिको निरङ्कुश तन्त्रको गोधूलि संसारलाई यस निबन्धमा प्रस्तुत गर्दै सामन्तवादी समाज व्यवस्थाले सिर्जना गरेका तमाम खराबी र यसबाट उत्पन्न भएको सङ्कटलाई सङ्केत गरिएको छ ।

### ५.४.२ राजनीतिक सन्दर्भ

प्रस्तुत निबन्धले राष्ट्रिय र अन्तराष्ट्रिय राजनीतिक सन्दर्भलाई सङ्केत गरेको छ । राष्ट्रिय राजनीतिको सन्दर्भ अन्तर्गत २००७ साल पछि २००७ साल सम्मको प्रजातान्त्रिक राजनीतिक सन्दर्भ र २०१७ साल पछिको निरङ्कुश पञ्चायति राजनीतिक सन्दर्भ यसमा प्रस्तुत भएका छन् । यही प्रजातन्त्र र निरङ्कुश तन्त्र बिचको गोधूलि संसारमय राजनैतिक सन्दर्भ प्रस्तुत

निबन्धमा सङ्केत गरिएको छ । वि.सं २००७ सालको प्रजातान्त्रिक परिवर्तनले उदाउँदै गरेको खुला समाज व्यवस्था, राजनैतिक तथा सामाजिक जागरण, आर्थिक उदारीकरणलाई २०१७ सालको राजनैतिक व्यवस्थाले अन्त्य गरिदिएकाले जनताहरू आवाज विहीन भएर बाँच्न बाध्य भएको सन्दर्भलाई निबन्धकारले आफू अत्यन्त निरीह र कष्टप्रद जीवन बाँचिरहेको जीवानुभूति निबन्धमा प्रस्तुत भएको प्रसङ्गबाट थाहा हुन्छ । कठोर पञ्चायति शासन व्यवस्थाले त्यस समयका लेखक कलाकारलाई परेको असुविधा तथा त्रासको वातावरण पनि प्रस्तुत निबन्धमा चित्रण गरिएको छ । प्रजातन्त्रको पक्षमा वकालत गर्ने निबन्धकार जस्ता तमाम् साहित्यकार र कलाकारको जीवन निरङ्कुश राजनैतिक व्यवस्थाका कारण तहस नहस बन्दै गएको प्रसङ्ग पनि यसमा प्रस्तुत भएको छ । प्रस्तुत निबन्धमा अन्तराष्ट्रिय राजनीति पनि आएको छ । भीम पहलवानले वामपुड्केलाई इरेजर ठानी मेट्नुले ठूला शक्ति राष्ट्रले साना शक्ति राष्ट्रहरूप्रति गर्ने व्यवहार प्रस्ट हुन्छ । संसारमा शक्तिको आडमा भइ रहेको मानवीय मूल्यको स्खलनलाई पनि प्रस्तुत निबन्धले सशक्तका साथ प्रस्तुत गरेको छ । द्वितीय विश्वयुद्धको परिणाम उदाएका शक्ति राष्ट्रहरूले हार्ने र कमजोर राष्ट्रमाथि गर्ने गरेको अमानवीय व्यवहार वामपुड्के र भीम पहलवानका दृष्टान्तद्वारा प्रस्तुत गरिएको छ । भीम पहलवान्लाई शक्तिशाली राष्ट्रको रुपमा निबन्धमा प्रस्तुत गरिएको छ भने वाम पुड्केलाई कमजोर राष्ट्रहरूको प्रतीकको रुपमा चित्रण गरिएको छ । यसका साथै छिमेकी मित्रराष्ट्र भारतमा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले नेपालको सार्वभौम सत्ता र राष्ट्रिय अखण्डतामा आँच आउने गरी बारम्बार दिएको अभिव्यक्ति पनि प्रस्तुत निबन्धमा साङ्केतिक रुपमा आएको छ । उनको छिमेक नीतिले नेपाल जस्ता कमजोर राष्टलाई पारेको असर पनि भीम पहलवान् र वामपुड्केको प्रकरणले स्पस्ट रुपमा देखाएको छ । त्यसैले प्रस्तुत निबन्धमा अन्तराष्ट्रिय राजनैतिक सन्दर्भ पनि प्रस्तुत भएको छ ।

### ५.४.३ आर्थिक सन्दर्भ

प्रस्तुत निबन्धले तत्कालीन समाजको आर्थिक अवस्थालाई पनि सङ्केत गरेको छ । पञ्चायति सामन्तवादी समाज व्यवस्थामा सीमित व्यक्तिहरूको पहुँचमा मात्र पूँजी हुने गरेको र उनीहरूले नै सम्पूर्ण आर्थिक क्रियाकलाप सञ्चालन गर्ने गरेको सङ्केत निबन्धकारले आफ्नो जर्जर आर्थिक अवस्थाका कारण भोग्नु परेको सङ्कटका माध्यमबाट प्रस्तुत गरिएको छ । तत्कालीन समयमा साहित्यकार, कलाकार लगायतका सम्पूर्ण श्रमजीवीहरूले भोग्नु परेको आर्थिक दुरावस्थाको चित्रण पनि प्रस्तुत निबन्धले गरेको छ । निबन्धकारले बाँच्नैका लागि

आफूले लेखि रहेको प्रसङ्ग निबन्धमा उल्लेख गरेका छन् । लेखेरै बाँच्नु पर्दाको तितो अनुभवले त्यस समयको आर्थिक पक्षलाई सङ्केत गरेको छ । यस बाहेक निबन्धमा अन्य आर्थिक प्रसङ्गहरूतर्फ सङ्केत नगरिएको र निबन्धकारको उद्देश्य आर्थिक चित्रण गर्नु नरहेकाले पनि यसमा आर्थिक पक्षको थप चित्रण पाइँदैन ।

## ५.४.४ वैचारिक सन्दर्भ

प्रस्तुत निबन्धको मुख्य उद्देश्य वैचारिक चिन्तन प्रस्तुत गर्नु रहेको छ । जीवन सम्बन्धीको निबन्धकारको नितान्त वैयक्तिक चिन्तनलाई प्रस्तुत निबन्धले उल्लेख गरेको छ । यसमा निबन्धकारको दार्शनिक वैयक्तिक चिन्तन सशक्त रुपमा आएको छ । गोधूलि संसारलाई जीवनको विसङ्गत पक्षसँग जोड्ने प्रयत्न गरिएको छ । निबन्धकारको मूलभूत चिन्तन नै जीवन निरर्थक र अस्तित्त्वयुक्त हुँदाहुँदै पनि अस्तित्त्वविहीन छ भन्ने पश्चिमी विसङ्गतिवादी मान्यतासँग सम्बन्धित छ । जीवनलाई विभिन्न सन्दर्भमा व्याख्या गर्दै केही नहुनु नै जीवन हो भन्ने जीवन सम्बन्धी दृष्टिकोण प्रकट गरेका छन् । आफ्नै जीवनका वैयक्तिक आरोह र अवरोहहरूसँग जीवनलाई तुलना गर्दै जीवन केवल भोगाइ मात्र हो र यसलाई बिना लक्ष्य र उद्देश्य केवल भोग्नका लागि मात्र भोग्नु पर्छ भन्ने दृष्टान्त प्रस्तुत गरिएको छ । मान्छे दिनानुदिन आफ्नै आडम्बर, महत्त्वाकाङ्क्षा, कुण्ठा , ईर्ष्या आदि कारणले खण्डित भएर बाँच्न विवश भएको चर्चा गरिएको छ । आज मानवीय मूल्य स्खलित हुँदै गएको परिप्रेक्ष्यमा मान्छे मान्छेबाटै डराएर हिंड्न बाध्य भएको सङ्केत गरिएको छ । आज मान्छे पलपलमा खण्डित हुँदै जान बाध्य भएको सङ्केत निबन्धकारलाई भेडो भएर जङ्गल जान मन लागेको तथा जङ्गलमा गई एकान्त स्थलमा ठूलो रुख मूनि बसेर तपस्या गर्न मन लागेको प्रसङ्गबाट गरिएको छ । त्यस्तै निबन्धकार वर्तमानको कृत्रिमताबाट मुक्ति प्राप्त गर्न प्राकृतिक सभ्यतातिर फर्कन चाहेको सङ्केत पनि प्रस्तुत निबन्धमा प्रशस्त मात्रामा पाइन्छ । मान्छे दिनानुदिन आफ्नै आडम्बर, महत्त्वाकांक्षा कुण्ठा, ईर्ष्या, अस्तित्त्वप्रतिको अत्यन्त सजगताका कारण दिन प्रतिदिन भग्न भएर बाँच्न विवश भएको वैयक्तिक ,सामाजिक, र मानवीय सन्दर्भ यस निबन्धमा प्रस्तुत भएको छ । एकले अर्काको अस्तित्त्व स्विकार गर्न अप्ठेरो पर्दै गएकाले अबको मान्छे मान्छेको हुलमा बसेर पनि सदैव एक्लै हुने सङ्केत गरिएको छ । मान्छे  समाजबाट त फुट्यो फुट्यो आफ्नै नैतिकता र मूल्य एवम् विचारबाट पनि परस्पर फुटिरहेको छ र फुट्दा फुट्दै अत्यन्त अशक्त अवस्थामा पुगिसकेको छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत निबन्ध मूलतः दार्शनिक चिन्तनमा केन्द्रित छ । जीवन सम्बन्धी जटील धारणा प्रस्तुत गर्नु यस निबन्धको मुख्य वैचारिक पक्ष हो । यसका साथै तत्कालीन समयको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, राष्ट्रिय र अन्तराष्ट्रिय सन्दर्भ र परिवेशलाई पनि प्रस्तुत निबन्धले अत्यन्त निष्ठाका साथ प्रस्तुत गरेको छ । तत्कालीन समयको सामन्तवादी समाज व्यवस्थामा आधारित समाजले त्यही सामन्तवादी चरित्रको व्यवहारबाट खेप्नुपरेका सास्ती र यावत् समस्याबाट उथल पुथल भएको वैचारिक धरातललाई निष्कर्षका रुपमा प्रस्तुत गरिएको छ । त्यस्तै तत्कालीन राज्य व्यवस्थाले सर्वसाधारण मानिसको जीवनमा पारेको प्रभावबाट उत्पन्न भएको चरम नैराश्यता प्रस्तुत निबन्धमा अभिव्यक्त छ । संसारमा चलिरहेको शक्तिको होडबाजी, ठूला देशले साना देशलाई हेप्ने हेपाहा र मिचाहा प्रवृत्ति, खासगरी भारतको नेपाललाई हेर्ने नकरात्मक दृष्टिकोण , इन्दिरा गान्धीको छिमेक नीतिले नेपाल जस्ता स- साना राज्यहरूमा पर्न गएको असर आदिलाई पहलवान् र वामपुड्केको प्रकरणद्वारा अत्यन्त सशक्त रुपमा सन्दर्भित गरिएको छ । रावण भन्दा बलियो ऐरावणको मिथकीय सन्दर्भद्वारा संसारमा चलिरहेको मत्स्य न्यायको अन्तराष्ट्रिय गतिविधिलाई सङ्केत गरिएको छ । देवकोटाको 'भेडो' लाई स्मरण गर्नुले तत्कालीन पञ्चायति निरङ्कुश राज्य व्यवस्थाका कारणले मान्छे मान्छे नभएर भेडो बन्न पुगेको र भेडो झैं लाटो बन्न विवश हुनुपरेको सन्दर्भ व्यञ्जित गरिएको छ । जङ्गलमा, एकान्त स्थलमा तपस्या गर्न जान मन लाग्नुले पूँजीवाद, नव पूँजीवाद र उपनिवेशवादले निम्त्याएका चरम बेथितिका कारण प्रकृतिपना ध्वस्त बन्न पुगी जताततै कृत्रिमता विनिमय मूल्य व्याप्त रहेकाले वास्तविक मानवीय मूल्य निषेधित बन्दै गएको सन्दर्भ पनि अभिव्यजित भएको छ । अतः 'गोधूलि संसार' निबन्धमा प्रयुक्त संज्ञान अत्यन्त प्रखर र वैचारिक रुपमा समाज, संस्कृति, राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशतर्फ केन्द्रित छ ।

## ५.५ सन्दर्भनको शैक्षणिक उपयोगिता

पाठको कुनै एक पक्षले मात्र पाठकको ज्ञान, बोध, आस्था, विश्वास र निश्चित सामाजिक वा भौतिक परिवेशमा प्रभाव पारेको हुँदैन । त्यसमा समग्र पक्ष समाविष्ट भएको हुन्छ । यसरी पाठमा समावेश भएका भाषिक र भाषामा समेटिएका सन्दर्भपरक सामाजिक तथा ऐतिहासिक परिघटनाको विश्लेषण सङ्कथनमा गरिने हुनाले शैक्षणिक क्षेत्रमा यसको उपयोगिता अर्थपूर्ण रहेको छ । पाठ विश्लेषणमा पाठमा रहेका सन्दर्भ जति धेरै तानेर सम्बोधित समक्ष प्रस्तुत गरिन्छ त्यति नै मात्रामा पाठ बुझ्न सहज हुने हुँदा सन्दर्भनको शैक्षणिक उपयोगिता

सान्दर्भिक देखिएको छ । अझ विशेष गरी सङ्कथनमा भाषिक पक्षको अध्ययनबाट मात्र पाठको अर्थ खुल्दैन  यसको खास अर्थ व्यञ्जित हुनको लागि पाठमा भाषिक र गैर भाषिक पक्षको अध्ययन विश्लेषण अपरिहार्य हुन्छ । पाठ वा सङ्कथन विश्लेषणमा सन्दर्भ समाविष्ट भएनन् भने अर्थात सन्दर्भलाई खुम्चाएरै राखियो भने त्यो पाठ अर्थका हिसाबले जटिल बन्न पुग्दछ तसर्थ सान्दर्भिक अर्थ  वा सहज बोधका लागि सन्दर्भलाई तन्काएर पाठमा विश्लेषण गरिने हुनाले शैक्षणिक क्षेत्रमा यसको उपयोगिता मजबूत रुपमा रहेको छ ।

## ५.६ सारांश

'गोधूलि संसार' निबन्ध शङ्कर लामिछानेद्वारा लिखित सशक्त  पाठका रुपमा रहेको छ । यस परिच्छेदमा प्रस्तुत पाठलाई सन्दर्भका कोणबाट विश्लेषण गरिएको छ । सन्दर्भ  अन्तर्गत वैयक्तिक सन्दर्भ, भौतिक सन्दर्भ तथा संज्ञान सन्दर्भका कोणबाट विश्लेषण गरिएको छ । वैयक्तिक सन्दर्भ अन्तर्गत सम्बोधक र सम्बोधितको चर्चा गरिएको छ । त्यस्तै पाठमा प्रस्तुत भएको कालिक सन्दर्भ र स्थानिक सन्दर्भको पनि चर्चा गरिएको छ । संज्ञान सन्दर्भ अन्तर्गत पाठमा प्रस्तुत भएका विभिन्न परिवेशगत सन्दर्भलाई प्रस्तुत गरिएको छ । पाठले समेटेको सामाजिक, आर्थिक, राजनैतिक, वैचाारिक तथा राष्ट्रिय र अन्तराष्ट्रिय सन्दर्भहरू यसमा व्यञ्जित भएका छन् । यसका साथै निबन्धकारको जीवन सम्बन्धीको विसङ्गत चिन्तन र खस्कदै गएको मानवीय मूल्य सम्बन्धीको जीवन दर्शन प्रस्तुत गरिएको छ । तसर्थ सन्दर्भका दृष्टिले पनि प्रस्तुत निबन्ध उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

अध्याय : छ

# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

प्रस्तुत शोधकार्यमा निबन्धकार शङ्कर लामिछानेद्वारा लिखित 'गोधूलि संसार' निबन्धको सङ्कथन विश्लेषण गरिएको छ । कुनै पनि साहित्यिक रचनाको सङ्कथन विश्लेषण गर्ने क्रममा त्यससँग सम्बन्धित सैद्धान्तिक आधार र मान्यतासँग परिचित हुनु आवश्यक छ । प्रस्तुत अध्ययनमा पनि उल्लिखित निबन्धमा प्रयुक्त संसक्ति (सम्बद्धक) संयुक्ति (सम्बद्धन) र सन्दर्भ लाई विश्लेषण गर्नुलाई नै प्रमुख समाधेय समस्याका रुपमा उठाइएको छ । यस समस्याको समाधानका लागि सङ्कथन विश्लेषणको सैद्धान्तिक आधारलाई अवलम्बन गरिएको छ । यस क्रममा उक्त निबन्धमा प्रयुक्त संसक्ति (भाषिक जोर्नी), संयुक्ति (अर्थ) र सन्दर्भको खोजी गर्ने, तिनीहरूको उपयुक्तताका दृष्टिले पाठको विश्लेषण गर्ने जस्ता उद्देश्यहरू प्रस्तुत शोधले लिएको छ । यी उद्देश्य र समस्याको समाधानार्थ प्रस्तुत शोधमा पुस्तकालयीय विधिको अवलम्बन गरिएको छ । यस अन्तर्गत प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यिनै आधारहरू पहिलो अध्यायमा उल्लेख गरी निर्धारित पाठलाई विश्लेषण गरिएको छ ।

सङ्कथन वाक्यभन्दा माथिल्लो अर्थयुक्त भाषिक एकाइ हो । यो स्वयम् पूर्ण हुन्छ । यसले समग्रमा एउटा अर्थ प्रदान गर्छ । सङ्कथन वाक्य, अनुच्छेद, परिच्छेद हुँदै सिङ्गो पाठसम्म विस्तारित भएको हुन्छ । सङ्कथन अर्थपूर्ण, अन्वितियुक्त र सम्प्रेषणीय हुन्छ । यसो हुनु जरुरी पनि छ । सङ्कथनमा संरचना र सन्दर्भ दुवै आएको हुन्छ । यसलाई भाषा र अभिव्यक्तिको उच्चतम एकाइका रुपमा लिन सकिन्छ ।

सङ्कथन अङ्ग्रेजीको 'डिस्कोर्स'बाट आएको हो । यसको मूल शब्द 'डिस्कर्सस' ल्याटिनबाट आएको हो । अङ्ग्रेजी हुँदै नेपालीमा 'डिस्कोर्स एनालाइसिस' सङ्कथन विश्लेषणका रुपमा पारिभाषिक शब्दावलीका रुपमा आएको हो । यसको अर्थ कुनै विषयमा आफ्नो विचार प्रकट गर्नु भन्ने बुझिन्छ । सङ्कथनलाई कथ्य र लेख्य गरी दुई प्रकारमा वर्गीकरण गरिएको पाइन्छ । कथ्य सङ्कथनबाटै सङ्कथन विश्लेषणको सुरुवात भएको हो । कथ्य सङ्कथन मौखिक अभिव्यक्तिसँग सम्बन्धित छ । यसमा सम्बोधक र सम्बोधित प्रत्यक्ष रुपमा संलग्न भएर भाषिक क्रियाकलापलाई अगाडि बढाउँछन् । लिखित रुपमा सम्प्रेषण हुने सङ्कथनलाई लेख्य सङ्कथन भनिन्छ । यसमा लेखक र पाठक रहन्छन् । यस्तो सङ्कथन अप्रत्यक्ष हुन्छ । यस्तो

सङ्कथन औपचारिक किसिमको हुने गर्छ । त्यसैले लेख्य सङ्कथन कथ्य सङ्कथनभन्दा बढी कृत्रिम, यान्त्रिक, औपचारिक, अप्राकृतिक र जटिल हुन्छ ।

सङ्कथन विश्लेषणको ऐतिहासिक प्रसङ्गसम्म पुग्दा यसको सुरुवात् ई. १९५२ बाट भएको पाइन्छ । जेलिङ ह्यारिसले 'हेयर टनिकको विज्ञापन' सम्बन्धी भाषालाई विश्लेषण गरेपछि यसको औपचारिक सुरुवात भएको हो । सुरुसुरुमा कथ्य भाषाको मात्र सङ्कथन विश्लेषण गर्ने परम्परा रही आए पनि समयको विकासक्रमसँगै क्रमिक रुपमा कथ्य र लेख्य दुबै रुपमा भाषिक अभिव्यक्तिको विश्लेषण गर्न थालियो । यो परम्परा अहिलेसम्म पनि क्रमिक रुपमा चलि रहेको छ ।

सङ्कथन विश्लेषणका क्षेत्रमा ऊर्ध्वगमन, अधोगमन र मिश्रित गरी तिनवटा अध्ययन पद्धतिहरू विकसित भएका छन् । कुनै पनि विश्लेषण सामान्यबाट सुरु गरेर क्रमशः विशिष्टतिर गइन्छ भने त्यसलाई अधोगमन, विशिष्टबाट सामान्यतिर गइन्छ भने त्यसलाई ऊर्ध्वगमन तथा आवश्यकता अनुसार दुबै पद्धतिलाई उपयोग गरिन्छ भने त्यसलाई मिश्रित पद्धति भनिन्छ ।

संसक्ति र संयुक्ति गरी सङ्कथनका दुईवटा युक्तिहरू रहेका छन् । यी युक्तिले पाठमा प्रयुक्त वाक्यहरूका बिचमा बाह्य र आन्तरिक सम्बन्धको खोजी गर्दछन् । विभिन्न भाषिक एकाइलाई परस्परमा जोडेर अन्वितिपूर्ण बनाउने प्रमुख एकाइ सम्बद्धक हो । यसले वाक्यीय संरचनालाई शृङ्खलित बनाउन भूमिका खेल्छ । ह्यालिडे र हसनले सम्बद्धकका प्रकारलाई प्रसङ्ग, प्रतिस्थापन, लोप, संयोजक र शाब्दिक संसक्ति गरी पाँच प्रकारमा वर्गीकरण गरे पनि प्रस्तुत शोधले त्यतिमा मात्र सीमित नगरी सार्वनामिक, लोप, पर्यायवाची, विपरीतार्थी जस्ता प्रकारमा विभाजन गरी विश्लेषण गरेको छ । यसका साथै कोशीय र व्याकरणिक संसक्ति प्रयोगलाई निर्धारित निबन्धमा भएको प्रयोगको आधारमा गणितीय तथ्याङ्कमा देखाइएको पनि छ ।

पाठभित्र रहेको आन्तरिक सम्बन्धलाई संयुक्ति (कोहिरेन्स) भनिन्छ । यसले पाठमा अभिव्यक्त भएको अभिव्यक्तिको वैचारिक अन्तःसूत्रको निरन्तरताको पहिचान र विश्लेषण गर्ने काम गर्छ । संयुक्तिलाई सामान्य, विशिष्ट, कारण कार्य, आर्थी पर्याय र विपर्याय, रीतिबोधक, अनुक्रम बोधक, स्पष्टोक्ति, व्याख्यात्मक, निहितार्थ, युगपदबोधक, घटना र परिवेश, इन्द्रिय मस्तिष्क आदि जस्ता प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । प्रस्तुत पाठमा पनि सङ्कथन विश्लेषण अन्तर्गत संयुक्तिका यिनै प्रकारहरूका आधारमा निर्धारित पाठको विश्लेषण

गरिएको छ । यी सबै सङ्कथन सम्बन्धी सैद्धान्तिक पक्षलाई दोस्रो अध्यायमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको तेस्रो अध्यायमा संसक्तिका आधारमा निर्धारित पाठको विश्लेषण गरिएको छ । कोशीय संसक्ति र व्याकरणिक संसक्तिलाई निर्धारित पाठमा केलाइएको छ । यसका लागि निर्धारित पाठलाई विभिन्न अनुच्छेदहरूमा विभाजन गरिएको छ । उक्त अनुच्छेदलाई पनि विभिन्न वाक्यमा टुक्र्याइएको छ । यी वाक्यहरूका बिचमा रहेका संसक्ति हरूलाई तालिकीकरणका माध्यमद्वारा देखाइएको छ । प्रस्तुत पाठमा खासगरी संयोजक, निपात, स्थानिक, कालिक, प्रतिस्थापक, पर्याय, विपर्याय, लोप जस्ता संसक्तिहरूले भाषिक संरचनालाई अन्वितिपूर्ण बनाएका छन् । साथै प्रस्तुत अध्यायमा कोशीय संसक्ति र व्याकरणिक संसक्तिलाई निर्धारित पाठमा के कति मात्रामा प्रयोग भएका छन् भनी तालिका र रेखाचित्रबाट पनि देखाइएको छ ।

प्रस्तुत शोधकार्यको चौंथो अध्यायमा संयुक्तिका आधारमा निर्धारित पाठको विश्लेषण गरिएको छ । यस अन्तर्गत अनुक्रमबोध, कार्य कारण, स्पष्टोक्ति, अनुमान, स्मरण, व्याख्यात्मक, युगपदबोधक, रीतिबोधक, निहितार्थ लगायतका संयुक्तिहरूको प्रयोग भएको छ । संयुक्तिको प्रयोगको उपयुक्तताका दृष्टिले हेर्ने हो भने पाठमा अर्थगत अन्वय कायम भएको छ । प्रस्तुत पाठ अंशमा होइन पूर्णमा मात्र अर्थयुक्त रहेकाले सुरुदेखि अन्त्यसम्म पढ्दा एउटा समग्र अर्थ यस पाठले प्रदान गर्दछ ।

प्रस्तुत शोधकार्यको पाँचौ अध्यायमा 'गोधूलि संसार' निबन्धलाई सन्दर्भका दृष्टिले विश्लेषण गरिएको छ । जस अन्तर्गत सहभागी (सम्बोधक र सम्बोधित) सन्दर्भ, भौतिक (स्थानिक र कालिक) सन्दर्भ, संज्ञान (सामाजिक, राजनीतिक, आर्थिक र बैचारिक) सन्दर्भ रहेका छन् । यिनै उल्लिखित विषयलाई प्रस्तुत पाठ अन्तर्गत विश्लेषण गरिएको छ । यस निबन्धमा पाठकले भाषामा टेकेर त्यसबाट प्राप्त हुन सक्ने सन्दर्भगत अर्थतर्फ जानु महत्त्वपूर्ण हुन्छ । संज्ञानात्मक सन्दर्भबाट पाठकले यस निबन्धको भावबोध गर्न सक्छ । तसर्थ यस निबन्धमा सामाजिक पक्ष, राजनीतिक पक्ष, आर्थिक पक्ष र वैचारिक पक्ष आदि सम्म पुगेर सन्दर्भगत अर्थलाई समेत पहिल्याउन सक्नु पर्ने भएकाले प्रस्तुत निबन्धले बौद्धिक पाठकको अपेक्षा गरेको छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत शोधकार्यको निष्कर्षलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ :

क. सङ्कथन वाक्यमा माथिल्ला त्यस्तो अर्थयुक्त भाषिक एकाइ हो जस अन्तर्गत सम्पूर्ण माध्यम र विधाहरू समेटिन्छन् ।

ख. सङ्कथन अभिव्यक्तिगत माध्यमका दृष्टिले कथ्य र लेख्य गरी दुई प्रकारका रहेका छन् ।

ग. सङ्कथन विश्लेषण भन्नाले भाषिक र सन्दर्भपरक दृष्टिले कुनै पनि पाठको विश्लेषण गर्नु हो ।

घ. सङ्कथनका सम्बोधक, सम्बोधित, मार्ग, सूचनाको स्वरुप, कोड र परिवेश आदि तत्त्वहरू रहेका छन् । यी तत्त्वहरूको भाषापरक र अर्थपरक दृष्टिले पाठको विश्लेषण गर्न सकिन्छ ।

ङ. सङ्कथन विश्लेषणका संसक्ति र संयुक्ति गरी दुई युक्तिहरू रहेका छन् ।

च. सङ्कथनमा सन्दर्भ रहन्छ । सन्दर्भ भन्नाले कुनै पनि आशयमा निहित सामाजिक, आर्थिक, राजनीतिक, संज्ञानात्मक पक्ष हो । यस अध्ययनमा पनि निर्दिष्ट पाठलाई सन्दर्भपरक कोणबाट विश्लेषण गरिएको छ ।

छ. सन्दर्भ अन्तर्गत भौतिक र सहभागी सन्दर्भ पनि रहन्छन् । सङ्कथन विश्लेषणमा भौतिक सन्दर्भले समय र स्थान तथा सहभागीले सम्बोधक र सम्बोधितलाई बुझाउँदछ ।

ज. प्रस्तुत शोधमा बढी व्याकरणिक संसक्ति (७३.८२ प्रतिशत) र कम कोशीय संसक्ति (२६.१८ प्रतिशत) प्रयोग भएको छ ।

झ. त्यस्तै प्रस्तुत शोधमा संयुक्ति अन्तर्गत सबैभन्दा बढी स्पष्टोक्ति सम्बन्ध बाह्र ठाउँमा र कम शीघ्रताबोधक, युगपदबोधक, र परिवेश घटनाको सम्बन्ध एक- एक ठाउँमा प्रयोग भएको छ ।

## ६.३ उपयोगिता

प्रायोगिक भाषाविज्ञानको एउटा नवीनतम् शाखाका रुपमा सङ्कथन विश्लेषण विकसित भइ रहेको छ । यसले पाठमा प्रयुक्त भाषिक संरचना र सन्दर्भ दुबैको अध्ययन गर्छ । त्यसैले

यो पूर्ण रुपमा पाठनिष्ठ र भाषानिष्ठ अध्ययन पनि हो । प्रस्तुत शोधको प्राज्ञिक महत्त्व रहेको छ । यसका साथै प्रस्तुत शोधले शैक्षणिक महत्त्व पनि राख्दछ । प्रस्तुत शोधका शैक्षणिक उपयोगितालाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

(क) भाषा शिक्षण भनेको सङ्कथनको शिक्षण हो । त्यसैले प्रस्तुत शोधले भाषा शिक्षणको क्षेत्रमा प्रत्यक्ष सहयोग पुऱ्याउँछ ।

(ख) सङ्कथन विश्लेषण तल्ला भाषिक एकाइबाट क्रमशः माथिल्ला भाषिक एकाइतर्फ गई पाठको पूर्ण विश्लेषण गरिने हुँदा क्रमशः सानोबाट ठुलो एकाइमा शिक्षणक्रम निर्धारण गर्न सहयोग पुऱ्याउँछ ।

(ग) प्रस्तुत शोध वाक्यात्मक अन्तर्सम्बन्ध र शब्दको प्रयोगमा निहित अन्तर्सम्बन्धको अध्ययनमा महत्त्वपूर्ण ठानिएको छ ।

(घ) सङ्कथन अर्थपूर्ण, एकीकृत र सन्दर्भपरक हुने हुँदा अभिव्यक्तिको समग्रता पहिल्याई सोही अनुसार शिक्षण कार्य अघि बढाउन सहयोग पुग्छ ।

(ङ) भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण हो । यो अखण्डित हुन्छ । सङ्कथन पनि अखण्डित भाषिक अभिव्यक्ति भएकाले भाषिक सिपलाई अखण्ड रुपमा सिकाउनका लागि सहयोग पुऱ्याउँछ ।

यिनै कुराहरूलाई मध्यनजर गरेर पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न, पाठ्यक्रमको छनोट र स्तरण गर्न, शैक्षिक सामग्रीको प्रयोग गर्न, शिक्षण विधिको छनोट गर्ने आधार प्रस्तुत शोधबाट प्राप्त गर्न सकिन्छ ।

## ६.४ भावी अनुसन्धानका लागि सम्भावित शोध शीर्षकहरू

सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर अध्ययन, अनुसन्धान गर्न चाहने शोधकर्ताहरूका लागि निम्न लिखित शीर्षकहरू नमुना वा उपयोगी बन्न सक्दछन् :

(क) 'अलिखित' उपन्यासको सङ्कथन विश्लेषण,

(ख) 'पालाको पैंचो' कथाको सङ्कथन विश्लेषण,

(घ) 'खै खै' निबन्धको सङ्कथन विश्लेषण आदि ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, शैलेन्द्र (२०६९) *उलार उपन्यासको सङ्कथन विश्लेषण,* काठमाडौँ : कन्दरा पब्लिकेसन ।

आचार्य, तारादेवी (२०६५), *कक्षा १० को नेपाली किताबमा रहेका कथाहरूको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

कार्टर, रोनाल्ड एन्ड अदर (ई. २००१), *वर्किङ विथ टेक्स्ट : अ कोर इन्ट्रोडक्सन टु ल्याङ्वेज एन लिङ्ग्विस्टिक्स एन्ड फोनिटिक्स (पा.सं.),* ब्ल्याकवेल पब्लिकेसन ।

कोइराला, खेम वन्धु र गौतम, राम प्रसाद (२०६५), *अनुसन्धान विधि,* काठमाडौँ :दीक्षान्त प्रकाशन ।

गौतम, देवीप्रसाद (२०६८), *सङ्कथन विश्लेषण, रत्न बृहत् सैद्धान्तिक समालोचना,* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गौतम, रामप्रसाद (२०६१), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ :दीक्षान्त पुस्तक भण्डार ।

गौतम, रामप्रसाद (२०६४), *चिलाउने चौरमा पलाएको मृगतृष्णा,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण : परिचय र पद्धति,* काठमाडौँ : इन्टिलेक्चुअल बुक प्यालेस ।

ढकाल, शान्तिप्रसाद (२०६८), *प्रायोगिक भाषाविज्ञान* , काठमाडौँ : शुभकामना प्रकाशन ।

ढकाल, उर्मिला (२०६७), *मधेसतिर कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६८), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

ढुङ्गेल, ज्ञानु (२०६९), *'के भुल भयो प्रिया गीतको सङ्कथन विश्लेषण,'* प्राज्ञिक संसार वर्ष ४, अङ्क १, काठमाडौं : जुगल पब्लिकेसन प्रा.लि. ।

ढुङ्गाना, तुलसीप्रसाद (२०६५), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : सुजाता प्रकाशन ।

नुनान, डेबिड (ई. १९९३), *इन्ट्रोडक्सिङ डिस्कोर्स एन एनालाइसिस,* इङ्ल्यान्ड : पेन्गुइन पब्लिकेसन ।

पोखेल, गोकुल (२०६९), *एकान्त कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पोखेल, गोकुल (२०६९), *'जङ्गी निशान हाम्रो कविताको सङ्कथन विश्लेषण,'* शब्द संयोजन - वर्ष ११ , अङ्क १, काठमाडौं : लुम्बिनी प्रिन्टिङ एन्ड पब्लिकेसन प्रा.लि. ।

पोखेल, गोकुल (२०७०), *जङ्गी निशान हाम्रो कविताको सङ्कथन विश्लेषण,* अप्रकाशित दर्शनाचार्य अध्ययनपत्र : नेपाली केन्द्रिय विभाग, त्रि.वि. कीर्तिपुर ।

बस्नेत, सुरेशकुमार (२०६७), *कक्षा ९ को अनिवार्य नेपाली किताबमा रहेका कथाहरूको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, गोविन्दराज (२०६२), *'सङ्कथन विश्लेषण एक प्रारम्भिक परिचय', सम्प्रेषण-२,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, गोविन्दराज (२०६५), *'सङ्कथन विश्लेषणको प्रारम्भिक आधार', सम्प्रेषण-५,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पदम (ई. २०१२), *केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भुसाल, केशव (२०७०), *सामान्य भाषाविज्ञान,,* काठमाडौं : पाठशाला पब्लिकेसन ।

भुसाल, केशव (२०६९), *सङ्कथन विश्लेषण, सम्प्रेषण-७,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

राई, पार्जुन (२०७०), *बिदा कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र : नेपाली भाषा शिक्षा विभाग त्रि.वि. किर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६७), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, शङ्कर (२०६७), *गोधूलि संसार (पा.सं.),* ललितपुर : साझा प्रकाशन ।

शर्मा, बालकृष्ण (२०६९),*'म त लाली गुराँस भएछु' गीतको सङ्कथन विश्लेषण ,* प्राज्ञिक संसार, वर्ष ४, अङ्क १ , काठमाडौँ : जुगल पब्लिकेसन प्रा.लि. ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०५५), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।

## परिशिष्ट ‘क’

## पारिभाषिक शब्दावली

अग्रसन्दर्भक (Anaphoric Reference)

अग्रभूमि निर्माण (Foregrounding)

अदृश्य सम्बद्धक (Covert Cohesion)

अधोगमन पद्धति (Automistic Approach)

अनुमान (Speculation)

अनुमेय (Predictable)

अप्रत्यक्ष (Indirect)

असमानता (Dissimilarities)

आगम (Arrival)

आर्थी (Semantic)

आर्थी पुनरावृत्ति (Semantic Repetition)

आर्थी पुनरावृत्ति सम्बन्ध (Relation of Semantic Repetition)

इन्द्रिय र मस्तिष्कको सम्बन्ध (Stimulus Response Relationship)

उद्देश्यको सम्बन्ध (Purposive Relation)

उपमाको सम्बन्ध (Simile Relationship)

ऊर्ध्वगमन पद्धति (Holistic Approach)

कारणको सम्बन्ध (Causal Relation)

कारणवाची (Causal)

कालको पुनरावृत्ति (Temporal Repetition)

क्रियाको प्रतिस्थापन (Substitution of Verb)

क्रियाको लोप (Ellipes of Verb)

गलत शुद्धिकरण (False Correction)

गलत सामान्यीकरण (False Generalization)

गुण वाचक प्रसङ्ग (Demonestrative Reference)

जटिल प्रतिस्थापन (Complex Substitution)

झण्डै पर्याय (Nearly Synonym)

तुलनात्मक प्रसङ्ग (Comparative Reference)

तुलनात्मक सम्बन्ध (Comparative Relation)

थिटा अचिन्हित सम्बन्ध (Theta Unmark Relation)

थिटा चिन्हित सम्बन्ध (Theta Marked Relation)

थिम (Theme)

दुईपुस्ते सम्बन्ध (Descendent Relation)

नामिक प्रतिस्थापन (Nominal Substitution)

नामिक लोप (Nominal Ellipes)

परिचय (Introduction)

परिचयात्मक (Introductory)

परिचयात्मक सम्बन्ध (Introductory Relation)

परिणामको सम्बन्ध (Resultant Relation)

परिवर्तन (Change)

परिवर्तित पुनरावृत्ति (Repetition of Change)

परिवेश र घटनाको सम्बन्ध (Relation between Context & Event)

पश्चसन्दर्भ (Cataphoric Reference)

पाठ (Text)

पुनरावृत्ति (Repetition)

पूर्ण पुनरावृत्ति (Full Repetition)

प्रतिस्थापन (Substitution)

प्रत्यावर्तन (Conditioning)

प्रभाव (Effect)

प्रसङ्ग (Reference)

भगिनीको सम्बन्ध (Sister Relation)

भाषण (Speech)

मानवीय उपयोग (Sister Relation)

मानवीय उपयोगको सम्बन्ध (Relation of Human Use)

रचना (Construction)

रिम (Rheme)

लक्ष्यको सम्बन्ध (Relation of Purpose)

लेख (Article)

लोप (Ellipse)

वर्णन (Description)

वाक्यीय घटक (Components of Sentence)

वाक्यांशको लोप (Ellipse of Clause)

वाक्यांशगत प्रतिस्थापन (clause substitution)

विपरीतार्थी (Antonym)

विपरीतार्थी सम्बन्ध (Relation of Antonym)

विशेषता वर्णन (Discription of Characteristics)

व्यक्तिवाचक विचलन (Grammatical Deviation)

शाब्दिक सम्बद्धन (Lexical Cohesion)

शासन र आबद्धता (Government & Binding)

संयोजक (Additor)

संवाद (Dialogue)

सङ्कथन (Discourse)

सङ्कथनका प्रकार (Types of Discourse)

सङ्कथनका प्रकार्य (Function of Discourse)

सङ्कथनको संरचना (Structure of Discourse)

सङ्कथन विश्लेषण (Discourse Analysis)

सतही सम्बन्ध (Surface Relation)

सन्दर्भ निरपेक्ष अर्थ (Non-meaning Contextual)

सन्दर्भ अर्थ (Contextual Meaning)

समानताको तुलना (Comparison for Similarity)

समानार्थी (Synonym)

संसक्ति (Cohesion)

संयुक्ति (Coherence)

सन्निधान (Collocation)

सरल प्रतिस्थापन (Normal Substitution)

सामाजिक सम्बन्ध (Social Relation)

सामान्यीकरणको सम्बन्ध (Relation of Generalization)

सामान्यीकृत शब्द (Generalized Word)

सुपर अर्डिनेट (Super Ordinate)

स्पष्टोक्ति (Clarification)

स्मरण (Memory)

स्वचालन (Automatization)

## परिशिष्ट 'ख'

# गोधूलि संसार

**- शङ्कर लामिछाने**

खासमा जे लेख्न म बसेको छु त्यसको उपयुक्त शीर्षक यो भएन । तर उपाय छैन अब - यी दुई शब्द टाउकामा ढ्याम्म बास बस्न आइ पुगे, यिनको सत्कार नगरी यी टल्ने होइनन् पनि ।

त, जसका नजरमा यी पङ्क्ति बसिरहेका होलान्, अहिले यो क्षण, ऊ विचार गर्दो हो - 'सन्ध्याकालीन अवस्थाको एक घटना वा दृश्यको वर्णन गर्ने छ शङ्कर ।' 'सायद यो लेख्दा पनि रचना काल गोधूलिकै काल होला ।'शाब्दिक अर्थमा यो बिलकुलै गलत धारणा हो, कारण म बिहान लेखिरहेको छु र सन्ध्या आउन अझै दस घण्टा बाँकी छ । तर पनि लाक्षणिक अर्थमा हो भने माथि सोचेको कुरा अक्षरशः सत्य छ ।

पराजयहरू अनेक प्रकारका हुन्छन्, तीमध्ये सबभन्दा बीभत्स हुँदो रहेछ नैराश्यको । यता केही समयदेखि म त्यसैमा नजरबन्द छु । लेख्नुसिवाय केही उपाय रहन गएको छैन र लेख्न सकेको छैन केही । र मानिसदेखि म त्रसित छु र मानिस बाहेक मेरा लागि विषयवस्तु छैन पनि अभिव्यक्तिका लागि । दसबाह्र दिनमा यसो एक पटक बाहिर निस्कन्छु परिचित अनुहारको तृष्णा मेट्न र बढी तिर्खाएर घर फर्कन्छु । प्रायशः प्रत्येकको एउटै कुशलक्षेम हुन्छ म प्रति - "कसो, आजकाल त लेख देखिन्न नि ?" मानौँ शङ्कर लामिछाने लेख लेख्ने एउटा मेसिन हो, मेसिन मात्र, मानौँ छापाखाना हो जहाँ अक्षर कम्पोज गऱ्यो, सेट गऱ्यो, छापिदियो । प्रश्नकर्ता बेग्लै भए पनि प्रश्न उही भएर होला अगिल्लो पटकको प्रश्न र पछिल्लो पटकको प्रश्नका दुई क्षण एकै क्षण भइ दिए जस्तो लाग्छ मलाई, अनि दसबाह्र दिनको अवधिको मेरो जीवन बिलाउँछ । लाग्छ, म त्यस अवधिबिच बाँचेकै थिइनँ । एक त एकनासेपनको उराठ, दोस्रो घटनाहीन कालावधि, अनि त्यस दिन आइतवार होओस् वा बुधवार मेरा लागि क्यालेन्डर एक बुट्टेदार तस्बिर मात्र बनिदिन्छ । प्रत्येक दिवसको आरम्भ एकै प्रकारले तथा प्रत्येक सन्ध्याको अवसान एकै प्रकारले हुनु जस्तो यो जीवनभन्दा हेय केही छैन ।तर त्यो घृणा स्वयम्बाट जन्मेको स्वयम्प्रति मुखरित भएकाले त्यसले सारा आस्था र सारा विश्वास र सारा आशालाई घाइते तुल्याइदिएको हुन्छ । दिवस, काल, क्षण

प्रति केही मोह रहँदैन । मृत्युसँग प्रत्येक दिन सापट मागेको दिनजस्तो, मानौँ बाँचिदिएको दिन एक ऋणको दिन हो जसमा महाकालको चक्रवर्ती ब्याज पलपल बढिरहेछ, पलपल सापटीको अङ्क थपिँदो छ ।

यो अवस्था गोधूलि संसार हो ।

भीमदर्शन रोकाको एक कविताका दुई पङ्क्ति सम्भिmरहेछु म अहिले -

"एक्लै एक्लै उदासउदास छु म

घाम डुबी तारा नउदाएको आकाश हुँ म ... ।"

२०१३ साल वैशाखमा छापेको त्यस कवितालाई त्यसबेला रोमान्टिसिज्मको चस्माबाट हेर्दा अर्कै मिठो, सुन्दा, प्रेमको क्षणिक बिछोडको न्यानो दर्दमा मुछिएको पाएको थिएँ । आज साढे तेर वर्षपछि कविताका अंश भूत बनेर आएका छन् मेरा समक्ष मसँग यथार्थिक अर्थको जानकारी माग्न । आफ्नै ठानेको जीवन, आफूले ठिक भनी भोगेका, गरेका कार्यहरू कालको संहारबाट भग्नावशेष बनी छरिएको देख्दा सारो चित्त दुख्दो रहेछ । चित्त दुख्ने, तिनको वास्तविक आन्तरिक तत्त्व बुझेर पनि हो ।

यही कुरा भन्न बसेको म ।

खासमा म जोकर हुनुपर्ने मान्छे ।

सितम्बर महिनाको 'कादम्बिनी'मा एउटा ठट्टा छापेको छ । त्यो म यहाँ अनुवाद गर्छु -

"सर्कस म्यानेजरलाई बामपुड्केले उजुर गऱ्यो रे, भीम पहलवानले जहिले पनि चिठी लेख्दा अनेक गल्ती गर्छ र त्यसलाई सच्याउन इरेजर ठानी कागजमा दलिदिन्छ ।"

एकछिन म पनि हाँसे यस ठट्टा उपर । तर त्यसको शाब्दिक अर्थभन्दा बाहिर पुग्दा मलाई सारै पीडा भयो । सर्कसलाई संसार र स्वयम्लाई बामपुड्के ठानेर भीम पहलवान इतिहास मानिदिए - त्यसको अर्थ हुन्छ, इतिहासले गल्ती सच्याउन जहिले पनि व्यक्तिलाई र खास गरी उसको पर्सनालिटिलाई रगडेको हुन्छ र त्यो ठट्टा होइन ।

भन्छन् शङ्कर बिग्रियो । उसलाई रक्सीले बिगाऱ्यो । सारै खान्छ । कति सत्य !

तर के गर्ने ? नशा मेरो नसामा छ । म आँखा खोल्दा जति मात्तिएको, जति होस हराएको हुन्छु, त्यति फ्ल्याट हुँदा हुन्न । होस हराएको बेला मलाई इरेजर बनेकोमा चित्त

दुख्दैन । होस भएको बेला म इरेजर बन्न चाहन्न । देवकोटाले एक पटक यस्तै परिस्थितिमा लेखेथे - "ईश्वर मलाई भेडा बनाऊ ।"आज उनी बाँचेका भए म भन्ने थिएँ - गुरु ! तपाईंको भावनामा मेरो तादात्म्य छ, म सबै बुझ्छु तर भेडा नभन्नुहोस्, कारण भेडा मानिसले तह लगाइ सकेको जन्तु हो, उसमा आत्मग्लानि उम्रिसक्यो । ईश्वरसँग वरदान माग्ने नै हो भने, आत्मग्लानि अनुभव नहुने अवस्थाको जन्तुको रुप किन नमाग्ने ? बरु जङ्गल नै पसौं । त्यहाँ कमसेकम आवरण त छैन, कसैले रौं मात्र काटेर गलैंचाको इन्डस्ट्री त बनाउँदैन । त्यहाँ बाँचिन्छ, मारिन्छ, खाइन्छ र मरिन्छ, अर्काको खुराक बनिन्छ । डाइनिङ टेबुलको पकुवा मासुको आत्मा भए, प्रत्येक पटकको काँटाको मार र वरिपरिका अनुहारको व्यक्तित्व र मनमनै तिनलाई गरेको अभिशापको प्रक्रिया त भोग्नु पर्दैन ! उसले भन्ने थियो - मूर्ख मानिस ! तँलाई किन वैज्ञानिकीकरण गर्नु पर्‍यो ? मानिस त आमाकै दुध चुसेर हुर्किने र ममताको गौरवको ढोङ गर्ने प्राणी हो । जे छ त्यो गोबरमा छ । त्यहीँ प्राण जन्मन्छ । यो प्रकृतिको नियम हो । फोहोरमा जन्म, खाऊ, हुर्क, फोहोर भएर झर र अरुलाई हुर्कन देऊ ।

यो अन्तिम पङ्क्ति खासमा जोकरको जीवन हो । इरेजर बनिदिनु । खासमा म जोकर हुनु पर्ने, तर ईश्वरले एक ठुलो गल्ती गरे मउपर,

महत्त्वाकाङ्क्षा पनि घुसारी दिए टाउकामा । त्यसैकारण न म जोकर बन्न सकें न भीम पहलवान् । जे जति लेखें, लाग्दछ मैले स्वयम् त के इतिहासले पनि मेट्न सक्ने छैन त्यसलाई - र अर्कातिर लाग्दछ इतिहासले मलाई जिउँदै मेटिरहेछ । यस दुई परिस्थितिमा, मेरो के बिहान र के बेलुकी ! यो जन्मै झिसमिसे हो, यो जम्मै गोधूलि संसार हो ।

र, मानिसको वैज्ञानिकीकरणको प्रारम्भ प्रकृतिको सन्तुलन बिगार्नेमा छ । त्यहीँबाट सभ्यता आरम्भ भयो र सभ्यताले समाप्ति पनि त्यहीँ छ । आगोको आविष्कार गर्दा उसले रात्रिको सन्तुलन बिगार्‍यो, सङ्गीतको आविष्कार गरेर उसले रुदनको सन्तुलन बिगार्‍यो । स्वच्छ मनले घ्वाँघ्वाँ रुन सक्नु पनि हामीले बिर्सि सक्यौं । र सायद यही कारण हो, अम्बरका स्वयम् रचनामा, जहाँ गीत, सङ्गीत र स्वरको गोधूलि संसार छ, त्यहाँ मलाई लाग्छ म रुन सफल भएको छु । कमसेकम जङ्गलको एकान्तमा ठुलो रुखमुनि एक्लै एक्लै उदास उदास छु म ... आगो बाल्न नसकेको अवस्थाको वनमानुष हुँ म, र घाम डुबी तारा नउदाएको आकाश हुँ म ।

गुरु, मलाई वनमान्छे हुन मन लागेको कारण छ, कारण के भने त्यहाँ वनमा गरिएका कार्यहरू आत्मरक्षाको लागि गरिन्छन्, त्यसो गर्दा आफ्नो कार्यको औचित्यको व्याख्या गरिरहन पर्दैन । त्यहाँको हिंसाको मुख्य कारण हो त्रास । लुत्रे कुकुरले तर्सेर कुइँकुइँ गऱ्यो भने उसको त्रास ठिक हो भनी मानिसले उसलाई लात दिनु वा मानिस नै स्वयम् कुकुरसँग डराएको छ भने कुकुरले त्यो त्रासको उपयोग गरी उसलाई टोक्नु ।जनावरहरूमा त्रास सुँघ्न सक्ने क्षमता हुन्छ । हामीमा डर उम्रि आउँदा रगतको सञ्चारमा जुन आड्रेनालिनको मात्रा विकसित हुन्छ, त्यो सुँघ्न सक्छन् जनावरहरू । त्यस गन्धकै आधारमा उनीहरू हामीउपर आक्रमण गर्दछन्, कारण ती, जान्छन्, त्रास नै क्रोधको जननी हो र क्रोध उभ्रिनु अघि नै आक्रमण गर्नु पर्दछ । हामीले सभ्यताको सुगन्धमा त्यो मूलभूत कुरा बिर्सियौँ ।

सङ्गीतको यही गोधूलि संसारमा म वनमान्छे बनेको बेला लाग्दछ मलाई, गीतका प्रत्येक शब्दको पर्सनल गन्ध मेरो नाकमा पसिरहेछ सङ्गीतको प्रत्येक लयको स्वाद मेरो जिभ्रोमा रसाइ रहेछ, स्वरका प्रत्येक अभिव्यक्ति मेरो परेलामै जन्मि रहेछ । अनि मेरा ज्ञान र चेतना र सभ्यतालाई म खौरिदिन्छु अनावश्यक ठानी । हेर्न थाल्छु, अम्बरका औँला कसरी हार्मोनियममा चिप्लेटी खेल्दैछन् । औँलाहरूको पनि आफ्नो व्यक्तिगत जीवन हुनु अनौठा होइन ? प्रत्येक औँलाको मुटु छ, मस्तिष्क छ, प्रत्येकमा एउटा आकाङ्क्षा छ छुने, सुम्सुमाउने, समात्ने, घोच्ने, पकडिने, तथा यति गरि सकेर अचेत मनमा तिनको अनुभूति सङ्गृहीत गरि राख्ने । अनि पो हातले स्वतः अनायास नै कुनै नारी, कुकुर, घोडा, बन्दुक, जवाहिरात छुँदा तिनको स्वादको जानकारी भिन्न भिन्न रुपले पाउँछ । छुनुअघि नै औँलाले आफ्नो सञ्चालनको व्यवस्था रोजि सकेको हुन्छ । अनुभवले बताइ सकेको हुन्छ कहाँनिर हुनुपर्छ - नारीको स्तन वा तिघ्रा अथवा घोडाको गर्दन । नत्र किन बिरालाको चिउँडो मुसार्ने, केटाको कपाल सुम्सुमाउने ? हार्मोनियमका रिडमा उसका औँला छोइनु अगि एकछिन स्वयम् थिरकित हुन्छन् हावामा अनि मात्र छुन्छन् चाहिने मात्रामा ।त्यो एक निभेषको जुन क्षण हो, जुन कम्पन हो मानौँ त्यसले स्वरको कौमार्य जाँचेको हो, अनि मात्र स्खलनको आत्मसन्तुष्ट आउँछ त्यहाँ । लाग्छ, मेरो जन्म, जीवन र मृत्यु त्यहीँ सन्निहित छ, त्यस एक क्षणको पनि क्षणमा ।

यसैले लाग्दछ, अम्बरले मेरो शब्द चोऱ्यो । कहिलेकाहीँ लाग्दछ अम्बरले मेरो जीवन नै पो चोऱ्यो । तर त्यस चोरिनुमा जुन सुख छ, जुन सपना छ, त्यो आत्महत्या भन्दा पनि बढी धीत मर्दो छ । प्रत्येक पटक यसरी म चोरिँदा, म लुटिँदा, म भाँचिँदा मलाई लाग्दछ म

अहिरावण झैँ बढी सशक्त बनेको छु । लाग्दछ, म त यस्तो एउटा यौनि हुँ, जसमा इतिहासले वीर्यपात गर्न पनि पैसा तिरिरहेछ । वेश्यामा यदि यो सचेत भावनाको कल्पना गर्न सकिन्छ भने, मलाई पार्वती लामिछाने ठाने हुन्छ ।

र यही महानताको भरमा म बाँचिरहेछु - कारण बिहानैदेखि मेरो नसामा शङ्करको नशा छ, शङ्कर जो गरलपान गरेर पनि कण्ठनील छ, शङ्कर जो, बुढालीनकण्ठ झैँ लम्पसार गरी बसेको छ, शङ्कर जो बिग्रेको छ, शङ्कर जो सर्व संहारकारी छ ।

तर सर्वसंहारी म छैन ? कारण संहार मैले स्वयम्को पनि गर्न समर्थ भएको छैन ! म त जोकर हुनुपर्ने मान्छे । यही हुनुपर्ने र भइनँका बिचको गोधूलि संसारमा म अहिले छु र म जान्दिनँ म लेखक हुँ वा इन्टरप्रेटर ।